२६७
भक्तपुर मासिक
Bhaktapur Monthly
चैत २०७५



# ८०० वर्ष पुरानो भक्तपुरको भाजु पुखु

- विद्यार्थीको पहिलो रोजाइ सामुदायिक विद्यालय हुनुपर्छ
- मार्क्सको समाधिमा एंगेल्सको भाषण
- फ्रान्समा गृहयुद्ध
- मध्यकालिक नेपालमा राजकुलो
- नेवार संस्कृतिका रोटी तथा मिठाइ
- भक्तपुर नगरपालिकाका गतिविधिहरु



भक्तपुर नगरपालिकाद्वारा ख्वप अस्पतालको निर्माण कार्य जारी



भक्तपुर नगरपालिकाद्वारा निर्माणाधिन गयः भिन्योको पुल

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀l{ #^ ⋆ cÆ %⋆ g}; ≠!#( ⋆ lj=; ≠@)&% r}q ⋆ A.D.2019

कार्यालय : कमलविनायक (वडा नं. १० को कार्यालय भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रू. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/

## सन् १९२० तिर धरहराबाट देखिएको काठमाडौंको एक भाग



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

'मानिसलाई सामाजिक परिस्थितिहरू र सामाजिक तत्त्वहरूबाट अलग गरेर हेर्न सकिँदैन ।' –कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुरको भाज्या पुखु ८०० वर्ष पुरानो | – | ३ |
| २) | भाज्या पुखुको प्रारम्भिक प्रतिवेदनको सार | – | ७ |
| ३) | 'सम्पदा संरक्षणमा विज्ञहरूको सुझावलाई मार्ग दर्शनको रूपमा लिनेछौं' | सुनिल प्रजापति | ९ |
| ४) | पानीका स्रोतहरू जोगाई राख्नु हाम्रो कर्तव्य हो | रजनी जोशी | १० |
| ५) | भाज्या पुखुको प्रतिवेदन हस्तान्तरण | – | ११ |
| ६) | इन्जिनियरिङका नयाँ विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण | – | १२ |
| ७) | स्थानीय पथ प्रदर्शक पुनर्ताजगी तालिम सम्पन्न | – | १४ |
| ८) | निःशुल्क मोतिबिन्दुको शल्यक्रिया सम्पन्न | – | १६ |
| ९) | प्रमुख प्रजापतिसँग काठमाडौंको रानीपोखरी पुनर्निर्माण उपभोक्ता समितिका... | – | १७ |
| १०) | बिस्केट जात्रा मार्गका तारहरू व्यवस्थित गरिने | – | १८ |
| ११) | आधारभूत तहमा अध्यापनरत शिक्षकहरूको प्रशिक्षण | – | १९ |
| १२) | ज्ञानबहादुर न्याइच्याईको आठौं स्मृति सभा सम्पन्न | – | २१ |
| १३) | भक्तपुर नपामा नयाँ प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीलाई स्वागत | – | २३ |
| १४) | कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला गोष्ठी | – | २४ |
| १५) | भक्तपुर नपाद्वारा प्रशिक्षकहरूको तालिमसम्बन्धी भेला | – | २५ |
| १६) | भक्तपुर नपाको स्थानीय पाठ्यक्रमबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न | – | २८ |
| १७) | पथप्रदर्शक पुनर्ताजगी कार्यक्रम | – | २९ |
| १८) | रानीपोखरी पुनःनिर्माणमा भक्तपुरबाट प्राविधिक सहयोग हुने | – | ३० |
| १९) | अन्तरनगर कराते प्रतियोगिताको सिंहावलोकन तथा वडाहरूलाई ... | – | ३१ |
| २०) | समाजलाई बुझ्न महिलाहरूले राजनीतिक साहित्यको अध्ययनमा जोड दिनुपर्ने | – | ३२ |
| २१) | 'परिवर्तनका लागि महिलाहरू राजनीतिमा लाग्न आवश्यक' | सुनिल प्रजापति | ३३ |
| २२) | भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र नेपाल ट्रस्टका पदाधिकारीबीच छलफल | – | ३५ |
| २३) | विद्यार्थीको पहिलो रोजाइ सामुदायिक विद्यालय हुनुपर्छ | – | ३६ |
| २४) | प्रसिद्ध बिस्केट जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सरोकारवालाहरूको बैठक | – | ३७ |
| २५) | भक्तपुरको च्याम्हासिंहमा आँखाको शल्यक्रियाको सुविधा हुने | – | ३९ |
| २६) | भक्तपुर नपाबाट प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलको बिदाइ | – | ५१ |
| २७) | गय:भिन्यो हनुमन्ते पुल निर्माण कार्य | – | ५२ |
| २८) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ५५ |
| २९) | कार्ल मार्क्सको समाधिमा एंगेल्सको भाषण (१) | – | ६१ |
| ३०) | फ्रान्समा गृहयुद्ध | हरि राम सुवाल | ६३ |
| ३१) | मध्यकालिक नेपालमा राजकुलो पद्धति : ऐतिहासिक अध्ययनको रुपरेखा | देविचन्द्र श्रेष्ठ | ६५ |
| ३२) | नेवार संस्कृतिका रोटी तथा मिठाईबारे एक अध्ययन | ओम धौभडेल | ६९ |
| ३३) | बाघहितिको छोटो परिचय- | प्रेम प्रसाद काफ्ले | ७२ |
| ३४) | चिनियाँ भाषा र संस्कृति कक्षामा सहभागी हुँदा | सुन्दर राजचल | ७४ |
| ३५) | काठमाडौं रानीपोखरी पुनर्निर्माण भक्तपुरको हातमा आएको जिम्मेवारी | सहयोग रञ्जित | ७६ |
| ३६) | जाग्यो रानीपोखरी पुनर्निर्माणको आश | विशाल सापकोटा | ८० |
| ३७) | SKETCHES FROM NIPAL (35) | Henry Ambrose Oldfield | ८३ |
| ३८) | भाजु पुखुको इतिहास सच्चिँदै (सम्पादकको पृष्ठ) | – | ८८ |


### साथमा


वडा नं. ९ मा फिजिकल फिटनेस सामग्री उद्घाटन-१३/सिद्धिगणेश कप २०७५ को उद्घाटन सुरू-१५/काँक्रेविहार पुनःनिर्माणमा भक्तपुरका कर्मी-२०/व्यापारीकरणले सामुदायिक विद्यालयको गुणस्तर खस्किँदै-२२/मिस्टर पावर तथा मिस पावर-२६/मानव अंग प्रत्यारोपण केन्द्रलाई हेमोडाइलाइसिस मेशिन हस्तान्तरण-२७/आधारभूत तह कक्षा ८ को परीक्षा सुरु-३०/सभ्य समाज निर्माणको लागि खेलकुदको आवश्यकता-३४/मृगौला, मधुमेह, रक्तचाप र पिसाब परीक्षणसम्बन्धी स्वास्थ्य शिविर-३८/नियमित स्वास्थ्य जाँच गरौं-४०/वडा ३ मा खकार परीक्षण शिविर-४०/भक्तपुरका दुई चेली सम्मानित-४१/विद्यार्थीको कमजोरीमा जिम्मेवार विद्यालय र शिक्षक हुने-४२/रंगीन पृष्ठ-(४३-४६)/सस्तो-गुणस्तरीय शिक्षा र सेवा भावको उद्देश्यले शैक्षिक संस्थाहरूको स्थापना हुनुपर्ने-४७/व्यक्तिगत स्वार्थभन्दा समाजको सेवा गर्न विद्यार्थीलाई अभिप्रेरित गर्नुपर्ने-४८/देश र समाजको सेवा गर्न विद्यार्थीलाई शिक्षा दिनुपर्ने-४९/विद्यार्थीहरूलाई किताबी ज्ञान सँगसँगै व्यवहारिक र नैतिक शिक्षा दिनु आवश्यक-५०/भक्तपुर नगरको सबै तार भूमिगत गरिने-५०/जर्मन सांसदहरू भक्तपुरमा-५२/भक्तपुर नपाद्वारा बजार अनुगमन-५३/अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम-५३/पाक्षिक सफाइ कार्यक्रम-५४/बसिबियाँलो-७१/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-७१/ भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ फागुन महिनाको प्रतिवेदन-७३/नेपालको संविधान २०७२, भाग-३२, विविध (४२)-८५/तपाईंको भान्सा:पायल्समा के खाने, के नखाने ?-८६/माघ महिनाको पर्यटक तथ्याङ्क-८७ ।



## ‘भाज्या’ पोखरी जीर्णोद्धारको प्रारम्भिक प्रतिवेदनसम्बन्धी अन्तरक्रिया

# भक्तपुरको ‘भाज्या’ पुखु ८०० वर्ष पुरानो

भक्तपुर नगरपालिकाको आयोजनामा फागुन २७ गते ऐतिहासिक भाज्या पोखरी जीर्णोद्धारको प्रारम्भिक प्रतिवेदनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा इतिहासविद्, संरक्षणविद्, जनप्रतिनिधि, नपाका शाखा प्रमुखहरू र विभिन्न क्षेत्रका सारोकारवालाहरूको उपस्थिति थियो । कार्यक्रममा प्रस्तुत राय सुझावसहितको मन्तव्यहरू संक्षेपमा पाठकहरूको जानकारीको लागि यहाँ दिइएको छ–

### प्रेम सुवाल, संघीय सांसद, नेमकिपा



तत्कालीन सरकारहरूले सम्पदा संरक्षणमा ध्यान नदिंदा वा संरक्षण नगर्दा कयौं सम्पदाहरू लोप भइसकेका छन् । पोखरी, पाटी–पौवा, सत्तललाई समेत निजी बनाउने र सार्वजनिक सम्पदाहरू तथा पर्ती जग्गाहरू किनबेच हुन थालेका छन् ।

जिम्मेवार पदमा बस्नेहरूले गरेको गल्तीले देशलाई अपूरणीय क्षति पुग्ने हुँदा सम्पदाहरूको ऐतिहासिकताबारे अध्ययन–अनुसन्धान गरी जीर्णोद्धार र पुनःनिर्माण कार्यलाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार खर्चिलो र चुनौतीको विषय हो । मानव सभ्यताको विकासलाई जोडेर भाषा, सभ्यता र वास्तुकलाको संरक्षण गर्नु आवश्यक छ ।

पुर्खाले सिर्जेको सभ्यताको प्रतिक सम्पदा नयाँ पुस्ताको लागि संरक्षण गर्नु हाम्रो दायित्व हो । स्वच्छ वातावरण कायम गर्न, प्रदूषण नियन्त्रणको निम्ति पोखरीले महत्त्वपूर्ण भूमिका खेलेको र त्यसको उचित सरसफाइको आवश्यकता देखिन्छ ।

### सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका



भक्तपुरका पुरातात्त्विक र ऐतिहासिक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण गर्ने भावनाले भक्तपुर नगरपालिकाले केही दशक अगाडिदेखि सम्पदा संरक्षणतर्फ पाइला चालेको र प्राचीन स्मारक संरक्षण ऐनलगायत सम्पदा संरक्षणसम्बन्धी ऐन नियमहरू, सम्पदाविद्, इतिहासविद् र संस्कृतिविद् तथा स्थानीय जनताको अनुभवलाई मार्गदर्शनको रूपमा लिई अगाडि बढिरहेका छौं ।

सिद्धपोखरी जीर्णोद्धारको अनुभवलाई ध्यानमा राखी पानी चुहिने सम्भावना भएका पोखरीका छेउमा कालोमाटो

भर्ने र पोखरीको बीच भागमा भएको मन्दिरबारे अध्ययन–अनुसन्धानमा ध्यान दिइरहेका छौं। भाज्या पुखु काठमाडौंको रानी पोखरीबाट प्रभावित भएर भाजु कसले बनाएको किंबदन्ती भए पनि भाज्या पोखरी काठमाडौंको रानी पोखरीभन्दा करिब ५०० वर्ष पुरानो देखिएको प्रतिवेदनमा उल्लेखित बुँदाबारे थप छलफलको आवश्यकता महसुस गरी विज्ञहरुबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिरहेका छौं।

ऐतिहासिक भाज्या पोखरी जीर्णोद्धारको प्रारम्भिक प्रतिवेदनले भाज्या पोखरीको नयाँ इतिहास सुरु हुनेछ र अध्ययन–अनुसन्धानबाट पत्ता लागेअनुरूप गुणस्तरीय ढंगले सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार कार्यलाई अगाडि बढाउनेछौं।

## रजनी जोशी, उपप्रमुख, भक्तपुर नपा



भक्तपुर नगरपालिकाले नगरभरिका पोखरी पुनःनिर्माण र जीर्णोद्धार गरिरहेको छ र भाज्या पुखुको प्रारम्भिक प्रतिवेदनअनुरूप यसको पुनःनिर्माण कार्य अगाडि बढ्नेछ। पोखरीको मौलिक प्रविधिमा पुनः निर्माण भइसकेको र यस पोखरीको केन्द्रमा अवस्थित मन्दिर, प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठको टोलीले गरेको अध्ययनको आधारमा पुनः निर्माण गर्न गइरहेका छौं। आजको कार्यक्रमबाट आएका सुझावहरू सहित भ.न.पा.ले ग्रहण पश्चात् निर्माणको शुरुवात गर्ने छौं। हामीलाई पूर्ण विश्वास छ कि यो पोखरी र मन्दिर परिसर पुनः निर्माण पश्चात् भक्तपुरको पर्यावरणमा केही हदसम्म सुधार आई हाम्रो संस्कृतिको जीवन्ततासँगै यस स्थान सुन्दर, रमणीय बन्नेछ र हाम्रा नगरवासीलगायत देश विदेशबाट आउनुहुने सम्पूर्ण पर्यटकहरूले यहाँको सुन्दरताको भरपूर आनन्द लिनेछन् र काठमाडौंको रानी पोखरीले यहाँको अनुकरण गरे जस्तै अन्य स्थानहरूले पनि गर्नेछन् भन्ने विश्वास लिएका छौं।

## नारायणप्रसाद भट्ट, प्रमुख जिल्ला अधिकारी, भक्तपुर



भक्तपुर नगरपालिका जनताको नजिकको सरकारको रूपमा स्थापित भएको र यस अनुसन्धानले पुनःनिर्माणमा मद्दत पुग्नेछ। भविष्यमा भक्तपुर विश्वको मौलिकता बोकेको सहर र अध्ययन अनुसन्धानको लागि उपयुक्त सहरको रूपमा विकास हुनेछ।

भक्तपुर नगरपालिकाले अलिक बढी प्रशंसनीय ढंगले काम गरिरहेको छ। संविधानले निश्चित गरेको कार्यभन्दा पनि पृथक हिसाबले स्थानीय सरकार, जनताको नजिकको सरकारको अनुभूति दिने गरी आफ्नो गतिविधि अगाडि बढाएको छ। भक्तपुर नपाले भाजु पोखरीको अनुसन्धानमा पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा कार्यदल गठन हुनु 'सही कामको लागि सही व्यक्ति' ठहर्नेछ। उहाँको टीमले अति धेरै मिहिनेत गरी ६ महिनामा सबै चिजलाई हरेक हिसाबले विश्लेषण गरी आफ्नै खालको महत्त्व निकाल्ने अध्ययनको निचोड भएको देखिन्छ।

पोखरी पुनःनिर्माणले भक्तपुर सहरलाई कस्तो बनाउने भन्ने बहस सिर्जना गर्ने देखिन्छ। भक्तपुर सहर विश्वको मौलिकता बोकेको, सारा मान्छेहरू आउने र संस्कृति, सम्पदा र इतिहासले लम्केको सहर बन्नेछ। पोखरीको अन्वेषणबाट धेरै कुराहरू पत्ता लागेको, पानीको स्रोत के रहेछ, वितरण प्रणालीबारे थाहा भएको छ। हिजो बनेका सारा धाराहरूलाई पुनःजीवित बनाउन सकिन्छ भन्ने अध्ययनले देखाएको छ। भक्तपुर कस्तो सहर बनाउने भन्ने सन्दर्भमा यो अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेल्नेछ।

## डा. पुरुषोतमलोचन श्रेष्ठ, इतिहासविद्



भाज्या पोखरीको प्रारम्भिक प्रतिवेदन अध्ययनबाट यो पोखरीको निर्माण १२ औं शताब्दीमा बनेको देखिएको छ। इतिहास विज्ञानसम्मत हुने र अध्ययन–अनुसन्धानले रानी पोखरी र भाज्या पोखरीले एकले अर्कोलाई हेर्ने ऐनाको रूपमा प्रस्तुत भएको छ।

भाज्या पोखरी काठमाडौंको रानी पोखरीभन्दा करिब पाँच सय वर्ष पुरानो अनुसन्धानले देखाएको छ। पोखरीको मध्य भागमा अवस्थित शिखरशैलीको मन्दिरमा जलेश्वरको मूर्ति रहेको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

## भेषनारायण दाहाल, पुरातत्त्व विभागका पूर्व महानिर्देशक



भाजु पुखुबारे अध्ययन अनुसन्धान गरेकोमा पुरुषोत्तमलोचन सरलाई धन्यवाद दिन चाहन्छु। विज्ञहरुको सुझाव संकलन गरी प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रमले भविष्यमा आउने विवादलाई

कम गर्न मद्दत पुग्नेछ। शिखरशैलीको मन्दिरमा मलाई लागेको कुरा राख्न चाहन्छु। शिखर शैली हो तर पञ्चरत्न हो कि सप्त रत्न हो कि त्यसमा स्पष्ट पारिदिनुहुन अनुरोध गर्दछु। जस्तो इँटा पहिलेको साइज थियो, त्यस्तै इँटालाई भट्टामा अर्डर गरी पुनः बनाउन दिनुपर्छ। यसो गर्दा त्यसको प्राचीनता, मौलिकता, पुरातात्त्विक महत्त्व जस्ताको त्यस्तै हुनेछ। पुरानै आकारप्रकारका इँटा बनाउन लगाई मौलिकता जोगाउनेतर्फ ध्यान दिनु उचित देखिन्छ।

### लक्ष्मणराज ज्ञवाली, गुठी संस्थानका पूर्वनिर्देशक



भक्तपुर नपाले ज्यादै सराहनीय काम गरेको छ। देशका अरु स्थानीय तहले पनि धार्मिक, सांस्कृतिक, पुरातात्त्विक क्षेत्रको उत्खनन, संरक्षण र सम्बर्द्धन गर्ने पाठ सिक्नुपर्छ। म गुठी संस्थानको सञ्चालक समितिको अध्यक्ष हुँदा सिम्रौनगढ गएको थिएँ। सिम्रौनगढलाई पुनःनिर्माण र व्यवस्थित गर्ने सन्दर्भमा दुई दिनको गोष्ठी गरेका थियौं। छलफलमा एकजना विद्वानले भन्नुभयो – एकजना कायष्ठ भन्ने मान्छेले बनाउँदै गर्दा काठमाडौं गएको कुरा भन्नुभयो। त्यतिबेला डिजाइन, कालीगढ कायष्ठ थिए र उनी कुनै विवादको कारण कान्तिपुर गए भन्ने टिपोट भेट्टाएका थियौं। सिम्रौनगढ पुगेर पुराना कुरा अनुसन्धान गर्नुपर्ने आवश्यकता देखिन्छ।

### तेजेश्वरबाबु ग्वंग, संस्कृतिविद्



पुरुषोत्तमजीले गर्नुभएको काम उच्चत्तम छ। विभिन्न कोणबाट आयामिक सुझाव माग्नुभएको छ, त्यो अत्यन्त सराहनीय छ। नगरपालिकाको प्रतिबद्धता यसप्रति कति छ भन्ने कुरा स्पष्ट हुन्छ। नगर प्रमुख सुनिल प्रजापतिज्यूले प्रस्तुत गर्नुभएको अभिव्यक्ति अत्यन्त महत्त्वपूर्ण र सान्दर्भिक छ। त्यसमा समावेश कुराहरू महत्त्वपूर्ण छन्।

उपप्रमुख रजनी जोशीज्यूको प्रस्तुती पोखरीको सिलसिलामा पर्यावरणीय सन्तुलन, पोखरीहरूको पानी भरिभराउ भएपछि वितरण प्रणाली ढुंगेधाराबाट हुने कुरा प्रस्तुत २१ औं शताब्दीमा इकोलोजिकल ब्यालेन्स गर्ने रूपमा अगाडि आइरहेको छ। यो प्रतिवेदन अंग्रेजीमा पनि प्रकाशित गर्नुपर्ने देखिन्छ। भाषा शास्त्रीय दृष्टिकोणले यसभित्र समावेश भएका नेतृत्व शास्त्रका कुरालाई भाषा शास्त्रीय दृष्टिकोणबाट विश्लेषण गर्नुपर्ने देखिन्छ।

पढेरमात्र सबै कुरा थाहा नहुने, खोजी र अनुसन्धानले पुराना कुरा पनि पत्ता लाग्ने हुँदा भाज्या पुखुको अन्तिम प्रतिवेदन प्राप्त भएपछि पुस्तकको रूपमा प्रकाशन गर्नुपर्ने र भाषिक संस्कार र संस्कृति उजागर गर्ने अनुसन्धानमा जोड दिनु उपयुक्त हुन्छ। संस्कृति र इतिहासमा अध्ययन अनुसन्धानमा जोड दिनुपर्छ। नगरपालिकाले यस्तो काम गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। यो प्रतिवेदनबारे फेरि बसेर छलफल गर्नुपर्छ।

### प्रा.डा. मोहनमूर्ति पन्थ



भाजु पोखरीको मौलिक र परम्परागत ऐतिहासिक अध्ययनमा विशिष्ट स्थान रहेको छ। पोखरीहरूको धाराहरूको अनुसन्धानको लागि धन्यवादका पात्र हुनुहुन्छ। मन्दिर कस्तो स्वरूपमा निर्माण गर्ने भन्ने कुरालाई आधार बनाई निर्माण गर्नुपर्छ। प्राप्त इँटा र स्वरूपअनुसार मौलिक शैलीमा निर्मित विभिन्न ठाउँको वस्तुहरूको सोधखोज गरी त्यसको आधारमा पोखरी र पोखरीबीचको मन्दिर निर्माणमा अगाडि बढ्नु राम्रो हुनेछ।

### मीनराज चौधरी, निर्देशक गुठी संस्थान



महत्त्वपूर्ण विषयमा सामूहिक र साझा प्रयासबाट प्रतिवेदन सार्वजनिक गर्ने काममा सफलताको कामना गर्न चाहन्छु। भाज्या पुखुको संरक्षण कति क्षेत्रफलमा बनेको छ र संरचनागत व्यवस्थापकीय पक्षले गर्दा कसरी गरेको छ भन्ने कुरा कोट्याउनुपर्दछ जस्तो लाग्छ।

### हरि सुवेदी, प्रमुख, गुठी संस्थान भक्तपुर



उपयोगी कार्यक्रमको लागि पुरुषोत्तम सरको अध्ययन प्रशंसनीय छ। इँटा र मूर्तिसहितको अध्ययनले यो कुन कालको पोखरी थियो र कस्तो थियो भन्ने कुरा प्रतिवेदनले प्रस्ट गरिरहेको छ। धेरैले सुझाव दिइसकेकोले मेरो यसमा केही सुझाव छैन। गहिरो अध्ययनबाट ल्याएको प्रतिवेदन राम्रो लाग्यो।



**प्रेम सिंह बस्न्यात, पूर्व जर्नेल, नेपाली सेना**



काठमाडौं, पाटन, भक्तपुर, कीर्तिपुर त्यस्तै भारतका विभिन्न सहरमा कोटघरहरू छन्। अंग्रेजीमा फोर्ट भन्नाले किल्ला मानिन्छ। यसमा सेनाका बन्दुक, गोली, बारुद राखिन्छ। क्यासल अर्थात कोटघरमा सेना पनि हुन्छ, कृषक, गाइपालक पनि हुन्छ। कान्तिपुरको क्यासल (कोटघर) मा १३–१४ ओटा ढोकाहरू छन्। त्यहाँ मन्दिरहरू पनि छन्। वर्षमा एकपटक अहिले पनि कान्तिपुरका मान्छेहरू त्यहाँ पूजा गर्न आउँछन्। कान्तिपुरको क्यासलको ढोका अगाडि पोखरीहरू छन्। त्यसले हमला गर्न आउने दुस्मनको निम्ति असजिलो हुन्छ। काठमाडौंमा रहेको रानी पोखरी अगाडि पनि ढोकाहरू छन्। चीन, कोरिया, जापानका दरबारहरू अगाडि पनि पोखरीहरू छन्।

काठमाडौं, पाटन, भक्तपुरका कोटका ढोकाहरू र पोखरीहरू पत्ता लगाउन सके ढोका अगाडि पर्खाल पनि भेटिने छन्।

प्रतिवेदनका लागि प्राध्यापक पुरुषोत्तम सरलाई मुरी मुरी धन्यवाद।

**कल्पना प्रजापति, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालयका प्रतिनिधि**



मोहनसिंह लामाजी यो अध्ययन समूहमा सहभागी हुनुभएको हुँदा पुरुषोत्तम सरले गर्नुभएको अध्ययन गहन भएकोले धन्यवाद दिन चाहन्छु।

## भाजु पोखरीको अध्ययन कार्यदल

भक्तपुर नपाको २०७५ साउन २९ गते बसेको बोर्ड बैठकले भाज्या पोखरी ऐतिहासिक प्रमाणको आधारमा मौलिक शैलीबाट पुनःनिर्माणको लागि आवश्यक अध्ययन र प्रतिवेदन तयार गर्न गठन गरेको कार्यदल–

| | |
|---|---|
| संयोजक – | प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ, इतिहासविद् |
| सदस्य – | मोहनसिंह लामा, कार्यालय प्रमुख, स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय, भक्तपुर |
| सदस्य – | सरस्वती सिंह, कार्यालय प्रमुख, राष्ट्रिय कला सङ्ग्रहालय, भक्तपुर |
| सदस्य – | प्रो. विश्वमोहन जोशी, इतिहासविद् |
| सदस्य सचिव – | आ.ई. रामगोविन्द श्रेष्ठ, योजना तथा सम्पदा शाखा प्रमुख, भनपा |
| सदस्य – | ई. सूर्यभक्त खर्बुजा, सम्पदाशाखा, भनपा |

**कार्यक्रममा प्रस्तुत प्रारम्भिक प्रतिवेदनको सार**

# भाज्या पुखु



प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ प्रतिवेदन प्रस्तुत गर्नुहुँदै

भक्तपुर पोखरीहरूको पनि शहर हो । यस शहरको पश्चिम, वडा नं.१ मा ठूला पोखरीहरू छन् । त:पुखु (सिद्धपोखरी), न:पुखु (गुह्य पोखरी), रानी पुखुलगायत भाज्या पुखु (भाज्या पोखरी) उदाहरणस्वरूप छन् । धार्मिक–सांस्कृतिक दृष्टिले मात्र नभएर ऐतिहासिक एवं पुरातात्त्विक दृष्टिले समेत यी पोखरीहरू महत्त्वपूर्ण छन् । नेपालमण्डल (काठमाण्डौ उपत्यका) मा रहेका ठूला पोखरीहरूमध्ये भक्तपुर नगरपालिका, वडा नं.१, दूधपाटी टोलका पोखरीहरू पनि अपवाद होइनन् ।

मध्य भागमा सुरिलो शिखरमन्दिरसहितले सुरम्य हुने गरी बनेका दुर्लभ पोखरीहरूका प्रसङ्गमा, नेपालमण्डलका प्राचीन, ठूला पोखरीहरूमध्येको एक माउ पोखरी भाज्या पुखु हो भनी मान्न सकिन्छ । ईस्वीको बाह्रौं शताब्दीमा यो पोखरी बनेको थियो । भक्तपुरले नेपालमण्डलको राजधानी बन्ने सुरसार कसेको समयतिर सिद्धपोखरीसँगसँगै त्यसकै समीपमा बनेको पोखरी यो थियो । यस पोखरीको बीचमा शिखरशैलीको सुन्दर मृण्मन्दिर थियो । हाम्रो अन्वेषणबाट सो मन्दिर शिवमन्दिर थियो भन्ने देखिन आएको छ । जलाशयको मध्यभागमा बनेको मन्दिरमा स्थापित शिवलिङ्गलाई सांस्कृतिक जीवनले जलेश्वर महादेवको रूपमा मान्दै पुज्दै आएको पाइन्छ । कान्तिपुरस्थित रानीपोखरीको शिवलिङ्ग होस् वा भक्तपुर दधिकोटस्थित चरखण्डीस्थानको खोलाको मध्यभागमा स्थापित प्रकृतिउत्पन्न स्वयंभूलिङ्ग होस् वा जनकपुरधामको महोत्तरी जिल्लाको जलका महादेव होस्, ती सबै जलेश्वरकै रूपमा पुजिँदै आएको पाइन्छ । जलका ईश्वर जलेश्वर !

भक्तपुर शहरभित्र साना पोखरीहरू छन् । शहरबाहिर भने भार्वाचोभेकमा मात्र ठूला पोखरीहरू त:पुखु, भाज्या पुखु, न:पुखु, रानी पुखु छन् । यो भेक अन्यत्र स्थानका तुलनामा केही उच्च भागमा छ । त्यस्तै भक्तपुर शहरबाहिर पूर्वमा पनि यीभन्दा केही साना तर शहरभित्रका अन्य पोखरीहरूका तुलनामा ठूला पोखरीहरू छन् । यातुबहारे पुखु (कमलपोखरी) र लामगाल पुखु उदाहरणस्वरूप छन् । यसरी शहरीबस्तीबाहिरका उच्च भागमा किन ठूला पोखरीहरू बनेका होलान् भन्ने कुरा विचारणीय छ । यस कुराको उत्तर ललितपुर र कान्तिपुरका ठूला पोखरीहरूलाई पनि प्राचीन शहरी बस्ती बसाइँका परिप्रेक्षमा हेरेर खोज्नुपर्ने हुन्छ । कान्तिपुर शहरबाहिर पूर्वमा नागपोखरी, रानीपोखरीलगायत तथा ललितपुर शहरबाहिर दक्षिणमा सप्तपाताल र कुमारीपाटीभेकको त पुखु नमुनाका रूपमा लिन सकिन्छ । नेपालमण्डलका यी ठूला पोखरीहरूको मूल जलस्रोत आसपासको उच्चभागबाट बहने खोला वा नदीको मुहानबाट राजकुलो हुँदै अन्य ठूलो कुलोबाट आउने पानीलगायत एवं वर्षाकालमा जम्मा हुने पानी पनि हो भन्ने देखिन्छ । माथिबाट मन्तिर बग्नु पानीको प्रधान प्राकृतिक–नियम हो । जे होस्, यी ठूला पोखरीहरू यसको आसपासका साना सहायक पोखरीहरू, ईनार, ढुङ्गेधारा, कुवा आदिका पनि स्रोत हुन् र त्यसकै निदानका लागि यसरी ठूला पोखरीहरू बनेका हुन् भन्ने कुरा जानिन्छ । त्यसैगरी शहरभित्रको विशेषगरी भार्वाचो, इताछेंमा पोखरीका पानी विशेष निकासका माध्यमबाट ढुङ्गेधारा, कुवा, इनारमा पठाएर, सदाकाल पानीको प्रबन्ध सबैतिर सर्वसुलभ ढङ्गले भइरहोस् भन्नाका लागि, शहरबाहिरका खेतहरूमा पानी लाउनका लागि, आसपासका दिगुद्य:हरूको पुजाप्रबन्धका लागि पवित्र जल लिन, तीर्थस्नान गर्न आदि अनेक बहुउपयोगका लागि बनेका हुन् भन्ने कुरा पनि दृष्टिगोचर हुन्छ । कान्तिपुरको रानीपोखरी होस् वा भक्तपुरको भाज्या पुखु होस् ! ठूला पोखरीहरूका आसपासमा सहायक पोखरीहरू, ढुङ्गेधारा, कुवा, ईनार, जलद्रोणी आदि पनि मूल पोखरीहकै अभिन्न अङ्गकै रूपमा रहेका हुन्छन् । ती पनि पोखरीवास्तुकै अभिन्न अंश हुन् भन्ने कुरा बिर्सनु हुन्न । पोखरीमा पानी जम्मा भएपछि वा भरीभराउ भएपछि बढ्ता भएको पानी बाहिर जाने निकास पनि बनेका हुन्छन् । सिद्धपोखरीको बढी भएको पानी यसको सहायक इनमा पुखुमा जम्मा हुन्थ्यो ।

सिद्धपोखरीको केही पर उत्तरमा भिरालो परेको भागमा कुवा छ। नःपुखुको बढी भएको पानी यसको सहायक कालदहचामा जम्मा हुन्छ। कान्तिपुरको रानीपोखरी आसपासमा पनि सहायक पोखरी र ढुङ्गेधाराहरू छन्। हाम्रो भाज्या पुखु पनि यस कुराको अपवाद होइन। असगःहिति, बजिगांचाहिति, मिवा हिति उदाहरणस्वरूप छन्। भाज्या पुखुको दक्षिणतर्फका खेतका कान्लाहरूमा केही दशक अघिसम्म पनि कुवाहरू थिए। भार्वाचोमै पनि इनार र जलद्रोणीहरू छन्। शहर पस्ने पश्चिमाभिमुख सेतो भार्वाचोध्वाका सामुन्नेको कुनामा मध्यकालीन ढुङ्गेधाराको कलात्मक सुन्दर टुटो परित्यक्त अवस्थामा देख्न सकिन्छ। वर्षाकाल बित्न लाग्दा पनि पानी नपरेर हाहाकार हुन पुग्ने जनजीवनले 'हर हर महाद्यः वा वय् द्यः' भनी यी नै पोखरीहरू परिक्रमा गर्न जाने संस्कृति आज पनि जीवन्त छ। यस प्रकार यी उदाहरण र प्रमाणहरूका आधारमा भाज्या पुखुमात्र नभएर नेपालमण्डलका ठूला पोखरीहरू एउटै अभिप्रायले मात्र नभएर अनेक बहुउपयोगी अभिप्रायले अनेक माध्यमबाट सर्वत्र जल वितरण गर्न बनेका विशेष जलभण्डार हुन् भन्ने कुरा थाहा पाइन्छ। र, यी मन हर्ने जलाशयहरू तत्कालीन समयमा शहरी सुन्दरता, शोभा र प्रतिष्ठाका प्रतीकमात्र नभएर राजनैतिक- कूटनैतिक जमघटलगायत सांस्कृतिक विधिविधान सम्पन्न गर्ने खुला आकाशमुनिका प्रकृति र पर्यावरणमैत्री वातावरणसित सुहाउने खुला तीर्थस्थल समेत थिए।

पूर्वमध्यकालीन नेपालको राजधानीशहर भक्तपुरका दुई ठूला पोखरीहरूबाट प्रेरित भएर नेपालमण्डलमा साना-ठूला पोखरीहरू परवर्तीकालका अनेक कालखण्डमा बनेका हुन् भनी मान्न सकिन्छ। भाज्या पुखुको अन्वेषण र उत्खनन हुनु अघिसम्म हामीलाई पनि लागेको थियो कि वास्तुशैली उस्तै मिलेकाले कान्तिपुरको रानीपोखरी (ने.सं.७९०/ वि.सं.१७२७) बाट प्रेरित भएर भाज्या पुखु बनेको हुनुपर्छ। तर भाज्या पुखु रानीपोखरीभन्दा पनि करीब पाँचसय वर्ष पुरानो देखिन आयो। कुरा त स्पष्ट छ, नेपालमण्डलको राजनैतिक विभाजनपछि स्वतन्त्र राज्यका रूपमा देखापरेका तीन मल्लराज्यबीच एकले अर्कोलाई उछिन्ने कलाकृति बनाउने प्रतिस्पर्धात्मक प्रवाह चल्यो। कान्तिपुरको रानीपोखरी पनि त्यस कुराको एउटा सुन्दर उदाहरण हो। राजनीतिले राज्यलाई विखण्डन गर्न सक्छ, संस्कृति र संस्कारलाई होइन। भक्तपुर त तीनवटै राज्यको मूल राजकीय बासस्थान थियो। राजनैतिक रूपले कान्तिपुर, ललितपुर र भक्तपुरबाट छुट्टिएर गए तापनि सांस्कृतिक रूपमा छुट्टिएको थिएन। सारा मल्लहरूको वा भनौं नेपालमण्डलको सांस्कृतिक मूल थलो भक्तपुर नै थियो। आफ्नो मूल बासस्थानका उच्चतम देवीदेवताहरूका प्रतिरूपहरूलाई ललितपुर र कान्तिपुरका मल्ल राजाहरूले आ-आफ्नो राज्यमा प्रतिष्ठापित गर्दै लगे। यसो हुँदा राजा प्रतापमल्लले आफ्नो पुर्खाको मूल थलोको भाज्या पुखुलाई हेरेर त्यस्तै, तर त्योभन्दा पनि दुई गुना ठूलो हुने गरी रानीपोखरी बनाई छाडे। रानीपोखरी भाज्या पुखुकै तर बृहत् आकारको सुन्दर प्रतिरूप थियो।

भाज्या पुखुको मध्यभागमा मन्दिर थियो भन्ने कुरा हाम्रो अन्वेषण र उत्खनन अघिसम्म पनि कसैलाई थाहा थिएन। यो कुरा महत्त्वपूर्ण र विचारणीय थियो। सो मन्दिर मल्लकालको उत्तरार्द्धतिर आइपुग्दा नै जीर्णोद्धारको अभावमा भत्किएर, विस्मृतिमा परेर डम्फुमा परिणत हुनपुगेको थियो। यसैकारण मल्लकालपछिका पुस्ताले त्यहाँ मन्दिर थियो भन्ने कुरा सम्म पनि बिर्सन पुगे। र, यस्तो प्रतीत हुन्छ, यसको विनाशको कारण प्राकृतिक र राजनैतिक दुवै थियो। ने.सं.८०१ (वि.सं.१७३८) मा नेपालमण्डलमा ठूलो भूकम्प गएको थियो। त्यसले धेरै क्षति भएको थियो। सो भूकम्पले यो मन्दिर पनि त्यसैबेला भत्किएको हुनुपर्छ। विनासले विकास र सिर्जना पनि लिएर आएको हुन्छ। त्यसपछि भक्तपुरका राजा जितामित्र मल्ल र उनका छोरा भूपतीन्द्र मल्लको ध्यान जीर्णोद्धार, पुनर्निर्माण र नवनिर्माणतिर विशेष गएको देखिन्छ। भक्तपुर शहरको सुन्दरीकरण पनि यी नै बाबुछोराको पालामा विशेष भएको देखिन्छ। हाम्रो भाज्या पुखु पनि त्यतिबेलाका भार्वाचोटोलका भार्वाचो कसको नेतृत्वमा जीर्णोद्धार भयो होला। तर त्यसपछि भने मल्ल राजाहरूबीच चलेको राजनैतिक कलह, आक्रमण-प्रत्याक्रमण एवं त्यसपछिको गोर्खाली आक्रमणहरूका कारण अन्य कलाकृतिलगायत भाज्या पुखुको संरक्षण, संवर्द्धन गर्ने तर्फ चाहेर पनि कसैको ध्यान गएन। वि.सं.१८२६ मा गोर्खालीहरूले भक्तपुर पनि जितेपछि मल्लराज्यको पतन भयो। त्यसपछि भने यो झनै विरानो र परित्यक्त बन्न पुग्यो। पोखरीलगायत मन्दिरका अवशेषहरू यताउति परे, यसका सुन्दर र आकर्षक भागहरू मानिसहरूले उठाएर लगे, योसित अभिन्न रूपले जोडिएर रहेका आसपासका सम्पदा, खुला स्थानहरू, चउरहरू, पाटी आदि पनि हराए। र, वर्तमानमा यो यसरी पोखरीमै खुम्चिएर रहनु पर्‍यो। आज फेरि एकपल्ट यसको सपना झैं लाग्ने सत्य सुन्दर र शोभामय विगत वर्तमानमा भक्तपुर नगरपालिकाको नेतृत्वमा वास्तविक हुन गइरहेको छ। यसरी भक्तपुर नगरपालिकाले पोखरीको जीर्णोद्धार एवं मन्दिरको पुनःनिर्माण गर्न लागिपरेको छ। यो वर्तमान इतिहासको सुन्दर एवं अनुकरणीय, अविस्मरणीय पक्ष भएर रहने छ।

**मन्तव्य**

# ‘सम्पदा संरक्षणमा विज्ञहरूको सुझावलाई मार्ग दर्शनको रूपमा लिनेछौं’

भक्तपुर ऐतिहासिक र सांस्कृतिक नगर हो । प्राचीन नगर भक्तपुरमा काष्ठकला, धातुकला, प्रस्तरकलाका उत्कृष्ट र अनुपम उदाहरणहरू पाइन्छ । नगरको पुरानो क्षेत्रभरि नै मन्दिर, सत्तल, पाटी–पौवा, ढुङ्गेधारा, पोखरी, देवालय, शिवालय, इनार, मठ जस्ता थुप्रै सम्पदाहरू छन् । समयमा तत्कालीन सरकारहरूले ध्यान नदिंदा वा संरक्षण नगर्दा कयौं सम्पदाहरू लोप भइसके । पोखरीहरू पुरेर निजी घर बनाउने, पाटी–पौवा, सत्तललाई निजी बनाउने जस्ता कार्यहरू पनि यहाँ नभएका होइनन् । पुरातात्त्विक र ऐतिहासिक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण गर्ने भावनाले भक्तपुर नगरपालिकाले केही दशक अगाडिदेखि सम्पदा संरक्षणतर्फ पाईला चालेको हो । ५५ झ्याल दरबार, ५ तल्ले मन्दिर, टोल टोलका पाटी–पौवा, सत्तलहरू जीर्णोद्धार गर्न शुरु गरेको त्यो अभियानलाई भक्तपुर नगरपालिकाले निरन्तरता दिइरहेको छ ।

२०७२ सालको भूकम्पले भक्तपुरका धेरै निजी घरहरूसँगै सम्पदाहरूमा पनि ठूलो क्षति पुऱ्यायो । जनप्रतिनिधिविहीन अवस्था हुँदा पुनःनिर्माणले तीव्रता पाउन सकेन । २०७४ जेठबाट हामीले जनप्रतिनिधिको रूपमा सपथ ग्रहण गरेसँगै भूकम्पले क्षति पुऱ्याएका, यहाँका मूर्त र अमूर्त सम्पदाहरूको पुनःनिर्माण, जीर्णोद्धार गर्ने र सम्पदाहरूको संरक्षण हाम्रो चुनौती बन्यो । हामीले हतारमा पुनः निर्माण गर्नुभन्दा मौलिक शैली र गुणस्तरलाई जोड दियौं । सम्पदाहरू पुनः निर्माण गर्दा ठेक्कामा गराउन उपयुक्त नहुने ठहर गऱ्यौ र जन सहभागितामा उपभोक्ता समिति वा अमानतमा गर्ने नीति लियौं । उपभोक्ता समितिमार्फत भएका कार्यहरूले गुणस्तरीय निर्माण र मौलिक शैलीलाई जोगाउन मदत पुगेको हाम्रो अनुभव छ ।

सम्पदाहरूको पुनःनिर्माणमा आवश्यकताको आधारमा प्राथमिकता तोक्दै हामी अगाडि बढ्दैछौं । त्यसै मध्येका एक हो– ‘भाज्या पुखु’ । २०५४ सालमा निर्वाचित जन प्रतिनिधिहरूले भाज्यापुखुको जीर्णोद्धार शुभारम्भ गर्नुभएको थियो । पदावधिको अन्तिम कालखण्डमा स्थानीय जनताको सहयोगमा शुरु भएको भाज्या पुखु जनप्रतिनिधि विहीनतासँगै काम रोकिन पुग्यो । हामी जनप्रतिनिधिहरू आइसकेपछि पानीविनाको झारपातले ढाकिएको भाज्या पुखुको झारपात सफाइबाट त्यस कामको पुनः थालनी गऱ्यौं । नियमित सरसफाइ अन्तर्गत हामीले पटक पटक सफाइ



प्रमुख सुनिल प्रजापति

गऱ्यौं । त्यसपछि हाम्रा प्राविधिकहरूमार्फत नापजाँच गरायौं, अनुभवी साथीहरूसँग पानी नरहनुको कारणहरूबारे छलफल गऱ्यौं । छलफलकै आधारमा सिद्धपोखरी जीर्णोद्धारको अनुभवसमेतलाई ध्यानमा राखेर पानी चुहिने सम्भावना भएका पोखरीका छेउमा साढे चार फिट चौडाइ र साढे सात फिट गहिराईमा कालोमाटो भऱ्यौं । पोखरीको बीच भागमा के कस्तो मन्दिर थियो एकिन थिएन ।

भाज्या पुखु जीर्णोद्धारको क्रममा भेटिएका वस्तुहरूको आधारमा हाम्रा प्राविधिक टिमले एउटा अनुमान गऱ्यो र त्यसैको आधारमा नक्सा डिजाइन पनि भयो । मन्दिरमा जाने बाटोका अवशेषहरूले उत्तर दक्षिण पुल रहेको अनुमान गर्न गाह्रो भएन । जुन चिज निर्विवाद छ, त्यसैबाट हामीले पुनःनिर्माणको शुरुआत गऱ्यौं । हामी चाहन्छौं सम्पदा निर्माणमा पुरातत्त्व विभाग, सम्पदाविद्हरू, संस्कृतिविद्हरू, इतिहासविद्हरू र स्थानीय जनताको सहभागिता होस् । प्राचीन स्मारक संरक्षण ऐन २०१३ लगायत सम्पदा संरक्षण सम्बन्धी ऐन नियमहरू, सम्पदाविद, इतिहासविद् र संस्कृतिविद तथा स्थानीय जनताको अनुभवलाई हामीले मार्ग दर्शनका रूपमा लिंदै अगाडि बढ्दैछौं ।

करिब सात महिना अघि यसबारे अन्वेषण र उत्खननको आवश्यकता महसुस गरी इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा ६ सदस्यीय एक विज्ञ टोली गठन गऱ्यौं । उहाँहरूलाई आवश्यक कार्यविधि आफै तयार गरेर अगाडि बढ्ने अधिकार दियौं । शुरुआतमा एक महिनाको समय दिएकोमा उहाँहरूले अध्ययन, अनुसन्धानको गहिराईलाई ध्यानमा राख्दै म्याद थप्न आग्रह गर्नुभयो । नगरपालिकाले भाज्या पुखु सम्बन्धी एउटा भरपर्दो, विश्वासिलो र अकाट्य प्रमाणको रूपमा महत्त्वपूर्ण दस्तावेजको अपेक्षासहित म्याद थप गर्दै गयो । हालै उहाँहरूले करिब ६ महिनासम्म स्थलगत अवलोकन, पुरातात्त्विक अन्वेषण र उत्खननबाट पत्ता लागेका अवशेषहरू, भाज्या पुखुबारे चलेका जनश्रुतिहरू, भाज्यापुखु वरिपरिका सम्पदाहरू र अन्य विभिन्न सम्पदाहरूको तुलनात्मक अध्ययनसहितको प्रारम्भिक प्रतिवेदन तयार गर्नुभयो । प्रारम्भिक प्रतिवेदनले हाम्रो ध्यान तान्यो । ➲➲

मन्तव्य

# पानीका स्रोतहरू जोगाई राख्नु हाम्रो कर्तव्य हो




उपप्रमुख रजनी जोशी

प्रकृति र पर्यावरणसँग सन्तुलन सामञ्जस्य राखी हाम्रो समाजको निर्माण भएकोमा दुईमत छैन । नगर निर्माणका क्रममा समाजको आधारभूत आवश्यकतालाई त्यस स्थानको भू-बनोट-हावापानीलाई मध्यनजर गरी निर्माण गरिएको इतिहासले देखाएको हामी सबैले महसुस गरेका छौं । यसलाई निरन्तरता दिन समाजद्वारा संस्कृतिसमेत स्थापित गरेको र हामी सबै यसमा सरिक भैरहेका छौं । अतः मानव जातिको आधारभूत आवश्यकतामध्ये पानी एक निर्विकल्प तत्व हो र पानीविना जीवन असम्भव भएको हामी सबैले बुझेका छौं । अतः मध्यकालीन शासकहरूले समाजको निम्ति पानीको प्रबन्ध मिलाएका यी र यस्ता पोखरी/ढुंगेधारा/कुवा आदिबाट प्रमाणित हुन्छ । यसमध्ये भक्तपुरलाई त विभिन्न पर्यायहरूमध्ये पोखरीहरूको शहर पनि भन्ने गरिन्छ, किनकी यहाँ हाल ३४ वटा पोखरीलगायत/ ढुंगेधारा/इनार/कुवा रहेका छन् । यी सबै पानीका स्रोतहरू जनताको आवश्यकता परिपूर्ति गर्न बनेका संरचनाहरू हुन् । यी र यस्ता संरचनाहरू जोगाई राख्नु हाम्रो कर्तव्य हो भन्ने भ.न.पा.ठान्दछ किनभने यी र यस्ता पोखरीहरूको प्राविधिक पक्ष नियाल्दा विशेष महत्त्व रहेको पाउँछौं जस्तै स्थान विशेषको भू-बनोट र त्यहाँको Micro Climate (गर्मी, सुख्खा मौसममा शितल वाष्पिय) बनाउनको लागि त्यसैगरी मनोरञ्जन, धार्मिक महत्त्व (सिद्ध पोखरी/कमलपोखरी) आदिको लागि, Aqua culture को लागि (माछा/हाँस)/आगजनी भएमा पानीको प्रयोगको लागि/शहरमा रहेका चराचुरुंगी, स-साना जनावर र वस्तुभाउको लागि (Ecological balance), मानिसहरूको पिउन बाहेक अन्य कामको लागि प्रयोग हुनुको साथै वर्षातको पानी संकलन भई इनार, कुवा, ढुंगेधारामा र सहायक पोखरीहरूमा पठाउनको लागि जस्तै सिद्धपोखरीबाट पूर्वतिर (हाल भक्तपुर अस्पतालको आकस्मिक भवन) मा । यस्ता मौलिक (Traditional Water Supply and Reservoir Engineering) परम्परात पानी वितरण र संकलन प्रणाली यहाँ रहेका पोखरीहरूको पुनः निर्माण गरी जिवन्तता दिन अघि बढिरहेका छौं र पोखरी संरक्षण गर्ने पुनः निर्माणको थालनी वडा नं. १ स्थित भाजु पोखरीबाट गरिरहेका छौं । पोखरीको मौलिक प्रविधिमा पुनः निर्माण भैसकेको र यस पोखरीको केन्द्रमा अवस्थित मन्दिर, प्रा.डा. पुरुषोत्तम लोचन श्रेष्ठको टोलीले गरेको अध्ययनको आधारमा पुनः निर्माण गर्न गइरहेका छौं । आजको यस कार्यक्रमबाट आएका सुझावहरू भ.न.पा.ले ग्रहण पश्चात् निर्माणको शुरुवात गर्ने छौं । हामीलाई पूर्ण विश्वास छ कि यो पोखरी र मन्दिर परिसर पुनः निर्माण पश्चात् भक्तपुरको पर्यावरणमा केही हदसम्म सुधार आई हाम्रो संस्कृतिको जीवन्ततासँगै यस स्थान सुन्दर, रमणीय बन्नेछ र हाम्रा नगरवासीलगायत देश विदेशबाट आउनु हुने सम्पूर्ण पर्यटकहरूले यहाँको सुन्दरताको भरपूर आनन्द लिनेछन् र काठमाण्डौको रानी पोखरीले यहाँको अनुकरण गरे जस्तै अन्य स्थानहरूले पनि गर्नेछन् भन्ने विश्वास लिएका छौं । तसर्थ यहाँहरू सम्पूर्ण विद्वत एवं आमन्त्रित वर्गको सक्रिय सहभागिता (Active Participation) र पृष्ठपोषण (Feed-back) को अपेक्षा राख्दै सम्पूर्णलाई यस कार्यक्रममा स्वागत गर्दछु ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा आयोजित ऐतिहासिक भाज्या पोखरी जीर्णोद्धारको प्रारम्भिक प्रतिवेदनसम्बन्धी अन्तरक्रिया कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीबाट व्यक्त मन्तव्य ।)*

---

यस अघिसम्म भाज्या पुखु काठमाडौंको रानीपोखरी (ने.सं. ७९०/ वि.सं. १७२७) बाट प्रभावित भएर भाजु कसले बनाएको सुन्दै आएका थियौ तर भाज्या पुखु रानी पोखरीभन्दा करिब ५०० वर्ष पुरानो देखिन आएको प्रतिवेदनबारे विज्ञहरूसँग थप छलफलको आवश्यकता महसुस भयो ।

यो प्रतिवेदनसँगै भाज्या पुखुको नयाँ इतिहास शुरु हुनेछ । यही कुरालाई ध्यानमा राखेर डा. पुरुषोत्तम लोचन श्रेष्ठको नेतृत्वमा गठित विज्ञ टोलीको तर्फबाट प्रस्तुत भएको प्रारम्भिक प्रतिवेदनबारे छलफल गर्न यो अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको हो । यहाँ जनप्रतिनिधि, पुरातत्त्वविद्, सम्पदाविद्, इतिहासविद्, संस्कृतिविद्, वास्तुकलाविद् र अन्य प्राविधिकहरूलाई आमन्त्रण गरेका छौं । यहाँ प्रस्तुत हुने प्रारम्भिक रिपोर्टमा आ-आफ्ना राय, सल्लाह, सुझाव,वा टिप्पणी प्रस्तुत गरेर प्रतिवेदनलाई अझ परिमार्जन गर्ने अवसर प्रदान गर्नु हुने विश्वास छ ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा २०७५ फागुन २७ गते सम्पन्न भाज्या पुखु सम्बन्धी गठित टोलीद्वारा प्रस्तुत प्रारम्भिक प्रतिवेदनबारे अन्तरक्रिया कार्यक्रममा प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्यको सार संक्षेप- सं)*

# भाज्या पुखुको प्रतिवेदन हस्तान्तरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भक्तपुर नपा वडा नं. १ स्थित ऐतिहासिक भाज्या पुखु जीर्णोद्धार समितिका संयोजक प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले



प्रमुख प्रजापति प्रतिवेदन ग्रहण गर्नुहुँदै

चैत १७ गते एक कार्यक्रमबीच प्रतिवेदन हस्तान्तरण गर्नुभयो ।

प्रतिवेदन बुझ्दै नगर प्रमुख प्रजापतिले इतिहाससँग जोडिएका सम्पदाको अध्ययन अनुसन्धान नयाँ पुस्ताको निम्ति ज्ञानको स्रोत हुने र सांस्कृतिक सम्पदाहरूको ऐतिहासिक प्रमाण संकलन आवश्यक भएको बताउनुभयो ।

सम्पदा संरक्षणमा अगाडि बढेको जिल्लाको रूपमा भक्तपुर नगरपालिकाले परिचय दिन सफल हुँदै गएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले भाज्या पोखरीको उत्खननमा सहयोगी भूमिका खेल्ने सबै सरोकारवालाहरूप्रति आभार प्रकट गर्नुभयो । उहाँले भक्तपुर नपा भक्तपुरको सर्वाङ्गीण विकासमा ध्यान दिएर अगाडि बढिरहेको बताउनुभयो ।

प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले १२ औं शताब्दीमा बनेको भाज्या पुखुको अन्तिम प्रतिवेदन इतिहासविद्, संरक्षणविद्, जनप्रतिनिधि, नपाका शाखा प्रमुखहरू र विभिन्न क्षेत्रका सरोकारवालाहरूको रचनात्मक सुझाव तथा टिप्पणीलाई समावेश गरी तयार गरेको जानकारी दिनुभयो ।

इतिहास विज्ञानसम्मत हुने र भाज्या पोखरी काठमाडौंको रानी पोखरीभन्दा करिब पाँच सय वर्ष पुरानो भएको र पोखरीको मध्यभागमा अवस्थित शिखरशैलीको मन्दिरमा जलेश्वरको मूर्ति रहेको अनुसन्धानले पुष्टि गरेको



प्रतिवेदन हस्तान्तरण कार्यक्रम

उहाँले बताउनुभयो । सो अध्ययनले भक्तपुरको इतिहासबारे महत्त्वपूर्ण पक्ष थाहा हुन आएको र भाज्या पोखरी विभिन्न कालखण्डमा संरक्षण र पुन:निर्माणको कार्य हुँदै आएको पनि अनुसन्धानले देखाएको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाले मिति २०७५/४/२९ गते बसेको बोर्ड बैठकले प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालयका प्रमुख मोहनसिंह लामा, राष्ट्रिय कला संग्रहालयका प्रमुख सरस्वती सिंह, इतिहासविद् प्रा. विश्वमोहन जोशी, भनपा सम्पदा शाखा प्रमुख आ.इ. रामगोविन्द श्रेष्ठ र सूर्यभक्त खर्बुजा सदस्य रहेको समिति गठन गरेको थियो ।

उक्त समितिले सात महिना लगाएर प्रतिवेदन तयार गरेको थियो । प्रतिवेदनअनुसार भाज्या पुखु निर्माण कार्य अगाडि बढ्ने नगरपालिका स्रोतले जानकारी दिएको छ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर–२

## मार्चपास प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय (कक्षा ७–९) सम्मका विद्यार्थीहरूबीच मार्चपास प्रतियोगिता हुने भएकोले भक्तपुर नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूले मिति २०७६ वैशाख १० गतेभित्र विद्यालय दर्ता गरी सहभागी गराई दिनुहुन अनुरोध गर्दछ ।

**प्रतियोगिता हुने मिति**: २०७६ वैशाख १३ गते, शुक्रबार
**विद्यालय दर्ता गर्ने स्थान**: भ.न.पा. प्रशासन शाखा र नगर शिक्षा शाखा

# इञ्जिनियरिङका नयाँ विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण




ख्वप इञ्जिनियरिङ कलेजको आयोजनामा शैक्षिक सत्र २०७५/७६ मा स्नातकोत्तर तह अर्थक्वेक इञ्जिनियरिङ र अर्बान डिजाइन एण्ड कन्जरभेसन शैक्षिक कार्यक्रममा भर्ना भएका नयाँ विद्यार्थीको लागि स्वागत तथा अभिमुखीकरण कार्यक्रम चैत १७ गते सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इञ्जिनियरिङ कलेजमा नयाँ भर्ना भएका विद्यार्थीलाई देशकै राम्रो इञ्जिनियर भएर देश र समाजको इमानदारीपूर्वक सेवा गर्न मार्गनिर्देशन दिनुभयो।

मानव सभ्यतासँग जोडिएको सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्नु साझा दायित्व भएको बताउनुहुँदै प्रमुख प्रजापतिले पुरानो बस्तीसँग इतिहास जोडिएको हुन्छ र त्यसको संरक्षण र सम्बर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो।

विदेशी पूँजीको कारण देशको अर्थतन्त्र विदेशीको नियन्त्रणमा जाने सम्भावना भएको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशी पूँजीले देशलाई परनिर्भर बनाई देशको अर्थतन्त्र ध्वस्त बनाइरहेको र विदेशी लगानी गराई सरकारले आफ्नो लाचारी प्रदर्शन गरिरहेको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले देशभरिका विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय इञ्जिनियरिङ शिक्षा दिइरहेको बताउनुहुँदै विद्यार्थीहरूले समाज परिवर्तनको निम्ति प्रतिबद्ध भई योगदान गर्न आह्वान गर्नुभयो।

कलेज सञ्चालक समितिका उपाध्यक्ष तथा उपप्रमुख रजनी जोशीले शिक्षाको लागि नमुनाको रूपमा प्रस्तुत भक्तपुर नगरपालिकाले अरु विविध क्षेत्रमा पनि अनुकरणीय कार्य गरिरहेको बताउनुभयो। उहाँले भक्तपुरका सम्पदा पुनःनिर्माण तथा नवनिर्माणमा ख्वप इञ्जिनियरिङ कलेजका विद्यार्थीहरूले अध्ययन-अनुसन्धानमा जोड दिइरहेको बताउनुभयो।

ख्वप इन्जिनियरिङ्ग कलेजका प्राचार्य ई.सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य ई.सुनिल दुवालले कलेजहरूको उद्देश्यबारेमा बताउनुभयो।

प्राध्यापक मोहनमूर्ति पन्तले शहरी विकास र योजना र डा. सुवेगमान बिजुक्छेंले भूकम्पीय क्षती न्यूनीकरणबारेमा प्रस्तुतीकरण दिनुभएको सो कार्यक्रममा अर्थक्वेक इन्जिनियरिङ विभागका प्रमुख डा.मन्जिप शाक्यले पनि बोल्नुभएको थियो।



भनपाका प्रमुख प्रजापतिलगायत बिस्का जात्राको रथ तान्ने र जात्रा हुने स्थानको स्थलगत निरीक्षणमा (चैत १७ गते)

# वडा नं. ९ मा फिजिकल फिटनेस सामग्री उद्घाटन

भक्तपुर नगरपालिका वडा नं. ९ मा नगरपालिकाद्वारा वितरित फिजिकल फिटनेस सामग्रीको उद्घाटन चैत १६ गते भयो।

कार्यक्रमको उद्घाटन समारोहमा बोल्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले शारीरिक श्रम घट्दै जाँदा विभिन्न रोग लाग्ने सम्भावना भएको हुँदा स्वस्थ खानपान र नियमित व्यायाममा ध्यान दिनुपर्ने बताउनुभयो।




प्रमुख प्रजापतिबाट उद्घाटन गर्नुहुँदै (इन्सेट) र कार्यक्रममा मञ्चासिन जनप्रतिनिधिहरूलगायत

नगरवासीलाई स्वस्थ बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले नगरको १० वटै वडामा शारीरिक व्यायामका सामग्रीहरू वितरण गरिसकेको र घरदैलो नर्सिङ सेवा पनि सञ्चालन भइरहेको जानकारी गराउनुभयो। उहाँले देशकै सानो नगर भएर पनि अरु नगरपालिकाको लागि उदाहरणीय कार्य गरी अगाडि बढिरहेको बताउनुभयो।

समाज परिवर्तनको लागि शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी नगरपालिकाले आफ्ना गतिविधि सञ्चालन गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले नयाँ पुस्तालाई आयुर्वेदिक उपचार सेवाबारे जनचेतना जगाउनु आवश्यक भएको उल्लेख गर्नुभयो।

युवा तथा खेलकुद समितिका सदस्य कुमार चवालले भक्तपुर नगरपालिकाले विभिन्न खेलहरूको प्रशिक्षण दिँदै आएको र विद्यालयस्तरीय तथा वडाव्यापी खेलकुद प्रतियोगिता गरिरहेको बताउनुभयो। उहाँले नगरपालिकाद्वारा वितरित व्यायाम सामग्रीको प्रभावकारी ढंगले उपयोग गर्नुपर्ने र स्वस्थ जीवन बाँच्न नियमित व्यायामको आवश्यकता रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरवासीको स्वास्थ्य राम्रो बनाउन व्यायाम सामग्रीको उपयोग गर्न नगरवासीमा आह्वान गर्नुहुँदै असल नागरिकको परिचय दिन पसल व्यवसायीहरू दर्ता गरी समयमै कर तिर्नुपर्नेमा जोड दिनुभयो।

राजेश प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा ९ नं. वडा खेलकुद समितिका उपाध्यक्ष बाबुकाजी मानन्धर, स्थानीय दिपेन्द्र प्रजापति र सृजना प्रजापतिले पनि व्यायाम-सामग्रीको उद्देश्य र महत्त्वबारे आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले ९ नं. वडाका १०५ वर्षीय ज्येष्ठ सदस्य भीमथकु प्रजापतिलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने वडाकै कलाकारद्वय भीमप्रसाद प्रजापति र सुरेन्द्र प्रजापतिलाई पनि मायाको चिनो प्रदान गर्नुभएको थियो। सोही कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका ९ नं. वडा खेलकुद समितिको आयोजनामा दत्तात्रयमा सम्पन्न पावर लिफ्टिङ प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# स्थानीय पथ प्रदर्शक पुनर्ताजगी तालिम सम्पन्न

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समाजलाई अगाडि बढाउन देशको राजनीति बुझ्नुपर्ने, अन्याय र गलत कामको विरुद्ध लड्नु सचेत नागरिकको कर्तव्य भएको बताउनुभयो।

भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा चैत ७ गतेदेखि १५ गतेसम्म सम्पन्न स्थानीय पथ प्रदर्शक पुनर्ताजगी तालिमको चैत १५ गते समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले प्रमाणपत्रको मूल्याङ्कन पर्यटकहरूले गर्ने हुँदा पर्यटकहरूलाई सत्य-तथ्य जानकारी दिनुपर्ने र आफूसँग भएको ज्ञानलाई प्रभावकारी ढंगले उपयोग गर्नुपर्ने बताउनुभयो।

पथप्रदर्शकहरूले विभिन्न भाषामा दख्खल राखी पर्यटकमाझ राम्रो व्यवहार प्रदर्शन गरी आफ्नो कर्तव्य पालना गर्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले व्यक्तिगत सोचबाट मुक्त भई सामूहिक भावनाले समाजको हित हुने र समाजलाई अगाडि बढाउने कार्य गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सफल पथ प्रदर्शक हुन व्यवहारिक र नैतिक ज्ञानको पनि आवश्यकता भएको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पथ प्रदर्शकहरूले भक्तपुरका मूर्त-अमूर्त सम्पदाबारे पर्यटकहरूलाई सही सूचना प्रवाह गर्नुपर्ने र आफूसँग भएको ज्ञान र सीपको सही सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सही सूचना प्रवाहले भक्तपुरको गरिमा बढ्ने र पर्यटकलाई आकर्षण गर्ने बताउनुभयो।

पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले पर्यटकहरूमा गलत सूचना प्रवाह हुनेमा सजग हुनुपर्ने र भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न तालिमले उपयोगी भूमिका खेल्ने बताउनुभयो।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेले पर्यटकहरूलाई सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने र भक्तपुरको कला-संस्कृति उजागर गर्न भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।




वातावरण तथा पर्यटन समितिका संयोजक तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई प्रमुख प्रजापतिले कदर पत्र र प्रमाण पत्र प्रदान गर्नुभएको थियो।

प्रशिक्षार्थी रामेश्वर न्यौपानेले तालिमबाट प्राप्त भएको अनुभव सुनाउनुभएको कार्यक्रममा भ.प.वि.सका दिपेशराज शर्माले पनि बोल्नुभएको थियो।



**नेमकिपाका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें, भनपाका प्रमुख सुनिल प्रजापति, ३ नं. प्रदेशका सांसद सृजना सैंजु लगायत हनुमानघाट परिसरको चैत १२ गते निरीक्षण गर्नुहुँदै ।**

# सिद्धिगणेश कप २०७५ को उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पानसमा दिप प्रज्ज्वलन गरी चैत १६ गते सिद्धि गणेश कप २०७५ को उद्घाटन गर्नुभयो ।




कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले खेलाडीहरूले अनुशासित भई खेल खेलेर आफ्नो व्यक्तित्व विकासमा ध्यान दिनुपर्ने र भक्तपुर नगरपालिकाले युवा खेलाडीहरूलाई क्रियाशील बनाउन प्रत्येक वर्ष खेलकुद प्रतियोगिताहरूको आयोजना गर्दै आएको बताउनुभयो ।

माहेश्वरी खेल मैदान सुधार र व्यवस्थापनको लागि नक्सा डिजाइन भइसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले खेलाडीहरूले व्यक्तिगत स्वार्थभन्दा पनि देशको इज्जतको निम्ति खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुदमा अलग बजेट छुट्याई खेलकुद कार्यविधि बनाई अगाडि बढेको बताउनुहुँदै व्यवस्थित र अनुशासित खेलाडी तयार गर्ने उद्देश्य नगरपालिकाको रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले शरीर स्वस्थ राख्न खेलकुद गतिविधिहरू आवश्यक भएको र खेलाडीहरूले देशको इज्जत राखी सामाजिक दायित्व वहन गर्नु आवश्यक भएको बताउनुभयो ।

अखिल नेपाल फुटबल संघका उपाध्यक्ष बीरबहादुर खड्काले व्यवस्थित खेलमैदानको व्यवस्थाले राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा सहयोग पुग्ने र खेलाडीलाई हौसला दिने गतिविधिको सञ्चालन आवश्यक भएको बताउनुभयो ।

भक्तपुर जिल्ला फुटबल संघका अध्यक्ष गौतम सुजखुले खेलकुद मित्रता, अनुशासन र जागरुकताको लागि हुनुपर्ने र खेलकुदमा अगाडि बढ्नेहरू व्यक्तिगत स्वार्थ र लोभलालचमा फस्न नहुने बताउनुभयो ।

खेल समितिका सल्लाहकार कृष्णगोविन्द लाखाजुले खेलाडी उत्पादनको लागि व्यवस्थित खेलमैदानको आवश्यकता औंल्याउँदै खेलकुद विकासको लागि नगरपालिकाको सहयोगको आवश्यकता रहेको बताउनुभयो ।

सिद्धिगणेश खेलकुद समितिका अध्यक्ष श्यामकृष्ण लाखाजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा खेलकुद समितिका सचिव रामेश्वर लाखाजु र ईश्वरमान दुमरुले पनि बोल्नुभएको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**भक्तपुर जिल्लाका उत्कृष्ट खेलाडी सम्मान**

नयाँ वर्ष २०७६ सालको अवसरमा शुभकामना तथा २०७५ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई, अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री एवम् प्रशिक्षक कोर्षमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम मिति २०७६ वैशाख १३ गते शुक्रबार गर्ने भएकोले सम्पूर्ण खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले प्राप्त गर्नुभएका प्रमाणपत्रको प्रतिलिपि मिति २०७५ चैत २८ गतेभित्र सम्बन्धित खेलको जिल्ला सङ्घमा आवश्यक फाराम भरी पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमाणपत्र बुझाउने र फारम लिने स्थान**

१. भक्तपुर नगरपालिका, प्रशासन शाखा: ६६१३०५७
२. विनोदचरण राय, राय ह्याण्डीक्राफ्ट, खौमा: ६६१२९७७, मो.नं. ९८५१०३३११७

# नि:शुल्क मोतिबिन्दुको शल्यक्रिया सम्पन्न

भक्तपुर नगरपालिका र नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको सहकार्यमा सञ्चालित जिल्ला सामुदायिक आँखा केन्द्रमा चैत १५ र १६ गते नि:शुल्क मोतिविन्दु शल्यक्रियासम्पन्न भयो ।

मोतिविन्दु शल्यक्रियाको चैत १५ गते उद्घाटन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुरमै सबै किसिमको आँखा सेवाको शुभारम्भ हुनुमा खुसी व्यक्त गर्नुहुँदै गरिबले पनि सस्तो र गुणस्तरीय सेवा प्राप्त गर्ने कुरा बताउनुभयो ।



तस्बिर : अनलाइन मजदुर

मानिसको आयु र बढ्दो प्रदुषणले आँखामा असर पुग्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले विदेशलगायत देशको ठाउँ ठाउँमा तिलगंगाको सेवा प्रशंसनीय रहेको र अब सोही स्तरको सेवा सस्तोमा भक्तपुरमा उपलब्ध हुनु गौरवको कुरा भएको बताउनुभयो ।

तिलगंगा आँखा प्रतिष्ठानको सेवाले यहाँको आँखाका बिरामीहरू लाभान्वित हुने विश्वास प्रकट गर्नुहुँदै अध्यक्ष रोहितले रोग लाग्न नदिन प्रदुषण घटाउने र धुँवा धूलोबाट आँखालाई बचाउनु पर्ने बताउनुभयो ।

नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले शिक्षा र स्वास्थ्यमा सरकारको पहुँच घट्दै गएको र गरिबहरू स्वास्थ्य सेवाबाट बञ्चित भइरहेको बताउनुभयो । भक्तपुरमा उपलब्ध स्वास्थ्य सेवाले देशभरिका विरामी लाभान्वित हुने बताउनुहुँदै सांसद सुवालले भक्तपुरमा शुरु भएको मोतिबिन्दु शल्यक्रिया कार्यक्रमले धेरै आँखा रोगीहरूको सेवा हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले आँखा रोगीहरू बढ्नुमा प्रदुषण मुख्य कारण भएको बताउनुहुँदै सामुदायिक स्वास्थ्य सेवालाई प्रभावकारी ढंगबाट लागू गर्न सके बहुसङ्ख्यक जनता लाभान्वित हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा आँखा उपचारको सेवा २०६३ सालदेखि अगाडि बढेको र अब तिलगंगा आँखा अस्पतालमा भन्दा सस्तो र गुणस्तरीय शल्यक्रियासहितको सेवा दिने बताउनुभयो । भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले नगरवासीहरूको रोगको तथ्याङ्क संकलन गर्न पाठेघर, मधुमेह, उच्च रक्तचाप, मृगौला परीक्षण, खकार, दमखोकीलगायतको स्वास्थ्य शिविर शुरु गरिसकेको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाले ३ वटा जनस्वास्थ्य केन्द्रमार्फत जनतालाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले ख्वप अस्पतालमार्फत देशकै सेवा गर्ने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई ज्ञानविज्ञानको केन्द्र बनाई सरसफाइ र सम्पदा क्षेत्रमा पनि भक्तपुरलाई नमूना नगरको रूपमा स्थापित गर्ने नपाको उद्देश्य रहेको बताउनुभयो ।

तिलगंगा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशक सन्दुक रुइतले स्वास्थ्य क्षेत्रमा थपिएको चुनौतीलाई ख्वप अस्पतालले निजी स्वास्थ्य क्षेत्रसँग प्रतिस्पर्धा गरी जनतालाई गुणस्तरीय सेवा दिनुपर्नेमा जोड दिनुभयो । उहाँले आँखाका बिरामीको सेवाको निम्ति सधैं तत्पर रहने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, स्ट्याण्डर्ड चार्टर्ड बैंकका प्रमुख दिवाकर पौडेल, जिल्ला सामुदायिक आँखा केन्द्रका प्रमुख धिरज अधिकारीले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाबाट प्राप्त जानकारीअनुसार दुई दिने मोतीविन्दु शल्यक्रिया शिविरबाट १५१ जना लाभान्वित भएका थिए । तीमध्ये तीनजना विरामीको दुवै आँखाको शल्यक्रिया गरिएको थियो ।

# प्रमुख प्रजापतिसँग काठमाडौंको रानीपोखरी पुनर्निर्माण उपभोक्ता समितिका प्रतिनिधि मण्डलको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँ महानगरपालिकाका वडा अध्यक्षहरू र रानीपोखरी पुनःनिर्माण उपभोक्ता समितिका पदाधिकारीहरूले चैत्र १४ गते भक्तपुरमा भेट गर्नुभयो। भेटमा प्रमुख प्रजापतिले काठमाडौंको रानीपोखरी पुनर्निर्माणको लागि आवश्यक दक्ष जनशक्ति, परम्परागत सीप र परम्परागत निर्माण सामग्रीलगायतका आवश्यक सहयोग गर्न भक्तपुर नगरपालिका तयार रहेको बताउनुहुँदै देशकै सम्पदा संरक्षणमा भक्तपुर नगरपालिकाले सक्दो सहयोग गर्दै आएको बताउनुभयो। उहाँले सशर्त आउने विदेशी सहयोगलाई भन्दा स्थानीय तहहरूले आम्दानीका स्रोतहरू बढाउँदै आत्मनिर्भर हुनेतर्फ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। २०७२ सालको विनाशकारी भूकम्पपछि पुनर्निर्माणको लागि जर्मन सरकारको के.एफ.डब्लू.ले विभिन्न शर्तहरू सहितको सहयोग सम्बन्धमा राखिएका शर्तहरू नगर र नगरवासीको हीतमा नभएकोले सहयोग स्वीकार गर्न नसकेको स्मरण गर्नुभयो।

भेटमा प्रमुख प्रजापतिले भनपाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा जोड दिइरहेको बताउनुहुँदै शिशु स्याहारहरू र विभिन्न कलेजहरू संचालन गरिरहेको बताउनुभयो। उहाँले नयाँ पुस्तालाई भक्तपुरको मौलिक कला संस्कृति, इतिहास, भूगोल, स्थानीय परम्परागत खेलकुद, उत्पादन तथा यहाँका विशिष्ट व्यक्तित्वहरू र शहीदहरूको जानकारी दिने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम तयार गरी अध्यापन गरिरहेको बताउनुभयो। उहाँले गत वर्षदेखि कक्षा ८ को नगरस्तरीय परीक्षा सञ्चालन भक्तपुर नगर शिक्षा समितिमार्फत् गरिरहेको जानकारी गराउनुहुँदै जनस्वास्थ्य सञ्चालन गर्दै ख्वप अस्पताल निर्माण कार्य शुरु गरेको बताउनुभयो।



उहाँले विकास निर्माण र सम्पदा संरक्षण कार्य स्थानीय उपभोक्ता समिति र अमानतबाट भैरहेको जानकारी गराउनुहुँदै यसबाट रोजगारको अवसर सृजना भएको र निर्माण भएका संरचनाहरूमा स्थानीय जनताको अपनत्व कायम भएको बताउनुभयो। उहाँले निर्वाचनको बेलामा नेपाल मजदुर किसान पार्टीको घोषणापत्र मार्फत् व्यक्त गरेका प्रतिबद्धता कार्यान्वयन गर्ने क्रममा प्रत्येक वर्ष साँस्कृतिक प्रतियोगिता र अन्तरनगर खेलकुद प्रतियोगिता सञ्चालन गरिरहेको जानकारी गराउनुभयो।



प्रतिनिधि मण्डलले भेटमा काठमाडौंको रानीपोखरी पुनर्निर्माणको लागि भक्तपुर नगरपालिकाबाट आवश्यक प्रविधि र जनशक्ति उपलब्ध गराइ सहयोग गरिदिनु हुन आग्रह गर्दै भनपाले परम्परागत शैलीमा गरेको भाज्यापोखरी पुनर्निर्माण कार्यको स्थलगत निरीक्षणको लागि आएको बताउनुभयो।

भेटमा काठमाडौं महानगरपालिकाका वडा नं. १ का वडाध्यक्ष भरतलाल श्रेष्ठ, २७ का वडाध्यक्ष चिनिया बज्राचार्य र २८ का वडाध्यक्ष भाइराम खत्री र भनपाका वडा नं. १, ७, ८, ९ का वडाध्यक्षहरू क्रमशः श्यामकृष्ण खत्री, उकेश कवां, महेन्द्र खायमली र रविन्द्र ज्याख्व तथा काठमाडौं रानीपोखरी पुनर्निर्माण उपभोक्ता समितिका पदाधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

# बिस्केट जात्रा मार्गका तारहरू व्यवस्थित गरिने

भक्तपुरको ऐतिहासिक एवम् प्रसिद्ध बिस्केट जात्रा व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रूपमा भव्यताका साथ सम्पन्न गर्न नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायक र स्थानीय टेलिभिजनहरूकाबीच चैत १३ गते छलफल कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दर्ताविना सञ्चालित व्यवसायहरू गैरकानुनी हुने बताउनुहुँदै समयमै नियमसंगत रूपले आ-आफ्नो व्यवसाय र केबल नेटवर्कहरू दर्ता गर्नुपर्ने बताउनुभयो।

बैठकले बिस्केट जात्राको क्रममा भैरवको रथ तान्ने रुट, लिङ्गो उठाउने क्षेत्र र स्थानीय जात्रा सञ्चालन हुने क्षेत्रहरूमा अव्यस्थित रूपमा राखिएका तारहरू चैत २५ गते भित्र आ-आफैले व्यवस्थापन गर्ने र अनावश्यक तारहरू हटाउने, बिस्केट जात्राका सकारात्मक पक्षहरूको बारेमा देशभरि र अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार गर्न टेलिभिजन तथा इन्टरनेट सेवा प्रदायकहरूबाट आफ्नो क्षमताअनुसार प्रत्यक्ष प्रसारण गर्ने, जात्रालाई समयमै शान्तिपूर्ण ढंगले मनाउने क्रममा स्थानीय जनतालाई उत्साहित गर्न आ-आफ्नो तर्फबाट सूचना



प्रकाशित एवम् प्रसारण गर्ने, सेवा प्रदायकहरूले नियमाअनुसार भक्तपुर नगरपालिकामा दर्ता र नवीकरण गर्ने तथा नियमानुसार समयमै कर तिर्नेलगायतका निर्णयहरू गऱ्यो।

भक्तपुरलाई आकर्षक पर्यटकीय गन्तव्यस्थल बनाउन सबै नगरवासीहरूको साथ र सहयोगको आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले नगरको स्वरूप राम्रो हुनु देशकै प्रतिष्ठा बढ्नु हो भन्नुभयो। सांस्कृतिक नगर भक्तपुरको दृश्य प्रदूषण हटाउन अव्यवस्थित तार व्यवस्थापन गर्नुपर्ने र भक्तपुर नगरभित्रका तारहरू निकट भविष्यमा भूमिगत हुने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले जात्रा व्यक्ति विशेषको नियन्त्रणमा नहुने बताउनुहुँदै सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट व्यवस्थापनको लागि पहल गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले सहर कुरूप हुनबाट रोक्न र सम्भावित दुर्घटना न्युनीकरणको लागि अव्यवस्थित तार व्यवस्थापनको आवश्यकता भएको बताउनुभयो।

बैठकले बिस्केट जात्राको क्रममा रथ तान्ने रुट, जात्रा सञ्चालन हुने क्षेत्र र लिंगो उठाउने ठाउँमा रहेका तारहरूको अवस्थाबारे जानकारी लिने तथा व्यवस्थापन गर्ने हेतुले नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा प्राधिकरण, टेलिकम र टेलिभिजन इन्टरनेट सेवा प्रदायक संस्थाका प्रतिनिधिहरूको संयुक्त टोलीले चैत २०७५ चैत १७ गते भक्तपुर नगरको स्थलगत निरीक्षण गर्ने निर्णय गऱ्यो।

कार्यक्रममा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायक र स्थानीय टेलिभिजनका प्रतिनिधिलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# आधारभूत तहमा अध्यापनरत शिक्षकहरूको प्रशिक्षण

भक्तपुर नपाद्वारा आधारभूत तह (कक्षा १ देखि ५) मा अध्यापनरत शिक्षकहरूको विषयगत पाठ्यक्रममा आधारित विद्यार्थी केन्द्रित शिक्षक प्रशिक्षण चैत १३ गतेबाट सुरु भएको छ ।



शिक्षकहरूको प्रशिक्षण उद्घाटन कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सामुदायिक र संस्थागत विद्यालयको सन्तुलन मिलाएर अगाडि बढेमा एउटै शैक्षिक गुणस्तरीय शिक्षा दिन सकिने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरभित्रका सामुदायिक आधारभूत विद्यालयहरूमा मन्टेश्वरी सिकाइ प्रविधिको तालिम सञ्चालन गरी अनुगमनसमेत भइरहेको र अब नगरपालिकाले स्थानीय पाठ्यक्रमअनुरूप नयाँ पुस्ताका विद्यार्थीहरूलाई आधुनिक प्रविधिसँग जोडेर शिक्षा दिने उद्देश्यले विषयगत तालिमको आवश्यकतालाई जोड दिइरहेको बताउनुभयो ।

नगरभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर, विद्यार्थी अनुशासन र शुल्कमा एकरूपता ल्याउने हिसाबले विद्यार्थीहरूलाई व्यवहारिक ज्ञान दिन पाठ्यक्रमको आवश्यकता भएको बताउनुहुँदै प्रमुख प्रजापतिले शिक्षक-शिक्षिकाहरू प्रविधिमैत्री हुनुपर्ने, फरक विशेषता आवश्यक भएको र विद्यार्थीलाई हीनताबोधको भावनाबाट मुक्त पार्न भूमिका खेल्नुपर्ने बताउनुभयो । **'एक घर एक स्नातक'** को घोषणाले भक्तपुरको शैक्षिक मुहार फेरिएको बताउनुहुँदै प्रमुख प्रजापतिले योग्य र असल नागरिक तयार गर्न शिक्षकहरूले आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष तथा कार्यक्रमका संयोजक उकेश कवांले तालिमको उद्देश्यबारे प्रस्ट पार्नुहुँदै शैक्षिक क्षेत्रलाई नयाँ ढंगले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले चैत १३-१४ गणित, १५-१६ अंग्रेजी, १७ गते सामाजिक शिक्षा, १८ गते नेपाली र १९-२० गते विज्ञान विषयको प्रशिक्षण सञ्चालन हुने जानकारी गराउनुभयो ।

नगर शिक्षा अधिकारी मेघनाथ रिमालले पाठ्यक्रमको प्रभावकारी उपयोगको निम्ति भक्तपुर नगरपालिकाले शिक्षक-शिक्षिका तालिमलाई अगाडि सारेको र घोकन्ते शिक्षालाई अब निरुत्साहित गरी विद्यार्थीलाई व्यवहारिक शिक्षा दिनुपर्ने बताउनुभयो । उहाँले विद्यार्थीलाई बोझिलो शिक्षा नभई विद्यार्थीको रुचि र क्षमताअनुसार पढाउनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले शैक्षिक उन्नतिको निम्ति तालिमको आवश्यकता भएको र भक्तपुर नगरपालिकाको उद्देश्य भक्तपुरलाई शिक्षाको उत्कृष्ट गन्तव्य बनाउने रहेको बताउनुभयो ।

**भनपा प्रमुख सुनिल प्रजापति भनपा-१ स्थित १०८ रोपनी जग्गा संरक्षणार्थ निर्माणाधीन पर्खाल निर्माण कार्यको चैत्र १५ गते निरीक्षण गर्नुहुँदै ।**





# काँक्रेविहार पुन:निर्माणमा भक्तपुरका कर्मी

भक्तपुरका सिकर्मी, डकर्मीलगायत कामदारहरू देशका विभिन्न भागमा गएर ऐतिहासिक, पुरातात्त्विक एवं मौलिक शैलीका सम्पदा निर्माणमा आफ्नो सीप र दक्षता स्थापित गरिरहेका छन्।

काठमाडौंको रानी पोखरी पुन:निर्माणमा भक्तपुरका कामदारहरूले सहयोग गरिरहेका छन्।

दैनिक 'मजदुर' मा प्रकाशित एक समाचारअनुसार सुर्खेतको काँक्रेविहारको पुन:निर्माणमा पनि भक्तपुरका कालीगढ र ज्यामीहरूले आफ्नो सीप प्रदर्शन गरिरहेका छन्। कर्णालीको पर्यटकीयस्थल काँक्रेविहार पुन:निर्माणको करिब ७० प्रतिशत सकिएको छ। मूर्तिकारको अभाव र रेखाङ्कनको भरमा काम गर्नुपर्ने बाध्यताका कारण तोकिएको समयावधिभन्दा पुन:निर्माण एक वर्ष पर धकेलिएको हो।

काठमाडौंस्थित सिद्धबाबा कन्स्ट्रक्सन प्रालिले पुन:निर्माण ढिलाइ हुनुमा कालीगढको अभाव भएको जिकिर गरेको छ। यहाँ भक्तपुरका कालीगढले ढुङ्गा कुँद्ने काम गर्दै आएका छन्।



पुन:निर्माणको क्रममा भग्नावशेष काँक्रेविहार

भक्तपुरका मूर्तिकार तीर्थराम कासिछ्वाले मन्दिरको स्वरूप यकिन नभएका कारण विभागले तयार पारेको रेखाङ्कनकै आधारमा काम गर्नुपरेको बताउनुभयो। ढुङ्गामा मूर्तिको आकार दिएर पुन:निर्माण गर्नुपर्ने बाध्यता रहेको अर्का मूर्तिकार राजन सुवालले बताउनुभयो। उहाँले भन्नुभयो, 'रेखाङ्कन र नक्साविनाको विहारको काम गर्नु आफैंमा चुनौतीपूर्ण छ। एक-एक बुट्टाहरू हेरेर ढुङ्गामा मूर्ति कुँद्दा काममा ढिलाइ भएको हो।' रु. आठ करोड १८ लाख ३५ हजार ८७० को लागतमा विहार पुन:निर्माण भइरहेको छ।

पुन:निर्माणमा ढिलाइ हुँदा कलात्मक ढुङ्गा-मूर्ति यत्रतत्र छरिएका छन्। कालीगढले ठूलठूला कलात्मक ढुङ्गा उपकरणको सहायताले जोड्ने गर्दछन्। भक्तपुरका चार मूर्तिकारसहित ८ जना ज्यामी पुरानो स्वरूप मिलाउनदेखि टुटे-फुटेका ढुङ्गा-मूर्ति जोड्ने कार्यमा संलग्न छन्। स्थानीयवासीले भने पुन:निर्माण तोकिएकै समयमा सम्पन्न गर्न विभाग र निर्माण कम्पनीको ध्यानाकर्षण गराएका छन्।

# तालाक्व गणेश मन्दिर परिसर सरसफाइ





भक्तपुर नगरपालिका ४ नं. वडा समितिको आयोजनामा तालाक्व गणेश मन्दिर परिसरमा चैत्र १४ गते भएको सरसफाइ कार्यक्रमका केही झलकहरू

# ज्ञानबहादुर न्याइच्याईको आठौं स्मृति सभा सम्पन्न

किसान नेता तथा भक्तपुर नगरपालिकाका पूर्व मेयर ज्ञानबहादुर न्याइच्याईको आठौं स्मृति सभा चैत १२ गते गणेश माध्यमिक विद्यालयको आयोजनामा सम्पन्न भयो । स्व. न्याइच्याई उक्त विद्यालयका संस्थापक हुनुहुन्थ्यो ।

सभालाई सम्बोधन गर्दै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भन्नुभयो – 'व्यक्तिभन्दा व्यक्तिले बोकेको विचार र आचरण ठूलो हुन्छ । ज्ञानबहादुर न्याइच्याई व्यक्ति नभई पार्टीको विचार र नीतिलाई कार्यान्वयन गर्ने एक अभियन्ता हुन् । ज्ञानबहादुर न्याइच्याईलगायतका तत्कालीन पार्टी कार्यकर्ता र जनप्रतिनिधिहरूले भक्तपुरलाई शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकूदलगायतका क्षेत्रहरूमा अगाडि बढाउन बलियो जग हाल्ने काम गरे । आज तिनै जगको आधारमा तला थप्ने काम हामी जनप्रतिनिधिहरूले गरिरहेका छौं । पुरानो अनुभवबाट वर्तमानमा सहज परिस्थिति सृजना भएको छ ।'

प्रमुख प्रजापतिले रात्री कक्षा तथा साक्षरता कक्षाबाट शुरु भएको शैक्षिक जागरणको अभियानले आज विभिन्न कलेज हुँदै विश्वविद्यालयसम्मको योजना बनिसकेको बताउनुभयो ।

उहाँले अग्रजहरूले खेलेको अतुलनीय भूमिकाको कदर गर्दै भनपाले स्थानीय पाठ्यक्रममा भक्तपुरको परिचय स्थापना गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका अग्रजहरूको जीवनी तथा संघर्षका घटनाहरू समावेश गरेको उल्लेख गर्दै नयाँ पुस्ताले पुराना पुस्ताबाट देश र जनताको निम्ति नि:स्वार्थ रूपले सेवा गर्नुपर्ने प्रेरणा लिनेछन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान संघका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले नेमकिपाका नेता कार्यकर्ताहरूको संघर्ष र आन्दोलनको उपलब्धी स्वरूप आज भक्तपुरले शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा नमुना जिल्लाको रूपमा उभ्याउन सकेको बताउनुहुँदै मानिस जन्मेपछि संसारका सबै गरिब र दु:खीलाई मुक्त गर्नुपर्ने सिद्धान्तको अनुसरण गर्दै नि:स्वार्थ र इमानदारी पूर्वक जनताको सेवामा प्रतिवद्ध हुनुपर्ने बताउनुभयो ।




ठूला राजनीतिक पार्टीहरूले वर्गीय चेतना नजगाएको उल्लेख गर्नुहुँदै उहाँले किसानहरूले धान र गहुँको बोट पहिचान गरेझैं असल पार्टीको पहिचान गर्नुपर्ने बताउनुभयो ।



स्व.पूर्व प्रमुख ज्ञानबहादुर न्याइच्याई

नेमकिपा भनसका अध्यक्ष नारायणबहादुर दुवालले ज्ञानबहादुर न्याइच्याई जस्ता असल, मिलनसार कार्यकर्ताहरूको योगदानकै कारण भक्तपुर जिल्ला ज्ञान विज्ञानको केन्द्र, एक घर एक स्नातकको रूपमा परिचित हुन थालेको बताउनुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले २०४३ सालमा गठन भएको नगर खेलकूद समितिको उद्देश्यअनुरूप नै भनपाले खेलकूदका माध्यमबाट युवा विद्यार्थीहरूलाई कुलत र कुसंस्कृतिबाट जोगाउन पहल गरिरहेको छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र खर्बुजाको सभापतित्वमा सम्पन्न सभामा नेमकिपा १ नं. वडा अध्यक्ष लक्ष्मीनारायण राजलवत, नेक्राकिसंघ १ वडाका अध्यक्ष लक्ष्मीभक्त खत्री, ज्ञानबहादुर न्याइच्याईका सुपुत्र रमेश न्याइच्याई, नि. प्रअ गणेशराम थुसा तथा शिक्षक लक्ष्मीसुन्दर सुवालले बोल्नुभयो ।

# व्यापारीकरणले सामुदायिक विद्यालयको गुणस्तर खस्किँदै




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यालयको भौतिक पूर्वाधार विकासका साथै शैक्षिक गुणस्तरलाई पहिलो प्राथमिकतामा राख्दै विद्यार्थीको वृत्तिविकासमा ध्यान दिनुपर्ने बताउनुभयो ।

चण्डेश्वरी आधारभूत विद्यालयले चैत १२ गते आयोजित ५९ औं वार्षिकोत्सव तथा नवनिर्मित विद्यालय भवन उद्घाटन समारोहमा बोल्नुहुँदै प्रमुख प्रजापतिले अहिलेको विद्यार्थीहरूमा व्यवहारिक र नैतिक शिक्षाको कमी भएको औंल्याउनुहुँदै नयाँ पुस्तालाई भक्तपुरको इतिहास, संस्कृति, भूगोल तथा सम्पदाहरूको विषयमा जानकारी दिन नगरपालिकाले सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरेको बताउनुभयो ।

योग्य र क्षमतावान विद्यार्थी तयार गर्न विद्यालयहरूले विद्यार्थीको अनुशासन र क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले देशभक्ति र समाजप्रति उत्तरदायी ढंगले काम गर्न उत्साहित गर्नुपर्ने बताउनुभयो ।

शिक्षामा भइरहेको व्यापारीकरणले गर्दा सामुदायिक विद्यालयको गुणस्तर झन् खस्किँदै गएको बताउनुहुँदै प्रमुख प्रजापतिले शिक्षण पेशा सेवाभावले गर्नुपर्ने काम भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले विद्यालयको शैक्षिक विकासको निम्ति विद्यालय, अभिभावक र विद्यार्थीको संयुक्त सहकार्य आवश्यक भएको बताउनुहुँदै घोकन्ते विद्याले विद्यार्थीको व्यक्तित्व विकास नहुने बताउनुभयो ।

जिल्ला आयोजना कार्यान्वयन इकाइ कार्यालयका प्रमुख दिलेश्वर प्रधानले भक्तपुर जिल्लाका सामुदायिक विद्यालयको स्तरोन्नति र पुन:निर्माणबारे जानकारी दिंदै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउन सम्बन्धित निकायले ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

चण्डेश्वरी आधारभूत विद्यालयका प्रधानाध्यापक रीता लाखेमरुले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलमैया सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक संघ भक्तपुर जिल्ला समितिका अध्यक्ष जगन्नाथ सुजखु, शिक्षासेवी हिमालयश्वरलाल मूल, भवन निर्माण समितिका संयोजक नारायणप्रसाद त्वानाबासुले पनि आ-आफ्नो विचार राख्नुभएको थियो ।

जिल्ला आयोजना कार्यान्वयन इकाइ कार्यालयका प्रमुख दिलेश्वर प्रधानले हस्तान्तरण गर्नुभएको नवनिर्मित विद्यालय भवनको प्रमाणपत्र नगर प्रमुख सुनिल प्रजापतिले विद्यालयका प्रअ रीता लाखेमरुलाई हस्तान्तरण गर्नुभएको थियो ।

प्रमुख अतिथि प्रजापति तथा अतिथिहरूले विद्यालयका उत्कृष्ट विद्यार्थी तथा अतिरिक्त क्रियाकलापका विजयी छात्रछात्राहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
व्यासी, भक्तपुर

**Audio Notice सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि *Audio Notice* सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Audio Notice नम्बर : १६१८०१६६१००९६

***भक्तपुर नगरपालिका***

# भक्तपुर नपामा नयाँ प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीलाई स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नपामा सरुवाभई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीलाई चैत ११ गते एक समारोहबीच भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो।



भनपाका प्रमुख, उपप्रमुखलगायत स्वागत कार्यक्रममा

स्वागत तथा परिचयात्मक कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको उद्देश्य जनताको सेवा गर्ने र देशको उत्कृष्ट नपाको रूपमा स्थापित गर्ने रहेको बताउनुभयो। उहाँले जनप्रतिनिधिले बनाएको नीति सही तरिकाले कार्यान्वयन भए नगरपालिकाको हरेक काम सफल हुने बताउनुभयो।

भ्रष्टाचारविरोधी आन्दोलनको इतिहास बोकेको भक्तपुरका जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले आर्थिक अनुशासनमा रही पार्टीको घोषणापत्रलाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अगाडि बढाएको उहाँले चर्चा गर्नुभयो। उहाँले भक्तपुर नगरपालिकाले विकास निर्माणको कार्य ठेक्कामा नभई उपभोक्ता समितिमार्फत् गरी बलियो संरचना बनाउँदै स्थानीय जनताको अपनत्व कायम हुने गरी काम गरिरहेको बताउनुभयो।

सबै क्षेत्रमा भागबण्डा गरी खाने सोचकै कारण देशको कहालीलाग्दो स्थिति उत्पन्न भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले मूर्त–अमूर्त सम्पदाले भरिएको भक्तपुर नगरलाई ज्ञानविज्ञान र सांस्कृतिक केन्द्र बनाउँदै स्वच्छ, पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले नगरवासीको हितमा घरदैलो नर्सिङ सेवा सञ्चालन गरेको, नियमित सरसफाइ र भक्तपुरमै आँखा अस्पतालसहितको ख्वप अस्पताल खोल्ने तयारीमा रहेको जानकारी दिनुभयो।

भक्तपुर नपामा सरुवाभई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले भक्तपुरले नियमसंगत काम गरिरहेको बताउनुहुँदै साँस्कृतिक नगर निर्माणको निम्ति प्रतिबद्ध भइ जनप्रतिनिधिहरूलाई सहयोग गर्ने बताउनुभयो। विभिन्न स्थानीय निकायमा काम गरेको अनुभव सुनाउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले देशकै उदाहरणीय र अनुकरणीय कार्य गरिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, भनपाका योजना प्रमुख रामगोविन्द श्रेष्ठ, निवर्तमान प्र.प्र.अ. रोहितराज पोखरेल, नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले पनि आ–आफ्नो विचार राख्नुभएको थियो।



# कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला गोष्ठी

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्थाहरूले संस्थागत फाइदा र नाफाको लागि मात्र काम गर्नु उचित नभएको बताउनुभयो। समाज सुधारको निम्ति सहकारी संस्थाको भूमिका महत्त्वपूर्ण हुने बताउनुहुँदै उहाँले सहकारीको पैसा देश र समुदायको हितको निम्ति परिचालन हुनुपर्ने र देशलाई आत्मनिर्भर बनाउन कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

बाराही बचत तथा ऋण सहकारी संस्था एक्सेस पहिलो ब्याचको २० औं कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशाला गोष्ठीको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले स-साना काममा विदेशी संस्थाको सहयोग लिने प्रवृत्तिले देश परनिर्भरतातर्फ धकेलिरहेको बताउनुभयो।

संरा अमेरिकी सरकारले नेपाललाई गरेको आर्थिक सहयोग प्राप्त गर्न मित्र देश प्रजग कोरिया विरुद्धको अमेरिकी नाकाबन्दीलाई समर्थन गर्न र तिब्बतीलाई चीन नफर्काउन दबाब दिएको बताउनुहुँदै प्रमुख प्रजापतिले नेपालको आन्तरिक मामिलामाथि भएको हस्तक्षेप स्वीकार्य नहुने धारणा राख्नुभयो।

भक्तपुर नगरपालिका स्थानीय सरकार भएको हुँदा कसैको दबाब र शर्त अगाडि झुक्न नहुने बताउनुहुँदै भक्तपुरका सम्पदा पुनःनिर्माणमा विदेशी सहयोगलाई भन्दा स्थानीय जनताको सहयोगलाई प्राथमिकता दिई कार्य अगाडि बढाइरहेको उहाँले बताउनुभयो।

देशको अर्थतन्त्र कहालीलाग्दो स्थितिमा पुगेको बताउनुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले आर्थिक अनुशासनमा बसेर समुदायको हितमा केन्द्रित भई सहकारी ऐनभित्र बसी देशलाई कसरी योगदान गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिन आवश्यक भएको बताउनुभयो।

प्रमुख प्रजापतिले निजीकरणको बाटो लिएर समाजवादमा पुग्न नसकिने बताउनुहुँदै समाजवादउन्मुख संविधानअनुसार उत्पादनका मुख्य मुख्य साधनहरू क्रमशः सामाजिकीकरण गर्दै लान आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा नेफ्स्कुनका सञ्चालक सदस्य नानीकाजी शाक्यले एक्सेस ब्रान्डले देशको सहकारी अभियानमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताउनुहुँदै सहकारी संस्थाहरूले व्यापक जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो।

जनसचेतन साकोस काभ्रेका अध्यक्ष भिमप्रसाद दाहालले सरकार र सरकार सञ्चालन गर्ने कर्मचारीहरू सहकारी संस्था बलियो बनाउने पक्षमा नभएको बताउनुहुँदै सहकारीलाई सही ढंगले सञ्चालन गर्न सहकारी अभियानजस्ता महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गरेको बताउनुभयो।




बाराही बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बलराम प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संस्था भक्तपुरका अध्यक्ष कृष्णगोविन्द लाखा, बाराही बचत तथा ऋण सहकारी संस्थाका संस्थापक सदस्य राधेश्याम सुवालले पनि बोल्नुभएको थियो।

# भक्तपुर नपाद्वारा प्रशिक्षकहरूको तालिमसम्बन्धी भेला

भक्तपुर नगरपालिकाको आयोजनामा प्रशिक्षकहरूको तालिमसम्बन्धी एक भेला कार्यक्रम चैत १० गते भनपाको सभाकक्षमा सम्पन्न भयो।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सामुदायिक विद्यालय विद्यार्थीहरूको पहिलो रोजाई बनाउन भक्तपुर नगरपालिकाले नगरभित्रका ९२ वटा विद्यालयका शिक्षक-शिक्षिकाहरूको लागि विभिन्न विषयमा तालिमको आयोजना गर्न लागेको जानकारी गराउनुभयो।



संस्थागत र सामुदायिक विद्यालयबीचको शैक्षिक गुणस्तरमा एकरूपता ल्याउन विभिन्न विषयको तालिमको आवश्यकता औंल्याउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीको शैक्षिक क्षमता अभिवृद्धि गर्न नगरपालिकाले विषयगत तालिमको कार्यक्रमलाई अगाडि सारेको बताउनुभयो।

भक्तपुरलाई देशकै उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा विकास गर्न नगरपालिकाले प्राथमिक र माध्यमिक विद्यालयका शिक्षक-शिक्षिकाहरूलाई तालिम दिनुका साथै मन्टेश्वरी सिकाइ प्रविधिको पनि तालिम सञ्चालन गर्ने बताउनुभयो।

शिक्षकहरूले कमजोर विद्यार्थीको शैक्षिक स्तर उकास्न विशेष ध्यान दिन आग्रह गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर इन्जिनियरिङ शिक्षामा उत्कृष्ट गन्तव्यको रूपमा स्थापित भइरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले शिक्षक-शिक्षिकाहरूको तालिम सञ्चालनको उद्देश्य र आवश्यकताबारे प्रस्ट पार्नुहुँदै भक्तपुरको शैक्षिक स्थिति राम्रो बनाउन शिक्षकहरूको मिहिनेत र योगदानले ठूलो भूमिका खेल्ने बताउनुभयो।

अङ्ग्रेजी, नेपाली, गणित, विज्ञान र सामाजिक विषयमा शिक्षक-शिक्षिकाहरूलाई तालिम दिने नगरपालिकाले जनाएको छ। कार्यक्रममा भक्तपुरका विभिन्न विद्यालयका प्रशिक्षकहरूको उपस्थिति थियो।

तालिम यही चैत १३ गतेबाट सञ्चालन हुने जानकारी दिइएको छ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ।

# मिस्टर पावर तथा मिस पावर

भक्तपुरका राजेश सुवाल र पार्वती खड्का क्रमशः 'दोस्रो मिस्टर पावर २०७५' तथा 'पहिलो मिस पावर २०७५' घोषित भएका छन्।




भक्तपुर नगरपालिका ९ नं. वडा खेलकुद समितिको आयोजनामा चैत्र १० गते दत्तात्रयमा सम्पन्न पावर लिफ्टिङ प्रतियोगितामा सुवालले स्क्वाट, बेन्चप्रेस र डेडलिफ्ट तीनवटै विधामा गरी जम्मा ५१० केजी तौल उचालेका थिए भने खड्काले कूल २३२ केजी तौल उचालेकी थिइन्।

खेल क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई शैक्षिक तह समानको समकक्षता प्रदान गर्नुपर्नेमा जोड दिनुभयो। खेलकुद क्षेत्रमार्फत नेपाली युवाहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाउने कार्य गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले खेलाडीहरूको उचित सम्मान गर्ने हो भने उनीहरूको कौशलताको आधारमा शैक्षिक प्रमाणपत्र दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

सांसद सुवालले भारतसँगको खुला सिमानाको कारण नेपालको सार्वभौमिकता र स्वाधीनतामाथि बारम्बार आच आइरहेको चर्चा गर्नुहुँदै युवाहरूलाई खेल गतिविधिसँगै अनिवार्य सैनिक तालिम दिइनुपर्ने नेमकिपाको दृष्टिकोण रहेको बताउनुभयो। खेल मैदान र खेलकुद गतिविधि धेरै भएमा अस्पताल र स्वास्थ्य संस्थाहरू कम भए पुग्ने उहाँको भनाइ थियो।

यसअघि प्रतियोगिताको उद्घाटन गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले विभिन्न देशहरूमा विद्यमान राजनैतिक द्वन्द समाप्त गर्न खेल कुटनीति अपनाएको उदाहरणहरू रहेको बताउनुभयो। उहाँले भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउनुको





प्रतियोगितामा सहभागी खेलाडीहरू

प्रतियोगिताका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं सासद प्रेम सुवालले विजयी खेलाडीहरूलाई बधाइ ज्ञापन तथा मेडल र नगद पुरस्कार वितरण गर्नुहुँदै

साथै स्वस्थ, इमानदार र समाजप्रति उत्तरदायी युवाहरूको थलो बनाउने ध्येयले नगरपालिकाले खेल गतिविधिलाई प्राथमिकता दिइरहेको प्रष्ट पार्नुभयो। हरेक वडामा ➲➲

# मानव अंग प्रत्यारोपण केन्द्रलाई हेमोडाइलाइसिस मेशिन हस्तान्तरण

भक्तपुर जिल्लाकै पुरानो भक्तपुर अस्पतालले आफ्नै परिसरमा संचालित शहीद धर्मभक्त मानव अंग प्रत्यारोपण केन्द्रलाई २ वटा हेमोडाइलाइसिस मेशिन हस्तान्तरण गरेको छ । अस्पतालको सभाकक्षमा चैत्र १० गते आयोजित एक कार्यक्रममा प्रदेश नं. ३ का सामाजिक विकास मन्त्री युवराज गर्तौलामार्फत ती मेशिनहरू केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठलाई हस्तान्तरण गरिएको थियो ।

केन्द्रमा दैनिक २०० जनाको हाराहारीमा मृगौला रोगीहरूलाई डाइलाइसिस उपचार गरिरहेको र रोगीहरूको चाप दिनहुँ बढिरहेको सन्दर्भमा उपचारलाई थप सहज बनाउन मेशिनहरू हस्तान्तरण गरिएको अस्पताल स्रोतले बतायो । भक्तपुर अस्पतालमा ती मेशिनहरू दुई वर्षअघि जर्मन सहयोग संस्थाले सहयोग स्वरूप प्रदान गरिएको र हालसम्म जनशक्ति अभावको कारण प्रयोगमा नआइरहेको चर्चा गर्नुहुँदै आफ्नै परिसरमा रहेको देशकै उत्कृष्ट अंग प्रत्यारोपण अस्पताललाई मेशिन प्रदान गर्न पाएकोमा खुसी लागेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुधा देवकोटाले बताउनुभयो ।

केन्द्रका निर्देशक डा. श्रेष्ठले अस्पताललाई धन्यवाद ज्ञापन गर्नुहुँदै अस्पताललाई आवश्यक पानी केन्द्रको तर्फबाट प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले अंग प्रत्यारोपण केन्द्रमा मृगौलासँगै कलेजोको सफल प्रत्यारोण भइरहेको उल्लेख गर्नुहुँदै २ जना मुटुरोग विशेषज्ञको दरबन्दी सरकारले बन्दोबस्त गरेमा दक्षिण एसियामै उत्कृष्ट स्तरको मुटु रोग उपचार गर्न सक्ने क्षमता रहेको बताउनुभयो । हालै अस्पतालले प्रदान गरेको डाइलाइसिस मेशिनमध्ये एउटाले भक्तपुरवासीलाई प्राथमिकतामा राखेर उपचार सेवा प्रदान गर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा मन्त्री गर्तौलाले भक्तपुर अस्पताल जिल्ला स्तरको मात्र नभई क्षेत्रीय स्तरको भएको चर्चा गर्नुहुँदै अस्पताल विकासको निम्ति प्रदेश सरकार सबै खालको सहयोग गर्न तयार रहेको बताउनुभयो । उहाँले अस्पतालमा चिकित्सक, प्रशासन र विभागहरूबीच समन्वयको अभाव भएको आफूले अनुभव गरेको उल्लेख गर्नुहुँदै स्थानीय तह र स्थानीय जनताको भावनाअनुसार सेवा सुविधा विस्तार गर्नुपर्नेमा जोड दिनुभयो ।

---

बालबच्चादेखि ज्येष्ठ नागरिकहरूलाई समेत स्वस्थ राख्न शारीरिक व्यायामस्थलहरू निर्माण गरिरहेको उहाँले बताउनु भयो ।

भनपा ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र भनपा १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले नगरपालिकाले विद्यालय तहदेखि नै उत्कृष्ट खेलाडीहरू उत्पादन गर्ने उद्देश्यसहित प्रतियोगिताहरू संचालन गरिरहेको र नगरवासी जनताको साथ र समर्थन पाइरहेको बताउनुभयो ।

नेमकिपा ९ वडा समितिका संयोजक कृष्णभक्त लवजूले निर्वाचनमा जनताबीच नेमकिपाले व्यक्त गरेको प्रतिवद्धता बमोजिम नगरपालिकाका जनप्रतिनिधिहरूले कार्य गरिरहेको चर्चा गर्नुहुँदै नगरलाई सुन्दर, सभ्य र स्वस्थ बनाउन सबैजना एकतावद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

आयोजक समितिका अध्यक्ष राजेश प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त प्रतियोगितामा नेपाल शारीरिक सुगठन तथा फिटनेस संघका केन्द्रीय उपाध्यक्ष दिनेशराज श्रेष्ठ, ९ नं. वडा खेलकूद समितिका सल्लाहकारहरू कृष्णप्रसाद धन्छा र जगनाथ प्रजापति, समितिका उपाध्यक्ष बाबुकाजी मानन्धर, संजय मानन्धरलगायतले आ–आफ्नो धारणा व्यक्त गर्नुभयो ।

प्रतियोगितामा ६२ केजीसम्मको तौल समूहमा पुरुषतर्फ समग्रमा दिवेक अवाल प्रथम, किरण सुवाल द्वितीय र अनिल राई तृतीय हुन सफल भएका थिए भने सोही तौल समूहमा महिलातर्फ समग्रमा पार्वती खड्का प्रथम, अन्जली श्रेष्ठ द्वितीय र सृजना घिसिङ तृतीय भएका थिए । त्यस्तै ६२ केजीभन्दा माथिको समूहमा राजेश सुवाल प्रथम, सुरज डंगोल द्वितीय र गंगाराम गोर्खाली तृतीय हुन सफल भएका थिए । यससँगै दोस्रो मिस्टर पावर २०७५ को उपाधी जित्न सफल खेलाडी राजेश सुवालले बेन्चप्रेस विधामा १६० केजी तौल उचालेर नेपाल रेकर्ड कायम गरेको प्रमुख निर्णायक विनेश जोन्छेंले जानकारी दिनुभयो ।

कार्यक्रममा हालै थाइल्याण्डमा सम्पन्न वर्ल्ड बडिबिल्डिङ कम्पिटिसनमा ७५ केजी तौल समूहमा विश्वविजेता बन्न सफल नेपाली खेलाडी महेश्वर महर्जनलाई प्रमुख अतिथि सुवालले सम्मान गर्नुभयो । त्यस्तै भारतमा सम्पन्न विश्वस्तरीय प्रतियोगितामा पदक जित्न सफल ज्ञानेन्द्र नकर्मी र रोजन नकर्मीलाई पनि सम्मान गरिएको थियो ।

# भक्तपुर नपाको स्थानीय पाठ्यक्रमबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न




भक्तपुर नगरपालिकाद्वारा विद्यालय स्तरमा सञ्चालित स्थानीय पाठ्यक्रमबारे जनप्रतिनिधि र शिक्षाविद्को उपस्थितिमा विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक–शिक्षिकाहरूबीच चैत ८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्नभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको मौलिक सीप, प्रविधि, इतिहासलाई जीवित राख्न र नयाँ पुस्तालाई स्थानीय विषयमा जानकार बनाउन नगरपालिकाले शैक्षिक वर्ष २०७५ देखि भक्तपुरका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागुगरेको बताउनुभयो।

प्रमुख प्रजापतिले निजी र सामुदायिक विद्यालयबीचको शैक्षिक गुणस्तरमा भएको भेद अन्त्यगर्न नगरपालिकाले समान रूपमा सबै विद्यालयहरूबीच विभिन्न प्रतियोगिता आयोजना गरेको र नगरपालिका क्षेत्रभित्रका सामुदायिक आधारभूत विद्यालयहरूको शैक्षिक स्तर उकास्न शिक्षक–शिक्षिकाहरूलाई तालिम सञ्चालन गरी विद्यालयको भौतिक सुधारको लागि आर्थिक सहयोग प्रदान गर्दै आएको जानकारी दिनुभयो।

उहाँले आधारभूत तहमा पढाउने शिक्षकहरूको लागि निकट भविष्यमै विभिन्न विषयहरूको तालिमहरू संचालन गर्ने भनपाले तयारी गरिरहेको बताउनुभयो।

उहाँले एक वर्षमा विद्यालयहरूमा स्थानीय पाठ्क्रमबारे अनुगमनबाट प्राप्त प्रतिवदेनबारे पनि जानकारी दिनुहुँदै विद्यालयहरूले थप मिहिनेत गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो।

कार्यक्रममा शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले किताबमात्र पढाउने शिक्षक अब काम नलाग्ने बताउनुहुँदै प्रतिस्पर्धी विद्यार्थी उत्पादनगर्न शिक्षक–शिक्षिकाहरू प्रविधिमैत्री हुनुपर्ने बताउनुभयो। उहाँले विद्यालयहरूमा स्थानीय सङ्ग्रहालयको आवश्यकता औंल्याउनुहुँदै विद्यार्थीलाई करले होइन रहरले पढाउन हौस्याउनु पर्ने बताउनुभयो। उहाँले भक्तपुर नगरपालिका आफ्नो क्षेत्रभित्र सबै ठाउँमा स्थानीय पाठ्यक्रम लागू गर्ने देशकै पहिलो नगरपालिका भएको बताउनुभयो।

विद्यार्थीलाई धेरै भाषा सिक्न र सिकाउन अभिप्रेरित गर्नुपर्नेमा जोड दिनुहुँदै शिक्षाविद् कोइरालाले भाषा, लिपी र संस्कृति हाम्रो देशकै सम्पत्ति भएको र यसको संरक्षण–सम्बर्द्धन गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो। विद्यार्थीले जति धेरै भाषा सिक्यो उसको स्मरणशक्ति पनि उत्तिकै बलियो हुने धारणा राख्नुहुँदै शिक्षक–शिक्षिकाहरूले विद्यार्थीको जिज्ञासा र रहरलाई बुझ्नु आवश्यक भएको बताउनुभयो।

'स्थानीय पाठ्यक्रमले भाषा र स्थानीय कला–संस्कृतिबारे सिक्ने राम्रो अवसर दिएको बताउनुहुँदै भक्तपुरको इतिहास, संस्कृति र विशेषताबारे यहाँका विद्यार्थीले थाहा पाउनुपर्छ' प्रा.डा. कोइरालाले बताउनुभयो। उहाँले पाठ्य सामग्रीको सही सदुपयोग गरी विद्यार्थीको पठनशैली बदल्नुपर्ने, विद्यार्थीलाई प्रविधिमैत्री बनाउनुपर्ने, स्थानीय ज्ञान र सीप प्रयोग गरी शिक्षण विधि अपनाउनुपर्नेमा जोड दिनुभयो।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेंले पाठ्यपुस्तकबाट हुबहु अध्यापन गराउने शिक्षण पद्धति पुरानो भइसकेको र स्थानीय पाठ्यक्रमको सही सदुपयोग गर्न सके विद्यार्थीहरू लाभान्वित हुने बताउनुभयो।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य प्रा. सिद्धिरत्न शाक्यले विद्यार्थीको चौतर्फी विकास गर्न शिक्षक–शिक्षिकाहरू स्थानीय विषयवस्तुमा जानकार हुनुपर्ने र शिक्षकहरूले पाठ्यक्रमकै आधारमा विद्यार्थीलाई पढाउनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको कार्यक्रममा सहभागी विभिन्न विद्यालयका शिक्षक–शिक्षिकाहरूले आ–आफ्नो जिज्ञासा राखेका थिए।

# पथप्रदर्शक पुनर्ताजगी कार्यक्रम

भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको सरुंयुक्त आयोजनामा चैत ७ गते स्थानीय पथप्रदर्शक पुनर्ताजगी कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पथप्रदर्शकहरू सांस्कृतिक सूचनाको प्राथमिक स्रोत हुने भएकोले स्थानीय विषयको प्राथमिकताका साथ गहन अध्ययन गर्नुपर्ने बताउनुभयो ।




उहाँले भक्तपुरबारे पूर्ण जानकार पथ प्रदर्शक उत्पादन गर्न नगरपालिकाले विभिन्न समयमा तालिम सञ्चालन गरिरहेको बताउनुहुँदै प्रत्येक व्यक्तिले देश र समाजलाई हित हुने गरी क्षमता विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटन उद्योग अत्यन्त संवेदनशील क्षेत्र भएकोले यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले पनि प्रभाव पार्ने हुँदा त्यसप्रति सचेत रहनुपर्ने बताउनुहुँदै इतिहास, भूगोल, संस्कृतिलगायत विभिन्न क्षेत्रको अध्ययन, अनुसन्धान तथ्य र प्रमाणको आधारमा गर्नुपर्ने प्रमुख प्रजापतिले बताउनुभयो । उहाँले पथप्रदर्शनको दौरानमा पर्यटकहरूले जुनसुकै समयमा पनि अप्रत्यासित प्रश्न सोध्न सक्ने भएकोले पथप्रदर्शकहरूले सो को लागि विविध क्षेत्रको गहन अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भक्तपुर सांस्कृतिक राजधानीको रूपमा स्थापित नगर भएकोले यहाँका स्थानीय पथप्रदर्शकहरूले यहाँका मौलिक संस्कृतिको आध्यात्मिक, भौतिक र लोक प्रचलनको अध्ययन अनुसन्धान गरी पर्यटकलाई सही सूचना प्रदान गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले पथप्रदर्शकहरू सद्भावना राजदूतको रूपमा रहने भएकोले पर्यटकहरूलाई सही सूचना दिई राम्रो व्यवहार गर्नुपर्ने बताउनु भयो ।

उहाँले पथप्रदर्शकहरू अद्यावधिक हुन दैनिक र नियमित अध्ययन गर्नुपर्ने बताउनुभयो । सम्पदा, संस्कृति र समाजको अन्तरसम्बन्धमा पर्यटनको महत्त्वपूर्ण भूमिका रहेको बताउनुहुँदै उपप्रमुख जोशीले अतिथिलाई आत्मसन्तुष्ट बनाउँदै इन्टरनेटमा रहेको सूचनामा भएको कमीकमजोरीलाई सच्याउँदै पथप्रदर्शकले सत्यतथ्य सूचना प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिका वातावरण तथा पर्यटन समितिका संयोजक एवं वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले यस पुनर्ताजगी तालिमले पथप्रदर्शकहरूसँग भएको ज्ञान र सूचनालाई अद्यावधिक गर्न मद्दत पुऱ्याउने बताउनुहुँदै पथप्रदर्शकहरूले नगरपालिकाले पर्यटन क्षेत्रको विकासको लागि गर्दै आएका विभिन्न क्रियाकलापहरूको जानकारी राखी पर्यटकहरूलाई सही सूचना दिनुपर्ने बताउनुभयो ।

उहाँले पर्यटकहरूलाई लक्षित गर्दै ५५ झ्याल दरबार प्रत्येक मंगलबार र शुक्रबार खुल्ला गरिएको, टौमढी क्षेत्रमा ४ पांग्रे सवारी साधन निषेध गरेको, विभिन्न स्थानमा पर्यटक शौचालयहरू र पर्यटक सूचना केन्द्रहरू निर्माण भैरहेको र भक्तपुरका सबै क्षेत्रहरूमा पर्यटनलाई फैलाउन विभिन्न पूर्वाधारहरू निर्माण भैरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेलेले पथप्रदर्शकहरूलाई अनुशासित, मर्यादित र अद्यावधिक हुँदै आफ्नो पेशा गर्न सुझाव दिँदै पथप्रदर्शकहरूको व्यवहारले पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव पर्ने हुँदा यसप्रति सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा पर्यटक सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवा र भक्तपुर पर्यटन विकास समितिका महासचिव दिपेशराज शर्माले पनि बोल्नुभएको थियो ।

# आधारभूत तह कक्षा ८ को परीक्षा सुरु

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चैत ७ गते आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) २०७५ को परीक्षा केन्द्र एभरेष्ट इङलिश सेकेन्डरी स्कूल, बासु मावि र वागीश्वरी माविको स्थलगत निरीक्षण गर्नुभयो।



प्रमुख प्रजापति एक परीक्ष केन्द्रको निरीक्षणमा

चैत ७ गतेबाट सुरु कक्षा ८ को परीक्षामा भक्तपुर नगरपालिकाभित्रका ६७ वटा विद्यालयका २ हजार ४ सय ६९ जना विद्यार्थीहरू सामेल छन्। आज सम्पन्न अंग्रेजी विषयको परीक्षामा कूल २ हजार ४ सय ९२ जना मध्ये २३ जना विद्यार्थी परीक्षामा अनुपस्थित रहेको नगर शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले जानकारी दिनुभयो। नगरस्तरीय आधारभूत शिक्षा कक्षा ८ को परीक्षा सञ्चालनको लागि परीक्षा केन्द्र पद्म मावि, एभरेष्ट इङगलिश सेकेन्डरी स्कूल, बासु मावि, जेन्युइन सेकेन्डरी स्कूल, बागीश्वरी मावि, वाइजल्याण्ड सेकेन्डरी स्कूल र आदर्श आजाद मावि गरी ७ वटा विद्यालयमा रहेको र नगरस्तरीय आधारभूत तह कक्षा ८ को परीक्षाको पहिलो दिन शान्तिपूर्ण ढंगबाट सम्पन्न भएको जानकारी नगर शिक्षा समितिले जनाएको छ।

गत वर्षदेखि आधारभूत तहको परीक्षा नगरपालिकाले सञ्चालन गर्दै आएको हो। परीक्षाको उत्तरपुस्तिकाहरू कोडिङ प्रणालीमार्फत् परीक्षण गरिने नगर शिक्षा समितिले जनाएको छ।

# रानीपोखरी पुन:निर्माणमा भक्तपुरबाट प्राविधिक सहयोग हुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौंको रानी पोखरी पुन:निर्माणमा भक्तपुर नगरपालिकाले प्राविधिक जनशक्ति सहयोग गर्ने बताउनुभएको छ।

राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशिलचन्द्र ज्ञवालीले रानीपोखरी पुन:निर्माणमा सहयोगको लागि आग्रहगरेअनुरूप आवश्यक जनशक्ति सहयोग गर्न तयार भएको बताउनु भएको हो। प्रमुख प्रजापतिले काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदा सबैका साझा सम्पदा भएको र यसको संरक्षण र सम्बर्द्धन गर्नु साझा कर्तव्य भएकोले सहयोगको लागि सकारात्मक भएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ को आयोजनामा फागुन २० गते भएको उपभोक्ता समितिहरूबीचको छलफल कार्यक्रममा बोल्नुहुँदै उहाँले उपभोक्ता समितिबाट बनेका विकास निर्माणका कार्यहरू गुणस्तरीय र कम लागतमा सम्पन्न हुने बताउनुभयो।

भक्तपुरको आर्थिक विकासमा पर्यटनले ठूलो योगदान गरिरहेको छ। उहाँले भन्नुभयो – 'भक्तपुर नगरपालिकालाई सफा, स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्य र शिक्षाको केन्द्र बनाउने लक्ष्य बोकेको छ।'

भक्तपुरको कला र संस्कृतिलाई व्यवसायीकरण गरी जनता केन्द्रित काममा भक्तपुर नपाले जोड दिएको बताउनुहुँदै उहाँले विकास निर्माणका कामहरू गुणस्तरीय र जनताको सहभागिता निर्माण सम्पन्न हुने बताउनुभयो।



उहाँले भक्तपुरको चौतर्फी विकास र नगरपालिकाको बजेट नगर र नगरवासीमै खर्च हुने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सांस्कृतिक सम्पदाहरूले भक्तपुरको सौन्दर्यलाई बढाएको चर्चा गर्नुहुँदै पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्यले सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धारको काम भइरहेको बताउनुभयो।

पूर्ववडाध्यक्ष लक्ष्मीनारायण राजलवटले उपभोक्ता समितिमा बसेर काम गर्नुको महत्त्व र फाइदाबारे बताउनुहुँदै नि:स्वार्थ रूपले काम गर्दा थोरै समयमा धेरै काम सम्पन्न हुने बताउनुभयो।

कार्यक्रममा बासु उमाविका प्राचार्य अम्बिका न्याइच्याइ, वडा सदस्य गंगालक्ष्मी बमन्, श्यामकृष्ण बाटी, कृष्णप्रसाद दुमरुलगायतले बोल्नुभएको थियो।

# अन्तरनगर कराते प्रतियोगिताको सिंहावलोकन तथा वडाहरूलाई व्यायाम सामग्री हस्तान्तरण

भक्तपुर नगरपालिकाको आयोजनामा अन्तरनगर कराते प्रतियोगिताको सिंहावलोकन तथा विभिन्न वडा र कलेजहरूलाई व्यायाम सामग्री हस्तान्तरण कार्यक्रम चैत ४ गते सम्पन्न भयो।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले युवाहरूलाई अनुशासनमा राख्न र समाजप्रति जिम्मेवार बनाउने उद्देश्यअनुरूप नगरपालिकाले प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिताको आयोजना गरेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले प्रचारको निम्ति नभई समाजको सेवा गर्ने उद्देश्य बोकी नयाँ पुस्ता र पुरानो पुस्ताबीच समन्वय गर्ने उपयुक्त ठाउँको रूपमा व्यायामस्थलहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

सिंगो समाजलाई अगाडि बढाउनु चुनौतीको विषय भएको बताउनुहुँदै प्रमुख प्रजापतिले सबै क्षेत्रका विज्ञहरूले समाजलाई अगाडि बढाउन आ-आफ्नो क्षेत्रमा योगदान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो। भक्तपुर नगरलाई सन्तुलित विकासमा जोड दिंदै आगामी दिनहरूमा हुने खेल प्रतियोगिताहरूमा कमजोर पक्षलाई आत्मसात गर्दै आफ्नो



गतिविधिलाई उत्साहित ढंगले अगाडि बढाउने प्रतिबद्धता प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जीवन्त नगर भक्तपुरलाई खेलकुद क्षेत्रमा पनि प्रतिष्ठित बनाउने प्रयास नगरपालिकाले गरेको र खेलकुद प्रतियोगिता जीत-हार भन्दा पनि नयाँ पुस्ताका खेलाडीहरू तयार गर्नु मुख्य उद्देश्य रहेको बताउनुभयो।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक तथा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले १० वटै वडामा खेलकुद समिति गठन गरी खेलकुद गतिविधिलाई वडा तहबाटै व्यापक बनाएको र खेलकुद सकारात्मक जीवन पद्धतिको लागि आवश्यक भएको बताउनुभयो।

अन्तरनगर कराते प्रतियोगिताको सिंहावलोकन कार्यक्रममा राष्ट्रिय रेफ्री राजेन्द्र कपाली, भक्तपुर कराते संघका अध्यक्ष प्रकाशमोहन धौभडेल, भलिबल खेलका प्रशिक्षक विनोदचरण राय, रामशरण त्वातीलगायतले फागुन ५ देखि



७ गते सम्म सञ्चालित अन्तर नगर कराते प्रतियोगितामा भएका सकारात्मक पक्ष र कमी-कमजोरीबारे आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो। उहाँहरूले प्रतियोगितामा नगरपालिकाले वितरण गरेको पदक कलात्मक भएको, प्रतिस्पर्धी खेलाडी तयार गर्न मद्दत पुग्ने र ग्राउन्ड व्यवस्थापनमा सुधार गर्नुपर्ने पक्षहरू रहेको औंल्याउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नपा वडा नं. २, ३, ४, ५, ८ र ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेजलाई पनि व्यायाम सामग्री वितरण गर्नुभएको थियो।

१०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# समाजलाई बुझ्न महिलाहरूले राजनीतिक साहित्यको अध्ययनमा जोड दिनुपर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले राजनीतिक कार्यकर्ताहरूले अन्तर्राष्ट्रिय क्रान्तिकारी महिला नेतृहरूको जीवनी अध्ययनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप इन्जिनियरिङ कलेजको संयुक्त आयोजनामा सम्पन्न १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा फागुन २४ गते आयोजित प्रवचन कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले परीक्षा उत्तीर्ण गर्नको लागि मात्र अध्ययन गर्नु गलत भएको बताउनुहुँदै भाषा र विभिन्न विषयवस्तुबारे जानकारी राख्न पुस्तकहरूको निरन्तर अध्ययन गर्नुपर्ने बताउनुभयो। महिलाहरूले राजनीतिक साहित्यको अध्ययनमा जोड दिंदा समाजलाई बुझ्न सजिलो हुने उहाँले बताउनुभयो।




शिक्षिक-शिक्षिकाहरू नेपाली भाषा र मातृ भाषामा दख्खल राख्नुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले समाजलाई अगाडि बढाउन र नयाँ पुस्तालाई सहयोग पुग्ने ढङ्गले व्यवहारिक शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एनजीओ, आइएनजीओले औपचारिकताको नाममा मात्र महिला दिवस मनाइरहेको बताउनुहुँदै पूँजीवादी व्यवस्थामा महिला दिवस मनाउने विभिन्न शैली हुने बताउनुभयो।

धनी महिलाको निम्ति अवसर, स्वतन्त्रता र सबै खालको सुविधा भएको तर गरिब कामदार महिला सधैं पीडित भएको बताउनुहुँदै प्रमुख प्रजापतिले महिला मुक्तिलाई वर्गीय मुक्तिसँग जोड्नु आवश्यक भएको बताउनुभयो।

राज्य संरचनामा कामदार महिलाहरूको समानुपातिक प्रतिनिधित्व आवश्यक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले महिलाहरू राजनीतिक रूपमा अगाडि बढे समाजलाई अगाडि बढाउन सजिलो हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजलाई अगाडि बढाउन शैक्षिक संस्थाले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै शिक्षित र योग्य महिलाहरू समाजप्रति उत्तरदायी हुनुपर्ने, सभ्य र सुसंस्कृत समाज स्थापना गर्न सहयोगी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा ख्वप इ. कलेजका प्राचार्य सुजन माकले क्रान्तिकारी नेतृ क्लारा जेट्किन र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले क्रान्तिकारी नेतृ रोजा लक्जमवर्गको योगदानबारे चर्चा गर्नुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी र ख्वप उमाविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे आ-आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो।

श्रमिक महिला दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा शिक्षिकाद्वय प्रभा प्रजापति र सुष्मा सापकोटाले आ-आफ्नो प्रस्तुतीकरण देखाउनुभएको थियो भने केशव तमखुले कविता वाचन गर्नुभएको थियो।

# ‘परिवर्तनका लागि महिलाहरू राजनीतिमा लाग्न आवश्यक’

सुनिल प्रजापति, प्रमुख, भक्तपुर नपा



८ मार्च अन्तर्राष्ट्रिय महिला दिवस। महिलाहरूको ज्यालावृद्धि, कामको समय घटाउने र मताधिकार पाउनको लागि आन्दोलन भएको दिन। त्यसैले आजको दिनलाई संसारभर महिला श्रमिक दिवसको अवसरमा विभिन्न कार्यक्रमहरू गरी मनाइन्छ। नेपालमा पनि सरकारी र गैरसरकारी सङ्घ-संस्थाहरू महिलाहरूको हितबारे चर्चा गर्छन्। कतिपय एनजीओ/आइएनजीओहरूले महिलाको नाउँमा लाखौँ विदेशी रकम सिध्याउँछन्।

हामी अहिले पूँजीवादी व्यवस्थामा छौँ। पूँजीवादमा समानता शब्दमा मात्रै सीमित हुन्छ। धनी र गरिबबीचको असमान व्यवहार पूँजीवादको विशेषता हो। कति महिलावादीहरू पुरुषलाई महिलाको शत्रुको रूपमा चित्रण गर्ने कोसिस गर्छन्। त्यो लैङ्गिक समस्या होइन वर्गीय समस्या हो। पूँजीवादी राजनैतिक व्यवस्था भएसम्म महिलामात्रै होइन गरिब पुरुषहरू पनि त्यतिकै पीडित हुन्छन्। त्यसैले महिला मुक्तिलाई वर्गीय मुक्तिसँग जोडेर हेर्नु आवश्यक छ।

नयाँ संविधान निर्माणको क्रममा नेपालको राज्य संरचनामा महिला प्रतिनिधित्वको विषयमा व्यापक बहस भयो। सङ्घ, प्रदेशमा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरियो। यसअघि प्रतिनिधित्वको सुनिश्चितता थिएन। उम्मेदवारीमात्रै सुनिश्चित गरिएको थियो। के महिला प्रतिनिधित्व सुनिश्चित हुँदैमा महिला अगाडि बढेको मान्न सकिन्छ ? यो प्रश्न अहिले उठेको छ। प्रतिनिधिसभा, राष्ट्रिय सभा, प्रदेश सभा र स्थानीय सभामा धेरै महिलाको प्रतिनिधित्व भइसक्यो। तर, महिलाको समस्या ज्यूँका त्यूँ छन्। महिला बेचबिखन, छाउपडी प्रथा, बोक्सीको आरोपमा महिला पिटिने, बलात्कार र घरेलु हिंसामा कमी आएन। अझ केही समयअघि राष्ट्रपति, प्रधानन्यायाधीश र सभामुख अर्थात् कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको नेतृत्व महिलाले गरेका थिए। यसर्थ कुन वर्गको महिलाले प्रतिनिधित्व गऱ्यो भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ।

जबसम्म कामदार वर्गका महिलाहरू राजनीतिमा सहभागी हुँदैनन्, त्यसबेलासम्म महिला सहभागिता औपचारिकतामा सीमित हुन्छ। अहिले राजनैतिक दलमा केन्द्रदेखि स्थानीय तहसम्म सबै समितिहरूमा ३३ प्रतिशत महिला अनिवार्य गरेको छ तर सङ्गठनमा महिलाहरूको उपस्थिति कम देख्छौँ। निर्वाचन वा राज्य संरचनाको पदमा जान प्रतिस्पर्धा गर्ने महिला गरिब जनताको सेवाको निम्ति जुनसुकै पदमा बसेर काम गर्न तयार भएका भए कानुनले आरक्षणको व्यवस्था नै गर्नु आवश्यक पर्दैन।

राजनैतिक नियुक्ति, जागिर वा अन्य ठाउँहरूमा प्रतिनिधित्व सुनिश्चित गरिएको छ। त्यो नराम्रो होइन। तर, आरक्षणले प्रतिस्पर्धाको भावनालाई कमजोर बनाउँछ। महिला र पुरुषबीच कुनै पनि क्षेत्रमा प्रतिस्पर्धाको वातावरण निर्माण गर्नुपर्छ। त्यसको लागि महिलाहरू स्वयम् सक्रिय राजनीतिमा आउनुको विकल्प छैन।

कुनै व्यवसायमा लाग्नु र राजनीतिमा लाग्नु फरक-फरक कुरा हुन्। राजनीतिले व्यापक दृष्टिकोण दिन्छ भने व्यवसायले नाफा घाटाको स्वार्थी विचारमात्रै दिन्छ। त्यसैले आफ्नो व्यवसायको साथै राजनीतिलाई पनि सँगसँगै लानुपर्ने आवश्यक छ। राजनैतिक रूपले सक्षम महिलाहरूले समाजलाई अगाडि लान मद्दत गर्छन्।

अहिले समाजमा थुप्रै विभेदहरू छन्। विद्यालय हेर्‍यौँ भने प्राविमा अधिकांश महिलाहरू र माथिल्लो कक्षामा पढाउनेहरू अधिकांश पुरुषहरू पाउँछौँ। महिलाहरू सुत्केरी हुँदा वा अन्य काम विशेषले केही लामो बिदामा बस्नुपर्दा कामबाट निकालिने डर हुन्छ। कतिपय पूँजीवादी देशहरूमा निजी कम्पनीहरूमा महिलाहरूलाई काममा राख्नुअघि ५ वर्षसम्म बच्चा नजन्माउने शर्त गराउने गरेको सुन्छौँ। रोजगारीको निम्ति महिलाहरूले आफ्नो इच्छालाई पनि दबाएर राख्नुपर्ने बाध्यता पूँजीवादमा हुन्छ।

पैसाको निम्ति हजारौं महिलाहरू विदेशमा रोजगारीको लागि अनेक उपाय गरेर गएका छन्। तिनीहरू नक्कली विवाह गरेर वा दलालको जालमा फसेर विभिन्न देशमा नारकीय जीवन बिताइरहेका छन्। महिलालाई मालसामानझैं बेचबिखनको वस्तु बनाइरहेका छन्। महिला बेचबिखन, बलात्कार, हत्याजस्ता जघन्य अपराध गर्ने अपराधीहरूलाई मृत्युदण्ड दिनुपर्छ भनेर हामीले माग गऱ्यौँ। एकजनाको अपराधले सयौं मानिले मरेतुल्य जीवन जिउनुपर्छ। तर, सरकारमा बस्नेहरू त्यसको लागि तयार छैनन्। केटी बेचबिखनमा जेल परेकाहरू २/४ महिनामा छुट्छन्।

# सभ्य समाज निर्माणको लागि खेलकुदको आवश्यकता

नेपाल मजदुर किसान पार्टीको ४५ औं स्थापना दिवसको अवसरमा आयोजित अन्तर वडा खेलकुद समिति पुरुष युगल ब्याडमिन्टन प्रतियोगिता २०७५ को पुरस्कार वितरण चैत २ गते सम्पन्न भयो।




वडा खेलकुद समिति गठन गरी विभिन्न खेलकुद गतिविधिहरूलाई वडा तहमा व्यापक बनाएको उहाँले बताउनुभयो।

प्रतियोगितामा भक्तपुर नपा ५ वडा खेलुकद समितिका जीवन कवां र राजेश खाइतु प्रथम, ४ वडा खेलकुद समितिका रबिन घेमोसु र श्यामसुन्दर ख्याजु द्वितीय, ३ वडा खेलकुद समितिका लक्ष्मीनारायण सुवाल आनन्द र हाडा तथा २ वडा खेलकुद समितिका रबिन लघु र राजु बासुकलाले तृतीय स्थान हासिल गर्नुभएको थियो ।

विजयी खेलाडीहरूलाई प्रमुख अतिथि सुनिल प्रजापतिले मेडल, ट्रफी र प्रशंसा वितरण



भक्तपुर नपा वडा नं. १ द्वारा आयोजित उक्त कार्यक्रममा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सभ्य समाज निर्माणको लागि खेलकुदको आवश्यकता औंल्याउनुभयो।

अनुशासनले समाजलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले अनुशासित, स्वस्थ, सभ्य र सक्षम नागरिक तयार गर्ने उद्देश्य राखेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले स्थानीय र मौलिक खेललाई प्राथमिकतामा राखेको  बताउनुहुँदै खेलकुद प्रशिक्षण र प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिताहरू आयोजना गरिरहेको बताउनुभयो। भक्तपुर नगरका दशवटै वडामा

गर्नुभएको थियो। साथै उहाँले खेलका एम्पायर र रेफ्रिलाई पनि प्रशंसा पत्र प्रदान गर्नु भएको थियो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले ट्रफी र संयोजकहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

---

➲➲ फेरि तिनीहरू आफ्नो धन्दा सुरु गर्छन्। पूँजीवादी व्यवस्था त्यस्ता महिला बेचबिखन, बलात्कारी र हत्याराहरूको संरक्षण गर्ने व्यवस्था हो।

राष्ट्रपति चढ्न करोडौंको गाडी, अरबौंको हेलिकप्टर र भ्रमणमा जाँदा सवारीजामले देशमा गणतन्त्र आए पनि राजतन्त्रको झल्को दिइरहेको छ। गरिब जनतामा धनी राष्ट्रपति बनेको आरोप पनि छ।

समाजवादी देशहरू प्रजग कोरिया, क्युवा र चीनका महिलाहरू सबै क्षेत्रमा समानता पाएर सिङ्गो समाजलाई अगाडि बढाइरहेका छन्। सोभियत सङ्घमा समाजवाद भएसम्म त्यहाँका महिलाहरू सुखी थिए। अहिले नेपाली महिलाहरूझैं विभिन्न देशमा गएर शरीर बेच्न बाध्य छन्।

यसर्थ सबै कुराको निर्णय राजनीतिले गर्छ। सबै महिलाहरू परिवर्तनको लागि राजनीतिमा लाग्नु आवश्यक छ ।

*(१०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसमा फागुन २४ गते आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य- सं.)*

# भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र नेपाल ट्रस्टका पदाधिकारीबीच छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नपा पदाधिकारीहरू तथा नेपाल ट्रस्टका सचिव गजेन्द्र ठाकुरको नेतृत्वमा आएको नेपाल ट्रस्टका पदाधिकारीहरूबीच चैत १ गते नगरपालिका सभाकक्षमा बैठक सम्पन्न भयो।

बैठकमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले पर्ति सरकारी जग्गा अतिक्रमण भइरहेको हुँदा जग्गा संरक्षणको आवश्यकतालाई मध्यनजर गर्दै भक्तपुर नपा वडा नं. १ स्थित १०८ रोपनी जग्गाको संरक्षणको कार्य अगाडि बढाएको बताउनुभयो। उक्त जग्गा २०२६ सालमा जग्गा धनीलाई प्रतिरोपनी रु. १२०० र मोहीलाई रु. ८०० दिएर जबरजस्ती राजदरबारले कब्जा गरेकोमा प्रजातन्त्र पुनःस्थापनापश्चात उक्त जग्गा स्थानीय जनताको भावनाअनुसार ख्वप विश्वविद्यालय स्थापनाको निम्ति सरकारसँग पटक पटक माग भएको स्मरण गर्दै प्रमुख प्रजापतिले जनताको सहयोग र सहभागितामा सरकारी जग्गा संरक्षण र सम्बर्द्धनको कार्यलाई अगाडि बढाएको बताउनुभयो।



नेपाल ट्रस्टका सचिव गजेन्द्र ठाकुरले नेपाल सरकारको स्वामित्वमा रहेको १०८ रोपनी जग्गाको संरक्षण आवश्यक भएको र उक्त जग्गाको संरक्षण गरेकोमा भक्तपुर नपालाई धन्यवाद दिनुहुँदै बाँकी काम पनि भक्तपुर नपा र नेपाल ट्रस्टको समन्वयमा नै गर्न पाए राम्रो हुने बताउनुभयो। उहाँले सरकारको सम्पत्ति जनताकै सम्पत्ति भएको हुँदा १०८ रोपनी जग्गा संरक्षण गरी जनताको हितमा अधिकत्तम सदुपयोग गर्ने विचार प्रस्तुत गर्नुभयो। उहाँले नागरिक कल्याणको निम्ति गरेको संरक्षण कार्य सकारात्मक रहेको बताउनुभयो।

आजको छलफलले भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित नेपाल ट्रस्टको स्वामित्वमा रहेको १०८ रोपनी जग्गाको संरक्षणसँगै भक्तपुरवासी जनताको हितमा अधिकत्तम सदुपयोग गर्ने, १०८ रोपनी जग्गा संरक्षणका लागि भक्तपुर नपाले आफ्नै लगानीमा नक्सापास गरी उपभोक्ता समितिमार्फत् रु. ९८ लाख बराबरको बजेटमा उक्त जग्गाको पूर्व, दक्षिण र पश्चिमतिर पर्खाल लगाइरहेको कार्यप्रति नेपाल ट्रस्ट सकारात्मक रहँदै उक्त जग्गा के–कति क्षेत्रफल छ भन्ने पुनः एकिन गर्न भक्तपुर नगरपालिका र नेपाल ट्रस्टको संयुक्त रोहबरमा नापी कार्यालयमार्फत नाप जाँच गरी सिमाङ्कन गर्ने पनि निर्णय गऱ्यो।

# ‘विद्यार्थीको पहिलो रोजाई सामुदायिक विद्यालय हुनुपर्छ’

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा आर्जनको लागि अभिभावक र विद्यार्थीको पहिलो रोजाई सामुदायिक विद्यालय हुनुपर्नेमा जोड दिनुभयो।




आधारभूत विद्यालय समितिको २० औं वार्षिकोत्सव समारोहको चैत १ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले सामुदायिक विद्यालयहरू निजी विद्यालयसँगको प्रतिस्पर्धामा जान नहुने विचार राख्नुभयो।

सामुदायिक विद्यालयको स्तर राम्रो बनाउन स्थानीय सरकार, शिक्षकको मिहिनेत र विद्यार्थीहरूको लगनशीलता आवश्यक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले नगरभित्रका सामुदायिक विद्यालयहरूको भौतिक सुधारको लागि आर्थिक सहयोग प्रदान गर्दै आएको र शैक्षिक स्तर उठाउन शिक्षक-शिक्षिकाहरूलाई मन्टेश्वरी सिकाइ प्रविधिको तालिम सञ्चालन गरेको बताउनुभयो।

भक्तपुरको इतिहास, भूगोल, कला-संस्कृति, सम्पदा, खेलकुद आदिको विषयमा नयाँ पुस्तालाई जानकारी दिन भक्तपुर नगरभित्रका सबै विद्यालयहरूमा शिक्षा ऐन र स्थानीय पाठ्यक्रम लागू गरेको बताउनुभयो।

पद्म माविका स्रोत व्यक्ति ध्रुवलाल हमालले आधारभूत विद्यालय समिति विद्यालय र विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गठन भएको बताउनुभयो। शिक्षकहरूको दायित्व विद्यार्थीलाई पढाउने मात्र नभएको बताउनुहुँदै उहाँले समाजलाई अगाडि बढाई समुदायको आवश्यकता परिपूर्तिमा पनि ध्यान दिनुपर्ने बताउनुभयो।

बासु माविका प्रअ अम्बिका न्याइँच्याइँले समितिले गुणस्तरीय शिक्षा र शिक्षण पद्धति परिस्कृत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै विद्यार्थीको बौद्धिक क्षमता विकासको निम्ति अतिरिक्त क्रियाकलाप सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो।

आधारभूत माध्यमिक विद्यालयका संस्थापक अध्यक्ष पुष्पलाल सुजखूले देशको लागि असल नागरिक तयार गर्ने उद्देश्यले समितिको स्थापना भएको बताउनुभयो।



अवकाश प्राप्त शिक्षकहरू (माला पहिरिएका)

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले २०७५ सालमा अवकाश प्राप्त शिक्षक-शिक्षिकाहरूलाई दोसल्ला ओढाई सम्मान पत्र प्रदान गर्नुका साथै विभिन्न प्रतियोगिताका विजयीहरूलाई पदक र प्रमाण पत्र वितरण गर्नु भएको थियो।

**सफाइ अरुको लागि होइन हाम्रो आफ्नै लागि हो।**

# प्रसिद्ध बिस्केट जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सरोकारवालाहरूको बैठक

भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा व्यवस्थित र शान्तिपूर्ण तरिकाले सम्पन्न गर्न भक्तपुर नगरपालिकाको आयोजनामा विभिन्न सरोकारवालाहरूसँग फागुन २९ गते भेला तथा छलफल कार्यक्रम सम्पन्न भयो।




उक्त भेलामा विभिन्न कार्यालयका कार्यालय प्रमुखहरू, स्थानीय बुद्धिजीवी र संस्कृतिप्रेमीहरूको उपस्थिति रहेको थियो। आन्तरिक र बाह्य पर्यटकहरू पनि उपस्थित हुने बिस्केट जात्रा सञ्चालनलाई मर्यादित बनाउन विगतमा झैं नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय र सहकार्य अगाडि बढाएको छ।

भेलामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको बिस्केट जात्रा मर्यादित, शान्तिपूर्ण र अनुशासित रूपमा सम्पन्न गर्न सके भक्तपुर नगर र देशकै प्रतिष्ठा बढ्ने विचार व्यक्त गर्नुभयो। भक्तपुरलाई पर्यटकीय नगरको रूपमा विकास गर्न सम्पदा संरक्षण र विकास निर्माणका ठूल्ठूला योजनाहरू पनि उपभोक्ता समिति र अमानतबाट गर्दै आएको बताउनुभयो।

भक्तपुरका सार्वजनिक सम्पत्ति र सम्पदा निजी गर्ने प्रयास विरुद्ध संघर्ष गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले व्यक्तिगत र निजी स्वार्थको विरुद्धमा नगरपालिकाले आवश्यक पहल गरिरहेको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले बिस्केट जात्रालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नगरपालिकाले आवश्यक भूमिका खेल्ने, संस्कृति र जात्रामा भएका विकृतिलाई हटाउँदै संस्कृतिलाई अगाडि लानुपर्ने र जात्राका हरेक गतिविधिलाई लिपिबद्ध गर्नु आवश्यक रहेको विचार प्रस्तुत गर्नुभयो।

भक्तपुरका प्रजिअ नारायणप्रसाद भट्टले बिस्केट जात्राको व्यवस्थापन निकै चुनौतीपूर्ण भएको र ती चुनौतीहरू समाधान गर्न सम्बन्धित सरोकारवालाहरूले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो।

प्रहरी उपरीक्षक हिमालयकुमार श्रेष्ठले विगतका वर्षहरूमा भएका कमजोरीहरूलाई समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै जात्रा सञ्चालन हुने क्षेत्रमा रहेका निर्माण सामग्रीहरू हटाउन सूचना प्रकाशित गर्नुपर्ने बताउनुभयो।



गुठी संस्थान भक्तपुरका प्रमुख हरि सुवेदीले विगतका दिनहरूमा देखिएका कमी-कमजोरीहरू नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुहुँदै जात्रा सञ्चालनमा गुठी संस्थानले व्यवस्थापकीय भूमिका निर्वाह गर्ने बताउनुभयो। ➲➲

# मृगौला, मधुमेह, रक्तचाप र पिसाब परीक्षणसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर नगरपालिका वडा नं. ४ स्वास्थ्य समितिको आयोजनामा चैत २ गते मृगौला, मधुमेह, रक्तचाप र पिसाब परीक्षणसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।




कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरवासीलाई स्वस्थ र निरोगी बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न रोगसम्बन्धी स्वास्थ्य शिविरहरूको सञ्चालन गरिरहेको बताउनुभयो ।

रोगको पहिचान समयमै भए मात्र स्वास्थ्य उपचारमा मद्दत पुग्ने बताउनुहुँदै प्रमुख प्रजापतिले शारीरिक अभ्यास, स्वस्थ खानपिन र जीवनशैलीमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

आँखा मानव शरीरको महत्त्वपूर्ण अंग भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले तिलगंगा आँखा अस्पतालको प्राविधिक सहयोगमा भक्तपुरमा आँखासम्बन्धी सबै सुविधायुक्त आँखा अस्पताल निर्माणको तयारीमा रहेको जानकारी गराउनुभयो । उहाँले भक्तपुरमै सस्तो र गुणस्तरीय आँखा जाँच र आँखाको शल्यक्रिया पनि छिट्टै सुरु गर्ने तयारी भएको बताउनुभयो ।

कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले भक्तपुरलाई सफा, स्वच्छ, सांस्कृतिक नगर र शिक्षाको केन्द्र बनाउने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको र महिलाहरूको लागि पाठेघरसम्बन्धी शिविरहरू १० वटै वडामा सञ्चालन भइसकेको जानकारी गराउनुभयो ।

उक्त कार्यक्रममा ४ नं. वडा सदस्य राजेन्द्र माक, ४ नं. वडाको स्वास्थ्य समितिका सल्लाहकार उपेन्द्र सुवाल, स्वास्थ्य समितिका सदस्यद्वय न्हुछेराम भेले र कृष्णगोविन्द दुवाल, वडा नर्स बिमला कुम्पाख, हरिसुन्दर सुवाललगायतले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले स्वास्थ्य स्वयम्सेविकाहरूलाई स्वास्थ्य सामग्री वितरण गर्नुभएको थियो ।

---

कार्यक्रममा भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेले, विद्युत प्राधिकरण भक्तपुरका कार्यालय प्रमुख प्रज्ज्वलमान श्रेष्ठ, नेपाल टेलिकम भक्तपुरका कार्यालय प्रमुख वीरेन्द्र श्रेष्ठ, स्थानीय अनन्त धौभडेल, हाकुज्या प्रजापति समाजका अध्यक्ष रामबहादुर प्रजापतिलगायतले गुठी संस्थान र भैरव नाइकेहरूले पूजा समयमै सम्पन्न गरी जात्रा समयमै सुरु गरी अँध्यारो हुनुभन्दा अगाडि नै सम्पन्न गर्नुपर्ने, हुलहुज्जत गर्नेहरूलाई कडाइका साथ कारबाही गर्नुपर्ने र कारबाही गरिएकाहरूलाई सार्वजनिक गर्नुपर्ने, भैरवनाथको रथ तान्नु एक दिन अगाडि रथ निर्माण र रंगरोगनको सम्पूर्ण काम सकाउनुपर्ने, रथ तान्ने डोरी बलियो राख्नुपर्ने, रथ बनाउने रकमीहरूलाई समयमै भुक्तानी दिनुपर्ने सुझावहरू दिनुभयो ।

छलफलबाट बिस्केट जात्रा शान्तिपूर्ण र मर्यादित रूपमा भव्यताका साथ सम्पन्न गर्न भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा ११ जनाको एक विशेष कार्यदल गठन गर्ने, भक्तपुर नपाले माइकिङ, सूचना प्रवाह, पर्चा पम्प्लेट प्रकाशित गर्ने र नगरवासीहरूलाई विभिन्न गतिविधिमार्फत शान्तिपूर्ण रूपमा जात्रा सञ्चालन गर्न आग्रह गर्ने साथै नगरभरि जात्रा सञ्चालन गर्ने क्षेत्रमा सरसफाइ गर्ने, जिल्ला प्रशासन कार्यालय तथा मातहतका सम्पूर्ण सुरक्षा निकायहरूले जात्रा अवधिभर सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन लागि पर्ने, गुठी संस्थान, भैरवनाथ जात्रा सहयोग समितिलगायत सम्बिधत संस्थाहरूले समयमै शान्तिपूर्ण र व्यवस्थित रूपमा जात्रा सञ्चालन गर्न आवश्यक तयारी गर्ने, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क तथा इन्टरनेट सेवा प्रदायक संस्थाहरूले जात्रा सञ्चालन हुने क्षेत्रहरूमा आ-आफ्ना तार तथा लट्ठाहरू व्यवस्थित गर्ने र भक्तपुर नपाका जनप्रतिनिधि, सुरक्षा निकायहरू, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, विद्यालय कलेज तथा स्थानीय जनताको व्यापक सहभागितामा र्‍याली तथा सभा गर्ने निर्णयहरू गर्‍यो ।

# भक्तपुरको च्याम्हासिंहमा आँखाको शल्यक्रियाको सुविधा हुने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तिलगंगा आँखा केन्द्रको प्राविधिक सहयोगमा भक्तपुरको च्याम्हासिंहमा आँखा अस्पताल निर्माण हुने बताउनुभएको छ ।




भक्तपुर नगरपालिका ३ नं. वडा कार्यालय र तिलगंगा आँखा केन्द्रको प्राविधिक सहयोगमा फागुन २५ गते आयोजित नि:शुल्क आँखा शिविर उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले तिलगंगा आँखा अस्पतालमा उपलब्ध सबै सेवा-सुविधायुक्त आँखा अस्पताल निर्माणको तयारीमा रहेको जानकारी गराउनुभयो । भक्तपुरको च्याम्हासिंहमा बन्ने उक्त आँखा अस्पतालमा सस्तो र गुणस्तरीय आँखा जाँच, आँखाको शल्यक्रियाको सुविधा पनि हुने बताउनुभयो ।

सबै स्वास्थ्य सेवा भक्तपुरमै उपलब्ध गराउने हेतुले आँखा अस्पताल निर्माण गर्न लागेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरका सबै नागरिक स्वस्थ र शिक्षित बनाउन र नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिइरहेको बताउनुभयो ।

भक्तपुरको इतिहास जोगाउन सम्पदा पुन:निर्माणमा मौलिक शैलीलाई जोड दिइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले विदेशी सहयोगभन्दा पनि जनताको अपनत्व कायम हुने किसिमले कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले रोगको पहिचान समयमै भए उपचारमा मद्दत पुग्ने र नगरवासीहरूको हितमा स्वास्थ्यसम्बन्धी विभिन्न रोगको नि:शुल्क शिविरहरू गर्दै आएको बताउनुभयो । उहाँले आँखा मानव शरीरको महत्त्वपूर्ण अंग भएको बताउनुहुँदै नियमित परीक्षण र स्वस्थ जीवनशैलीमा ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

कार्यपालिका सदस्य सुनिता अवालले नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुरूप नगरपालिकाले शिक्षा, स्वास्थ्य, कला-संस्कृति संरक्षण, सरसफाईलगायतका क्षेत्रमा निरन्तर काम गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य कृष्णगोपाल चौगुठीले पनि बोल्नुभएको थियो ।

## चिनियाँ प्रतिनिधिमण्डलबाट भक्तपुरको अवलोकन

जनवादी गणतन्त्र चीनको अन्तराष्ट्रिय विकास समन्वय नियोगका उपप्रमुख डेङ्ग बोचिङ्ग (Deng Boqing) को नेतृत्वमा आएको एक प्रतिनिधि मण्डलको साथमा राजदूत हु याङ्ची (Hou Yanqi) ले चैत ७ गते भक्तपुर दरबार क्षेत्र र टौमढी क्षेत्रको अवलोकन भ्रमण गर्नु भयो ।



# नियमित स्वास्थ्य जाँच गरौं




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सस्तो, गुणस्तरीय स्वास्थ्य सेवा दिन भक्तपुरको च्याम्हासिंहसँगै ख्वप अस्पतालको निर्माण कार्य सुरु भइसकेको जानकारी दिनुहुँदै जनताको सेवामा केन्द्रित भई नगरपालिकाले विभिन्न गतिविधिहरूलाई अगाडि सारेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ को महिला स्वास्थ्य कार्यकर्ता एवम् नर्स परिचालन समितिको आयोजनामा फागुन २५ गते आयोजित सुगर, प्रेसर र मृगौलासम्बन्धी निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा भएका कमी-कमजोरीहरूबारे औंल्याइदिन आग्रह गर्नुभयो ।

स्वास्थ्य शिविर सञ्चालनले भक्तपुरका जनताको स्वास्थ्य स्थिति पहिचान गरी समयमै औषधिउपचार गर्न मद्दत पुग्ने उहाँले बताउनुभयो । मिठोभन्दा पनि पौष्टिक खाना खानुपर्ने, समय-समयमा स्वास्थ्य जाँच गर्ने र रोगअनुसारको उपचार समयमै गराउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले भक्तपुर नपाको सबै वडामा विभिन्न किसिमका स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेको जानकारी दिनुहुँदै नगरवासीको स्वास्थ्य स्थिति पहिचान र त्यसको उचित उपचार नै शिविर सञ्चालनको उद्देश्य रहेको बताउनुभयो । भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा उदाहरणीय कार्य गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य गोविन्द दुवालले स्वस्थ जीवनशैली र नियमित व्यायाम आजको आवश्यकता भएको औंल्याउनुहुँदै भक्तपुर नगरपालिकाले व्यक्तिगत हितभन्दा पनि सामूहिक र समाजको सेवामा केन्द्रित भएर काम गरिरहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैया सुवाल, वडा सदस्य सिद्धिराम अवालले पनि बोल्नुभएको थियो । उक्त शिविरबाट ४६४ जनाले सेवा प्राप्त गरेका थिए ।

# वडा ३ मा खकार परीक्षण शिविर

भक्तपुर नगरपालिका ३ वडा समितिको आयोजना तथा नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको प्राविधिक सहयोगमा चैत २ गते वडा नं.३ वंशगोपाल चोकमा लक्षित समूह (वर्ग) पहिचान गरी खकार परीक्षण शिविर सम्पन्न भयो ।

भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष



राजकृष्ण गोराले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्य महत्त्वपूर्ण भएको हुँदा स्वास्थ्यलाई प्राथमिकता दिई अस्पताल निर्माण, सस्तो र गुणस्तरी सेवा दिने उद्देश्यका साथ जनस्वास्थ्य केन्द्रहरू सञ्चालन भइरहेको बताउनुभयो ।

उहाँले आफ्नो स्वास्थ्य नै ठूलो धन भएकोले रोगलाई नलुकाई समयमै स्वास्थ्य परीक्षण गरी उपचारमा लाग्नुपर्छ भन्नुहुँदै सबैले शिविरबाट लाभ लिनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले मान्छे अस्वस्थ र बिरामी भएमा धन सम्पत्ति सकिने र अकालमा जीवन जाने बताउनुहुँदै स्वास्थ्यमा सचेत रहनुपर्छ भन्नुभयो ।

कार्यक्रममा भनपा ३ का महिला सदस्य सुनिता अवाल, नेपाल क्षयरोग निवारण संस्थाका सभापति राम सिंख्वालले पनि बोल्नुभएको थियो ।

शिविरमा महिला ७७ र पुरुष ४९ जनाले खकार परीक्षण गराएका थिए भने १२६ जनाकै नेगेटिभ (सकारात्मक) रिपोर्ट आएको आयोजक समितिले जनाएको छ ।

# भक्तपुरका दुई चेली सम्मानित

१०९ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा फागुन २३ गते काठमाडौंस्थित हायात होटलमा मिडिया ९ प्राइभेट लिमिटेडको आयोजनामा विभिन्न विधाका भक्तपुरका दुई उत्कृष्ट चेलीहरू सम्मानित भएका छन् ।



पद्मा खयरगोली

हायात होटल र मिडिया ९ प्राइभेट लिमिटेडको संयुक्त साझेदारीमा यस वर्षको १५ जना उत्कृष्ट महिलाहरूमध्येबाट ५ विधाअन्तर्गत सामाजिक सेवा तथा उत्थानमा सहयोग गर्न सफल भक्तपुरकी चेली पद्मा खयरगोली माइती नेपालका संस्थापक तथा CNN World Hero अनुराधा कोइरालाबाट सामाजिक कार्य तथा सक्रियता विधामा **'हायात वाउ वमेन एचिभर एवार्ड २०१९'** (Hayatt Wow Woman Achievers Award 2019) जितेकी हुन् ।

महिला हिंसा, बलात्कार, अपहरण, हत्या बढ्दै गएको सन्दर्भमा छात्राहरूबीच आत्मरक्षाको तालिममा क्रियाशील पद्माले नेपाल सेल्फ डिफेन्स एसोसियसनमार्फत् आत्मरक्षा तालिम सञ्चालन गर्दै आएकी छिन् । २०५१ सालदेखि सितेरियो कराते खेलमा आबद्ध उनी कराते तथा किक बक्सिङका अन्तर्राष्ट्रिय खेलाडी हुन् ।

हायात वाउ उमेन एचिभर एवार्ड २०१९ (Hayatt Wow Woman Achievers Award 2019) नेवार समुदायमा धिमेलगायत परम्परागत नौ बाजाकी सफल वाद्यवादक कलाकार भक्तपुरकी अर्की चेली इन्दिरा



इन्दिरा लाछिमस्यु

लाछिमस्युलाई कलाकारिता विधाका लागि मनोनयनमा परेकी हुन् । छोरी चेलीले बाजा सिक्नुहुन्न भन्ने मान्यता तोड्दै प्रतिकूल समयमा परम्परागत बाजा सिकेकी इन्दिरा हाल नयाँ पुस्तालाई आफूले जानेको कला सिकाउँछिन् ।

विगत ३ वर्षदेखि छुट्टै पहिचान बोकी समाजमा आफ्नो स्थान बनाउन सफल विभिन्न विधाका महिलालाई मिडिया ९ प्राइभेट लिमिटेडले सम्मान तथा अवार्ड वितरण गर्दै आएको छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरू लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरूलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**

# विद्यार्थीको कमजोरीमा जिम्मेवार विद्यालय र शिक्षक हुने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले विद्यार्थीहरूलाई इतिहास र भूगोलको अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

वागीश्वरी माध्यमिक विद्यालयको ६० औं (हिरक जयन्ती) तथा वागीश्वरी कलेजको ११ औं वार्षिकोत्सव समारोहको फागुन २३ गते उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि बिजुक्छेंले विद्यालय र कलेजको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै अन्तराष्ट्रिय विषय र देशको इतिहासबारे जानकार गर्न विद्यार्थीहरूमा भूगोल र इतिहासको अध्ययन आवश्यक भएको बताउनुभयो ।




पदमा पुगेका व्यक्तिहरूसँग भूगोलको ज्ञान नहुनु भनेको उनीहरूको शैक्षिक योग्यतामै खोट भएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले विद्यार्थीको कमजोरीमा प्रमुख जिम्मेवार विद्यालय र शिक्षक हुने बताउनुभयो ।

नैतिकताको विषयमा विद्यालयस्तरदेखि राम्ररी अध्यापन गराउनुपर्ने, देश र जनताको अहित हुने काम गर्नबाट खबरदारी गर्ने र विद्यार्थीहरूलाई नि:स्वार्थ रूपमा देशको हितमा काम गर्न अभिप्रेरित गर्नुपर्ने उहाँले बताउनुभयो । शिक्षकहरूले पाठ्यक्रम बाहेकका अतिरिक्त शिक्षा र देशभक्तिपूर्ण नैतिक शिक्षा विद्यार्थीहरूलाई सिकाउनु आवश्यक भएको बताउनुभयो ।

चुनाव जितेकै भरमा बहुमत प्राप्त गरेका शासक दलले विदेशी दलालको रूपमा काम गरिरहेको छ । उहाँले अयोग्य व्यक्तिहरूले सरकार सञ्चालन गरिरहेको आरोप लगाउनुभयो । 'राजनीति' शब्दलाई गलत रूपमा व्याख्या गरिएको बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले देश र जनताको नि:स्वार्थ सेवा गर्नु नै राजनीति गर्नुको प्रमुख उद्देश्य भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले वागीश्वरी कलेजको उद्देश्य विद्यालय र कलेजबाट उत्पादित जनशक्तिले २१ औं शताब्दीको लागि योग्य जनशक्ति तयार गर्नु रहेको बताउनुभयो ।

स्थानीय तहलाई केन्द्रमार्फत सञ्चालन गर्न खोज्नु प्रतिगामी सोच रहेको बताउनुहुँदै केन्द्रले सबै काम गरोस् भन्ने मानसिकता गलत भएको र स्थानीय तहलाई केन्द्रकै निर्देशनमा चलाउने सम्भावना भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

नेमकिपा प्रदेश नं. ३ का प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले विद्यालयलाई प्रविधिमैत्री बनाउनुपर्ने र खेलकुद गतिविधिलाई व्यापक बनाउनुपर्ने बताउनुभयो । सामुदायिक शिक्षामा सरकार आलोचित भइरहेको बताउनुहुँदै सांसद गोसाईंले विद्यालयले विद्यार्थीहरूको अनुशासन र क्षमता विकासमा ध्यान पुऱ्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वागीश्वरी मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वले विद्यार्थीको व्यक्तित्व विकासमा विद्यालयले ध्यान दिंदै वागीश्वरीलाई नमुना विद्यालयको रूपमा अगाडि बढाउने लक्ष्य बोकेको बताउनुभयो ।

वागीश्वरी माविका प्रअ कृष्णप्रसाद धन्छाले माविको र वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले कलेजको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा ख्वप इ. कलेजका प्राचार्य सुजन माक, भक्तपुर जिल्लाका प्रजिअ नारायणप्रसाद भट्ट, वागीश्वरी माविका उपप्रअ ज्ञानसागर प्रजापति, साहित्यकार हरिहर तिमिल्सिना, विद्यार्थी प्रतिनिधि सुजि हेंगोजु, कलेजका विद्यार्थी प्रतिनिधि सिद्धान्तरत्न बज्राचार्य, अभिभावक संघका अध्यक्ष न्हुछेबहादुर कासिछ्वालगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

सोही समारोहमा कार्यक्रमका प्रमुख अतिथि नारायणमान बिजुक्छें (रोहित)ले वागीश्वरी विद्यालयको स्मारिका र कलेजको जर्नल विमोचन गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि र अतिथिहरूबाट विभिन्न शैक्षिक सत्रमा उत्कृष्ट हुन सफल विद्यार्थी, कर्मचारी, शिक्षक-शिक्षिकालगायतलाई मायाको चिनो प्रदान गरिएको थियो । २५ वर्ष निरन्तर सेवारत शिक्षिका प्रेमलक्ष्मी श्रेष्ठलाई दीर्घसेवाबाट सम्मान गरिएको थियो । प्रमुख अतिथि बिजुक्छेंले जनकवि चन्द्रबहादुर उलक, साहित्यकारद्वय हरिहर तिमिल्सिना र चन्द्रप्रसाद ढकाललाई पनि सम्मान गर्नुभएको थियो ।

# भाजु पुखुको उत्खननमा फेलापरेका केही सामग्री




चित्र नं. (१) उत्खनित सामग्रीहरूको सामूहिक चित्र (२) मृत्तिका–तोरण (३) भेडाको मूर्ति, ईस्वीको बाह्रौं शताब्दी (४) खण्डित देवमूर्ति– इन्द्र (५) मृत्तिका–मकर (६) शार्दूल (७) मृत्तिका ब्व सिंह (उड्ने सिंह) (८) प्रस्तर ब्व सिंह (९) चित्र नं. ४ को खण्डित पाउ

# भाजु पुखुको उत्खननमा फेलापरेका केही सामग्री




चित्र नं. (१०) आमलकका अंशहरू (११) खण्डित सिंहमूर्तिसहितको सिंहासन (१२) बाटु अप्पा, ईस्वीको बाह्रौं शताब्दी (१३) कुँ अप्पा, इस्वीको सत्रौं–अठारौं शताब्दी (१४) '३४' सङ्ख्या अंकित थैमा अप्पा, ईस्वीको बाह्रौं शताब्दी (१६) 'लिबि स्वँत्त्व' ईंटा, ईस्वीको सत्रौं–अठारौं शताब्दी (१७) कोण परेका अर्धगोलाकार ईंटाहरू (१७) दुई कुने ईंटा (१८) कुँ अप्पा, ईस्वीको बाह्रौं शताब्दी । यस ईंटामा नेवारी लिपिमा 'गा' र '५' अंकित छ (१९) लिबि अप्पा (२०) छड्के ईंटा ।

# भाजु पुखुको उत्खननमा फेलापरेका केही सामग्री



















चित्र नं. (२१) मेषासन अर्थात् अग्निदेवको आसन (२२) मकराकृति (२३) भाज्या पुखु, मन्दिर जाने पुलको अवशेष र तीन तहको पेटी (२४) पोखरीको मन्दिर जाने सिंढी। यो सिंढी तीन दशकभन्दा अघि नै पुरिएर लोपोन्मुख अवस्थामा पुगिसेको थियो। भक्तपुर नपाद्वारा हालैको उत्खननपछि यो पुन: देखापरेको छ। (२५) मन्दिरको गर्भस्थान। चतुष्कोण आकारमा काठका सत्तरीहरू खप्टिने गरी चुकुलप्रणालीको माध्यमबाट बिछ्याइएका छन्। वास्तुविद्हरूका अनुसार यो प्रणाली भूकम्प-प्रतिरोधी प्रणाली अनुरूप रहेको छ। काठका चतुष्कोण घेराभित्र सम्म पर्ने गरी ईंटा बिछ्याइएको छ। त्यसको ठीक मध्यभागमा स्वस्तिक चिन्ह शैलीको सूक्ष्म रूपको एउटा चारकुने भाग बनेको छ। (२६) मन्दिरको गर्भस्थानमा रहेको काठको स्तम्भ।



भूकम्पबाट क्षतिग्रस्त भक्तपुर लायकुको तव सत्त (ताहा फल्चा) र फसी देग (इन्सेट) को पुन:निर्माण हुँदै

# सस्तो-गुणस्तरीय शिक्षा र सेवा भावको उद्देश्यले शैक्षिक संस्थाहरूको स्थापना हुनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अभिभावकको पहिलो रोजाई सस्तो र गुणस्तरीय शिक्षा हुने र सेवा भावको उद्देश्यले शैक्षिक संस्थाहरूको स्थापना हुनुपर्नेमा जोड दिनुभयो। भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापना गरी समाजलाई बुद्धिजिवीकरण गर्ने उद्देश्यसहित कार्य गरिरहेको उहाँले बताउनुभयो।




सूर्योदय माविको ३९ औं वार्षिकोत्सवको चैत २ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीलाई पारिवारिक दबाबमा नभई उसको क्षमता र इच्छाअनुसार विषय छनौट गर्न दिएमा विद्यार्थीको प्रगति हुने, किताबी ज्ञानसँगसँगै व्यवहारिक र अतिरिक्त कृयाकलापमा सकृय बनाइराख्नुपर्ने बताउनुभयो। उहाँले नगर सफा र व्यवस्थित बनाउन नगरवासीहरू नै सचेत हुनुपर्ने बताउनुभयो।

उहाँले भक्तपुरको इतिहास, भूगोल, कला-संस्कृति, सम्पदा संरक्षण, खेलकुद, राजनीतिबारे नयाँ पुस्तालाई जानकारी दिन स्थानीय पाठ्यक्रम लागू गरेको बताउनुहुँदै स्थानीय पाठ्यक्रम लागू गर्ने देशकै पहिलो स्थानीय तह भक्तपुर नगरपालिका भएको औंल्याउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले विद्यार्थीहरूको सिकाई कहिल्यै समाप्त नहुने बताउनुहुँदै देश निर्माणको लागि विद्यालयस्तरबाट इमानदार, अनुशासित र कर्तव्यबोध नागरिक तयार गर्नुपर्ने बताउनुभयो। भक्तपुर नगरपालिकाले नगरभित्रका विद्यालयहरूको एकरूपताको लागि शैक्षिक क्यालेन्डर प्रकाशन गरी आफ्नो गतिविधिलाई अगाडि बढाउने र विद्यालयको अनुगमन र नियमनमा जोड दिइरहेको बताउनुभयो।

सूर्योदय माविका सञ्चालक महेन्द्र गोपाल कर्माचार्यले विद्यालय स्थापनाको आधार, इतिहास र उद्देश्यबारे प्रष्ट पार्दै शिक्षामा भइरहेको व्यापारीकरणको विरोध गर्नुभयो।

विद्यालयका प्रअ विजय कर्माचार्यले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा प्याब्सन भक्तपुर जिल्ला कार्य समितिका सचिव कुमार श्रेष्ठ, एन.प्याब्सन भक्तपुरका जी.बी. खड्का, प्याब्सन भक्तपुर नगर समितिका अध्यक्ष रमेशचन्द्र श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनोजगोपाल कर्माचार्यलगायतले संस्कारयुक्त शिक्षाको आवश्यकता औंल्याउँदै कमजोर विद्यार्थीको मनोबल बढाउन हौसला दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले विद्यालयका उत्कृष्ट विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# व्यक्तिगत स्वार्थभन्दा समाजको सेवा गर्न विद्यार्थीलाई अभिप्रेरित गर्नुपर्ने

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा ऐन बनाई सामुदायिक र संस्थागत विद्यालयबीचको गुणस्तरको भिन्नता हटाउन शिक्षक–शिक्षिकाहरूलाई विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो।

जेसिस इङ्गलिस स्कूलको ४० औं वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रमको फागुन २६ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम र दक्ष जनशक्ति तयार गर्ने, विद्यार्थीलाई पढाई सँगसँगै अतिरिक्त क्रियाकलापमा सहभागी गराउनुपर्ने, समाजसँगै घुलमिल हुने व्यवहारिक र नैतिक शिक्षामा जोड दिनुपर्ने र व्यक्तिगत स्वार्थभन्दा समाजको सेवा गर्ने उद्देश्यबाट विद्यार्थीलाई अभिप्रेरित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

तेजेश्वरबाबु ग्वंगले विद्यालय स्थापना र उद्देश्यबारे स्पष्ट पार्नुहुँदै विद्यालय स्थापनामा भक्तपुर नगरपालिकाले गरेको सहयोगप्रति आभार प्रकट गर्नुभयो।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले विद्यार्थीहरूलाई देशको सेवा गर्न प्रेरित गर्नुपर्ने, कुलतबाट जोगाउनुपर्ने बताउनुहुँदै धेरै सङ्ख्यामा युवाहरू विदेशिंदा देश विकासमा बाधा पुगेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले विद्यालयहरू अपाङ्गमैत्री हुनुपर्नेमा जोड दिंदै वर्तमान सरकारले तल्लो वर्गका जनताको हितभन्दा व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राखेको आरोप लगाउनुभयो।

जेसिस माविका प्रिन्सिपल जयराम गोर्खालीले



शिक्षाले देशलाई अगाडि बढाउन मद्दत पुग्ने बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई प्रचलित लिपी, संस्कृत भाषा, नेपाल भाषा, नेपाली भाषा र देशको कला संस्कृति संरक्षणलगायतका विषयमा पोख्त पार्नु आजको आवश्यकता भएको बताउनुभयो।

देशको सम्पदा संरक्षणको दायित्व सबैको साझा कर्तव्य भएको बताउनुहुँदै प्रमुख प्रजापतिले देशको कुनै पनि सम्पदा संरक्षण र पुन:निर्माणमा सहयोग गर्न भक्तपुर नगरपालिका सकारात्मक भएको बताउनुभयो।

जेसिस स्कूलका पूर्व प्रिन्सिपल तथा संस्कृतिकविद् विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका सल्लाहकार रामेश्वर भुजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्याब्सन जिल्ला अध्यक्ष चन्द्र अधिकारी, संस्थापक प्रिन्सिपल शिवजी श्रेष्ठले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विभिन्न कक्षाका उत्कृष्ट विद्यार्थी तथा विभिन्न प्रतियोगिताका विजयीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो। औपचारिक कार्यक्रमपश्चात विद्यार्थीहरूद्वारा सांस्कृतिक नृत्यहरू प्रस्तुत गरिएको थियो।

# देश र समाजको सेवा गर्न विद्यार्थीलाई शिक्षा दिनुपर्ने

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्तिवादी चिन्तनबाट अलग गराएर देश र समाजको सेवा गर्न विद्यार्थीलाई शिक्षा दिनुपर्ने बताउनुभयो।




सेकरिड् हार्ट एकेडेमीको अभिभावक दिवस, पुरस्कार वितरण एवम् सांस्कृतिक कार्यक्रमको फागुन २४ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीलाई पढाई सँगसँगै अतिरिक्त ज्ञान र सीपको आवश्यकता भएको हुँदा भक्तपुर नगरपालिकाकाले युवा लक्षित विभिन्न अन्तर नगर खेलकुद प्रतियोगिता, रञ्जना लिपी, विदेशी भाषाको कक्षा र विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

भक्तपुरको इतिहास, भूगोल, कला-संस्कृति, सम्पदा आदि विषयबारे नयाँ पुस्तालाई जानकारी दिन भक्तपुरका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरिसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई राजनीतिक शिक्षा दिई समाजको निम्ति काम गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो।

२१ औं शताब्दीको लागि योग्य, दक्ष र सक्षम जनशक्ति तयार गर्न जोड दिनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीलाई स्वदेशमै पढ्न अभिप्रेरित गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले विद्यालय राम्रो पार्न शिक्षिक वर्ग, विद्यार्थी र अभिभावकको समन्वय आवश्यक भएको र विद्यार्थीहरूको अतिरिक्त क्रियाकलाप, सरसफाइ तथा नियमित स्वास्थ्य जाँचमा ध्यान दिनुपर्ने बताउनुभयो।

पारागण एकेडेमीका प्रधानाध्यापक पुण्यराम कवांले भक्तपुर नगरपालिकाले लागू गरेको स्थानीय पाठ्यक्रम जीवनउपयोगी भएको र नयाँ पुस्ताका विद्यार्थीहरूलाई नैतिक शिक्षा र अनुशासनमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

विद्यालयका संस्थापक प्रिन्सिपल श्रीराम सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पत्रकार विकासदेव लामा, कर्मा लोब्साङ लामालगायतले पनि आ-आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले वर्षका उत्कृष्ट विद्यार्थी, शिक्षक-शिक्षिकालाई सम्मान तथा मायाको चिनो प्रदान गर्नुभयो। अभिभावक दिवसमा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक नृत्यहरू प्रदर्शन गरेका थिए।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## भग्नावशेष तथा निर्माण सामग्री व्यवस्थापनसम्बन्धी सूचना

२०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त सम्पदा तथा व्यक्तिगत घरहरू अहिले पनि भत्काउने र पुन:निर्माण गर्ने कार्य भइरहेको सर्वविदितै छ। आदरणीय नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूले आ-आफ्नो घर भत्काउँदा र पुन:निर्माण गर्दा राखिएका निर्माण सामग्रीहरूको कारण सडक, चोक र गल्लीहरूमा आवतजावत गर्न तथा सरसफाइ, खानेपानीलगायत एम्बुलेन्स र दमकलजस्ता आपत्कालीन सेवा पुर्‍याउनसमेत बाधा पुगिरहेको छ। हाम्रो स्थानीय पर्व बिस्केट जात्रा पनि नजिकिँदै आएको हुँदा जात्रास्थल वरिपरिका क्षेत्र र भक्तपुरको मूल बजारमा भग्नावशेष एवम् निर्माण सामग्री नराख्नुहुन र कारणवस राखिएको भए त्यस्ता सामग्रीहरू अविलम्ब हटाई सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध गर्दछ।

# विद्यार्थीहरूलाई किताबी ज्ञान सँगसँगै व्यवहारिक र नैतिक शिक्षा दिनु आवश्यक

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले छोरा र छोरीबीचको भेद हटाई विद्यार्थीको इच्छा र क्षमताअनुसारको अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो।



ग्लिटर फ्युचर (सेकेन्डरी) विद्यालयको १७ औं वार्षिकोत्सव, सांस्कृतिक तथा पुरस्कार वितरण कार्यक्रमको फागुन २५ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले छोरा र छोरीबीचको भेद हटाई व्यक्तित्व विकासमा समान अवसर प्रदान गर्नुपर्ने र विद्यार्थीहरूलाई किताबी ज्ञान सँगसँगै व्यवहारिक र नैतिक शिक्षा दिनु आवश्यक भएको बताउनुभयो।

सन्तानको गल्तीलाई ढाकछोप गर्नुभन्दा समयमै उनीहरूलाई सचेत बनाउनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले नयाँ पुस्तालाई समाज र देशप्रति जिम्मेवार हुने भावनाको विकास गराउनुपर्ने धारणा राख्नुभयो।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले नगरपालिकालाई तिर्नुपर्ने कर समयमै तिर्नुपर्ने, नक्साबमोजिम घर निर्माणमा ध्यान दिनुपर्ने र सरसफाइमा ध्यान पुऱ्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

पारागण एकेडेमीका प्रिन्सिपल पुण्यराम कवांले विद्यार्थीहरूलाई कुलतबाट जोगाउन नियमित निगरानी आवश्यक भएको बताउनुहुँदै विद्यार्थीलाई सभ्य र सुसंस्कृत बनाउन शिक्षक–शिक्षिकाहरूले भूमिका खेल्नुपर्ने बताउनुभयो।

विद्यालयका प्रिन्सिपल रामप्रसाद खाताखोले विद्यार्थीको सर्वाङ्गीण विकास र अभिभावकको विश्वास कायम गरी उत्कृष्ट नतिजा हासिल गर्न विद्यालय सफल रहेको जानकारी गराउनुभयो।

कार्यक्रममा विभिन्न विद्यालयका प्रतिनिधिहरूले शुभकामना मन्तव्य प्रस्तुत गर्नुभएको थियो भने प्रमुख अतिथि प्रजापतिले एस.ई.ई. उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

# भक्तपुर नगरको सबै तार भूमिगत गरिने

ऐतिहासिक एवं पुरातात्विक भक्तपुर नगरलाई नै कुरूप बनाएको विद्युतलगायतका तारहरू भूमिगत गनुपर्ने कुरा धेरै वर्ष अगाडिदेखि उठेको हो। अहिले कार्यान्वयन हुने समाचार प्रकाशमा आएको छ।

नेपाल विद्युत प्राधिकरणले भक्तपुरको पुरानो नगर क्षेत्रको विद्युतीय तार पनि भूमिगत गर्ने भएको छ। एसियाली विकास बैंकको आर्थिक सहयोगमा पुरानो नगर क्षेत्रको सम्पूर्ण विद्युतीय तारसँगै टेलिफोन, इन्टरनेट, केबल नेटवर्कलगायतका तारहरूसमेत भूमिगत गरिने छ।

यसको लागि भक्तपुर नगरपालिकासँगै मिलेर जीपीएस म्यापिङ भइरहेको प्राधिकरणको भक्तपुर वितरण केन्द्रका प्रमुख प्रज्ज्वलमान श्रेष्ठले जानकारी दिए।

विद्युतीय प्रसारण लाइन भूमिगत भए पनि ट्रान्सफर्मर भने जमिनमाथि नै हुनेछन्। तर त्यसलाई सम्पदा क्षेत्रअनुसार मौलिक संरचनाले ढाकिने भएको छ।

यसैबीच केन्द्रले भक्तपुर नगरभित्रको नांगो एवं पुरानो तारले प्राविधिक चुहावट बढेपछि करिब १७ किलोमिटर नयाँ तार फेरिएको केन्द्र प्रमुख श्रेष्ठ बताए।

उनका अनुसार केन्द्रअन्तर्गतकै सबैभन्दा लामो नगरकोट फिडर टुक्राउने कामसमेत भइरहेको छ। भक्तपुरदेखि नगरकोटसम्म विद्युत प्रवाह भएको यो फिडरको मुख्य प्रसारणलाइन करिब ४६ किलोमिटर लामो छ। मुख्य प्रसारणलाइन लामो हुँदा पनि प्राविधिक चुहावट बढी हुन्छ। त्यसैले यसलाई टुक्राइँदै छ।

भक्तपुरमा केन्द्रअन्तर्गत माघ महिनामा १३.७९ प्रतिशत विद्युत चुहावट भएकोमा प्राविधिक चुहावट ८ प्रतिशतलाई आधार मानिए ग्राहकतर्फ ५.७९ प्रतिशतमात्रै विद्युत चुहावट भएको मान्न सकिन्छ। तैपनि प्राविधिक र अप्राविधिक चुहावट १० प्रतिशतमा झार्ने लक्ष्यसहित काम भइरहेको केन्द्र प्रमुख श्रेष्ठ बताउँछन्। *('इन्डेप्थ' को सहयोगमा)*

# भक्तपुर नपाबाट प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलको बिदाइ

भक्तपुर नगरपालिकाको आयोजनामा फागुन २१ गते भक्तपुर नपाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलको एक समारोहबीच बिदाई कार्यक्रम भयो।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दोसल्ला ओढाई उमेर हदको कारण अनिवार्य अवकाशप्राप्त प्र.प्र.अ. पोखरेललाई बिदाई गर्नुभयो।

बिदाई समारोहमा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिको नेतृत्व र कर्मचारीको सहयोगी भावनाकै कारण नगरपालिकाले उत्कृष्ट ढङ्गले काम गर्न सजिलो भएको बताउनुभयो। उहाँले जनप्रतिनिधिको कमजोर पक्षमा कर्मचारीहरूले रचनात्मक सहयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

उहाँले सरकार सफल वा असफल हुनुमा कर्मचारीहरूको ठूलो हात हुने बताउनुहुँदै कर्मचारीहरूले राम्रोसँग काम गरे देश छिटो विकास हुने र भक्तपुर नपाले कर्मचारीहरूलाई राम्रोसँग काम गर्न उत्साहित गरिरहेको बताउनुभयो।

समाजलाई अगाडि बढाउन र नगरवासीको हितमा काम गर्न योगदान पुऱ्याउनुभएकोमा धन्यवादज्ञापन गर्नुहुँदै प्रमुख प्रजापतिले आफ्नो फुर्सदिलो समयमा जीवनका अनुभव लिपिबद्ध गरी नयाँ पुस्तालाई मार्गनिर्देशन गर्नुपर्नेमा जोड दिनुभयो।

राजनीति भनेको समाजप्रति जिम्मेवार भई समाजको सेवा गर्नु हो। प्रमुख प्रजापतिले भन्नुभयो – 'नयाँ पुस्ताले समाजलाई अगाडि बढाउने हुँदा नयाँ पुस्तालाई उत्साहित र परिस्कृत गर्दै लानुपर्छ।'

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सकारात्मक सोच लिएर जनप्रतिनिधि र कर्मचारीको काममा पुऱ्याएको सहयोग अतुलनीय भएको र भक्तपुर नपाको काममा निवर्तमान प्रमुख प्रशासकीय अधिकृत पोखरेलको महत्त्वपूर्ण योगदान भएको बताउनुभयो।

कार्यक्रममा निवर्तमान प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेलले जनप्रतिनिधि र कर्मचारीको साथ र सहयोगले आफ्नो जिम्मेवारी पूरा गर्न सहज भएको बताउनुभयो। अन्य स्थानीय तहमा भन्दा भक्तपुर नपामा राम्रो र व्यवस्थित ढङ्गले काम भएको बताउनुहुँदै अधिकृत पोखरेलले सांस्कृतिक नगरमा बसी काम गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर नपाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामगोविन्द श्रेष्ठले सामाजिक र राजनैतिक क्षेत्रमा अझ क्रियाशील भई देश र समाजको निम्ति काम गर्न आवश्यक भएको बताउनु भयो।

नेपाल कर्मचारी एशोसिएसनका अध्यक्ष गौतमप्रसाद लासिवाले व्यक्तिगत स्वार्थभन्दा संस्थागत र कर्मचारीको हितमा काम गरेको स्मरण गर्नुभयो।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो।

बिदाई समारोहमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाकाबाट प्रकाशित 'भक्तपुर' मासिकको सङ्ग्रह, नेपाल भाषा प्रकाशन 'ख्वप पौ' र मायाको चिनोको रूपमा मयूरको झ्याल प्रदान गर्नुभएको थियो।

# जर्मनीका सांसदहरू भक्तपुरमा



नेपाल मजदुर किसान पार्टीका सचिव तथा सांसद प्रेम सुवाल र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जर्मन सांसदहरू तोबियास प्लफगर, गाब्रिएल कात्जमारेक र एन्क डोम्स्चेट बर्ग (Tobias Plfuger, Gabriele Katzmarek/Anke Domscheit Berg) ले भक्तपुरमा फागुन २० गते भेट गर्नुभयो। उक्त अवसरमा नेपालका लागि जर्मन राजदूत रोनाल्ड शेफर (Ronald Schaefor) को पनि सहभागिता थियो।

भेटमा सांसद सुवालले नेपालको संसदमा प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदनात्मक भएको जानकारी गराउनुहुँदै उहाँले भक्तपुरको सम्पदा संरक्षण र सरसफाइमा जर्मन सरकारको सहयोग यहाँका जनतामा ताजा स्मरणमा रहेको बताउनुभयो।

सांसद सुवालले २०७२ को भूकम्पमा जिल्लामा २८ हजार र भक्तपुर नगरका ८ हजार घर क्षति भएको उल्लेख गर्नुहुँदै सहरभित्रका अझै आधाभन्दा बढी भत्किएका घर पन्छाउने र पुन:निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुरको सम्पदा जीर्णोद्वार र विकास कार्य जनताको सहभागितामा आर्थिक अनुशासनमा रहेर अघि बढिरहेको चर्चा गर्नुभयो।

जर्मन सांसद तोबियासले सफा नगर भक्तपुरको भ्रमण गर्न पाएकोमा खुशी व्यक्त गर्नुहुँदै भूकम्पपछि भएको क्षतिप्रति दु:ख व्यक्त गर्नुभयो र आगामी दिनमा पनि सहकार्य जारी राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

भाषानुवाद सम्पदा एवम् विकासविज्ञ रवीन्द्र पुरीले गर्नुभएको थियो भने जर्मन दूतावासका संजीवजी र महतोजीको पनि उपस्थिति थियो।

यसअघि जर्मन सांसदहरूले लायकु, तौमढी र दत्तात्रयको दृश्यावलोकन गर्नुभएको थियो। उहाँहरू चार दिन अघि नेपाल आउनुभएको थियो।

## गय:भिन्द्यो हनुमन्ते पुल निर्माण कार्य चालू

भक्तपुर नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ मा स्वीकृत क्रमागत नगर स्तरीय योजना अन्तर्गत वडा नं. ७ गय:भिन्द्यो स्थित गय:भिन्द्यो हनुमन्ते पुल निर्माण कार्य भइरहेको जानकारी दिइनुका साथै उक्त पुल निर्माणको क्रममा दोस्रो चरणको पेश्की फछ्र्यौटको निमित्त सार्वनिक परीक्षणसमेत गरिएको जानकारी एक कार्यक्रममा दिइयो।

दोस्रो चरणको रु. ९०,००,०००।– अक्षरेपी नब्बे लाख पेश्की लिई कार्य गर्दा जम्मा खर्च रु. ९९,२१,४३३।२३ अक्षरेपी उन्नासय लाख एकाईस हजार चार सय तेत्तिस रुपैयाँ तेईस पैसा खर्च भएको जानकारी उपभोक्ता समितिका कोषाध्यक्ष नारायणप्रसाद कवांले उक्त कार्यक्रममा दिनुभयो।

## आईएनजीओ र एनजीओकै १ खर्ब ९ अर्ब लगानी

### अनुगमन नहुँदा लगानीमा प्रश्न

**आईएनजीओको लगानी कुन क्षेत्रमा कति ?**

- **स्वास्थ्य** : २२ अर्ब २३ करोड ६६ लाख १७ हजार
- **सामुदायिक विकास** : २० अर्ब १८ करोड ११ लाख ४४ हजार
- **भूकम्पपछि पुनर्निर्माण** : १८ अर्ब ३९ करोड ९९ लाख ९५ हजार
- **बालकालिका** : १० अर्ब ३६ करोड २५ लाख ८८ हजार
- **कृषि क्षेत्र** : ५ अर्ब ९१ करोड ९४ लाख ५४ हजार
- **वातावरण** : ४ अर्ब ८६ करोड ६५ लाख ३५ हजार
- **शिक्षा** : १ अर्ब ९५ करोड ६ लाख ९१ जहार
- **महिला क्षेत्र** : १ अर्ब ३८ करोड ४५ लाख ८९ हजार
- **अन्य क्षेत्र** : ४ अर्ब ३० करोड ७० लाख ५६ हजार

*(राजधानी, २०७५।११।१७ बाट)*

# भक्तपुर नपाद्वारा बजार अनुगमन

## चोछें र भुलाछेंका वध स्थल र मासु पसल अनुगमन

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा चोछें, मुलाछें र भुलाछेंमा फागनु २७ गते मासु पसलहरू अनुगमन गरियो।

भुलाछेंको वधस्थल अनुगमन गर्दा व्यवस्थित वधस्थल आवश्यक भएको र फोहर खुल्ला रूपमा छोड्डा दुर्गन्धित भई गर्मीसँगै रोगको प्रकोप बढ्ने सक्ने महसुस भएको साथै फोहर मेनहोलमा खसाल्दा मेनहोल जाम हुने समस्यासमेत रहेको स्थानीयले समेत बताएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो।

त्यस्तै अर्को वधस्थल दर्ता नभएकोले तीन दिन भित्र दर्ता गर्न, भुईं र भित्ता सफा गर्न मिल्ने गरी प्लाष्टर गर्न वा टायल राख्न, कामदारहरूलाई एप्रोन र बुट छुट्टै प्रयोग गराउन, सरसफाइमा ध्यान दिन, टेबलमा राखी मासुको काम गर्न निर्देशन दियो भने व्यवस्थित वधस्थल संचालन गर्न निर्देशन दियो।

एक राँगोको मासु पसलले पसल अगाडि बाटोमा राँगो वध गर्ने भएकोले बाटोको विकल्पमा व्यवस्थित वध स्थल संचालन गर्न, सरसफाइ गर्न, पसल नवीकरण गर्न, मूल्य सूची राख्न, हड्डी र गोबर खुल्ला रूपमा नराख्न र मेनहोलमा नखसाल्न, कामदारलाई एप्रोन र बुट छुट्टाछुट्टै प्रयोग गर्न निर्देशन दियो।

त्यस्तै हरिकृष्ण शाहीलाई पहिला पनि निरीक्षणको क्रममा निर्देशन दिंदासमेत अटेर भई दर्ता नगरेकोले ढक-१, चुपि-१ जफत गरियो भने पसल तीन दिन भित्र दर्ता गर्न, एप्रोन सेतो प्रयोग गर्न निर्देशन दियो।

एक चिकेन स्टोरमा अक्टोपसको मासुको पोकामा पाकेजिङ्को लेबल च्यातिएको बेचविखन नगर्न सचेत गराई आएको व.नि. रामकृष्ण प्रजापतिले बताउनुभयो।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल र रोशन मैया सुवाल, सदस्य सचिव दिल कुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका लुमा श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, जिल्ला पशु सेवा कार्यालयका उमेश लाल प्रधान, भक्तपुर उद्योग वाणिज्य संघका संजय जोन्छे, महानगरीय प्रहरी परिसरका प्रेम सिं कुवँर, जिल्ला जनस्वास्थ्यका धनञ्जय आचार्य र भनपा कर उपशाखाका बिष्णु केशरी जोशी सहभागी रहेको थियो।

## सल्लाघारीमा मासु पसल अनुगमन

त्यस्तै फागुन २८ गते सोही टोलीले सल्लाघारीमा मासु पसल अनुगमन गऱ्यो।

अनुगमनको क्रममा मूल्य सूची राख्न, ढक तराजु नमिलेको र नवीकरण नभएकोले नापतौल विभागमा नवीकरण गर्न, मासु धूलोबाट बचाउन सिसाको बाकस भित्र जालीले छोपेर राख्न र सरसफाइमा ध्यान दिन, प्याकेजिङ मासुमा लेबल खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञापत्र लिई राख्न, भित्तामा सरसफाइ गर्न, एप्रोन सेतो प्रयोग गर्न, फुटपाथ र पेटीको सामान हटाउन, भुईं भित्ता सफा गर्न मिल्ने गरी कार्पेट राख्न निर्देशन दिइयो।

# अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

सात वडास्तरीय सामुदायिक प्रहरी वडा समितिको आयोजनामा सामुदायिक प्रहरी तथा अपराधका विविध घटनाबारे सरोकारवालाहरू बीच अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम चैत्र ४ गते सम्पन्न भयो।

कार्यक्रममा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले जन प्रतिनिधि पुनरवहाली पछि विकास निर्माणका कार्यहरू तीव्र गतिमा बढेको र प्रत्येक वडामा विकास निर्माण बजेट ६,७ करोड रहेको जानकारी दिनुभयो।

नेतृत्वकर्ता जन प्रतिनिधिहरूको व्यवहारले समाजमा धेरै प्रभाव पार्ने विचार व्यक्त गर्नुहुँदै उहाँले समुदायमा जन प्रतिनिधि, प्रहरी प्रशासन, सामाजिक संजाल लगायत सरोकारवालाहरूले अपराधका घटनाहरू नियन्त्रण गर्न आवश्यक सहयोग गर्नुपर्ने बताउनु भयो।

उहाँले भन्नुभयो नेडरल्याण्ड अरापध मुक्त देशको रूपमा लिइन्छ, हाम्रो देशका नेतृत्वकर्ता उदाहरणीय बन्न सके नेपाल पनि अपराध मुक्त हुने बताउनुहुँदै नजिकिँदै गरेको बिस्केट जात्रा सभ्य र भव्य रूपमा सफल पार्न सम्पूर्ण क्षेत्रबाट आवश्यक सहयोग हुने आशा व्यक्त गर्नुभयो।

जगाति प्रहरीका डि.एस.पि. शिसु शर्माले समुदाय प्रहरी साझेदारीको उद्देश्यमाथि प्रकास पार्नुहुँदै अपराधका विविध घटनाहरूको बारेमा जानकारी दिनुभयो।

उहाँले अपराध नियन्त्रण गर्न नेपाल सरकारको नयाँ अवधारणामा नेपाल प्रहरी, स्थानीय तह, समुदाय, सामाजिक संस्था र विद्यालयबीच सहकार्यको आवश्यकता औंल्याउनुभयो।

उक्त अन्तरक्रिया कार्यक्रममा हरिरत्न गोर्खाली, रञ्जना त्वाती, लक्ष्मी केशरी तुईंतुईं, रत्नलाल सादले पनि भाग लिनुभएको थियो।

# पाक्षिक सफाइ कार्यक्रम

**भक्तपुर नपाबाट सञ्चालित पाक्षिक सफाइ कार्यक्रम अन्तरगत योसिंख्योमा गरिएको सफाइ कार्यक्रममा उपप्रमुख रजनी जोशी लगायत जनप्रतिनिधि र सहभागीहरू**

**चैत १ गते**






**चैत १५ गते**






# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७५ पुष २७ गते शुक्रबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ
९. वडाध्यक्ष श्री उकेश कवां ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल ऐ
१८. सदस्य सचिव श्री रोहितराज पोखरेल ऐ

## निर्णयहरू

### विधायन समितिलाई जिम्मेवारी

विधायन समितिका संयोजक हरिराम सुवालले प्रस्तुत गर्नु भएको नवदुर्गाको मुकुण्डो निर्माण अक्षय कोष व्यवस्थापन निर्देशिका, २०७५, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ र भक्तपुर नगरपालिकाका अपांगता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५ माथि छलफल गरी प्राप्त सुझावहरू समेटेर आवश्यक संशोधनसहित बैठकमा पेश गर्न विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

### रकमान्तर

चालु आर्थिक वर्ष २०७५।०७६ का लागि विनियोजित बजेटमा उल्लेखित शीर्षकहरूमध्ये देहाय बमोजिमका शीर्षकहरूमा आवश्यक रकम देहाय बमोजिम रकमान्तरण गर्ने निर्णय गरियो :

आर्थिक वर्ष ०७५/७६ का लागि विनियोजित वार्षिक बजेटको रकमान्तर सम्बन्धी प्रस्ताव

**ल.ई. रकमान्तर सम्बन्धमा**

| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | बजेट व्यवस्था | नपुग बजेट | श्रोत | श्रोतमा विनियोजित | रकमान्तर |
|---|---|---|---|---|---|---|---|---|
| १ | महेश्वरी खोला | ८ | २,६६५,८४४।०५ | | २,६६५,८४४।०५ | हनुमन्ते खोला सुधार | ५,०००,०००।०० | २,६००,०००।०० |
| २ | वडा कार्यालय भवन निर्माण | ३ | २७,३११,९१४।२९ | | २७,३११,९१४।२९ | पुरानो नपा भवन | १०,०००,०००।०० | ५,०००,०००।०० |
| ३ | दतात्रयमा पर्यटन सूचना केन्द्र भवन निर्माण | ९ | ९,०९२,७१०।१५ | ३,८६७,०२०।०० | ५,२२५,६९०।१५ | तुमचो खानेपानी आयोजना | ९,०००,०००।०० | ३,८००,०००।०० |
| ४ | मर्मत सम्भारको लागि कोष व्यवस्थापन | | | ३,०००,०००।०० | | सि.नं. ४८, भ्रमण खर्च | ५,०००,०००।०० | ३,०००,०००।०० |
| ५ | पशुसेवा चिकित्सालयमा शिशुस्याहार केन्द्र व्यवस्थापन | १ | ४०७,५७२।८७ | | | घाट सुधार गुरूयोजना | ५००,०००।०० | ४००,०००।०० |
| ६ | सिद्धपोखरी परिसरमा सार्वजनिक शौचालय निर्माण कार्य | १ | ५,९९०,६८५।५९ | | ५,०००,०००।०० | कम्पोष्ट प्लान निर्माण कार्य | १०,०००,०००।०० | ५,०००,०००।०० |
| ७ | भानेरोड गोंसपुल बाटोमा पीच गर्ने कार्य | ९ | ५,३५४,७३४।३१ | ३,१६३,१६५।०० | २,२००,०००।०० | पाँचतल्ले मन्दिर | ४,३७०,९४०।०० | २,२००,०००।०० |
| ८ | १०८ रोपनी जग्गा संरक्षण कार्य | १ | ९,८०१,२९९।९७ | ५,०००,०००।०० | ४,८००,०००।०० | नपा पुरानो भवन/वडा नं. २ कार्यालय दायाँबायाँ पेटी | २५०००००।००<br>१४०००००।०० | ३,९००,०००।०० |
| ९ | वाुकपति नारायणको छानामा सुनको जलप | ९ | १७,१८२,९२५।२५ | | १,०००,०००।०० | शिक्षा स्वास्थ्य र संस्कृतिबाट | ३४,६००,०००।०० | १,०००,०००।०० |

**निर्णय अनुमोदन**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।९।२३ गते**

१. अन्तर नगर कराते प्रतियोगितामा भक्तपुर नगरपालिकाको तर्फबाट २ वटा टिमलाई सहभागी गराउने निर्णय गरियो ।

२. लेखा. नगरव्यापी धाँ बाजा प्रतियोगिता – २०७५ मा पाल्नु भएका अतिथि तथा सहभागीहरूलाई चिया तथा खाजाको व्यवस्था गरिदिए वापत सूर्यविनायक पार्टी भेन्यूलाई रु.९९,४४०/– भुक्तानी दिने निर्णय गरियो ।

## मिति २०७५ पुष २९ गते आइतबार

(बिहान)

## निर्णयहरू

**जिम्मेवारी**

विधायन समितिका संयोजक हरि राम सुवालले प्रस्तुत गर्नु भएको युवा उद्यम कार्यक्रम निर्देशिका २०७५ सम्बन्धी कार्यविधि २०७५ माथि छलफल गरी प्राप्त सुझावहरू समेटेर आवश्यक संशोधन सहित बैठकमा पेश गर्न विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**छलफल**

विधायन समितिका संयोजक हरि राम सुवालले प्रस्तुत गर्नु भएको युवा क्लव गठन तथा संचालन कार्यविधि २०७५ सम्बन्धी कार्यविधि २०७५ माथि छलफल गरियो ।

## मिति २०७५ पुष २९ गते आइतबार

(अपरान्ह)

## निर्णयहरू

**प्रमुखको मन्तव्य**

मिति २०७५।९।३० गते हुने चौथो नगरसभामा नगरपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा प्रमुख श्री सुनिल प्रजापतिले पेश गर्नु हुने मन्तव्य सम्बन्धमा सुझावसहित छलफल गरियो ।

## मिति २०७५ माघ ३ गते विहीबार

## निर्णयहरू

**अन्तिम लेखा परीक्षण प्रतिवेदन**

१. लेखा समितिबाट आ.व. २०७४।६।२३ गते भ.न.पा.क्षेत्रभित्र विभिन्न सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयको आ.व. २०७३।०७४ को लेखा परीक्षण गर्न लेखा परीक्षक सिफारिस तथा तोक पठाएको निर्णय र मिति २०७५।८।२४ गतेको बैठकबाट न.पा.द्वारा संचालित विद्यालय, कलेज र अन्य आयोजनाको लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्तिको सिफारिस गरेको निर्णय अनुमोदन गर्ने ।

२. लेखा समितिको मिति २०७५।८।५ गतेको ख्वप कलेज, वागिश्वरी कलेजमा लेखा परीक्षण विषय लिई अध्ययनरत ४ जना विद्यार्थीहरूलाई ६ महिनाका लागि इन्टनशीप गराउने निर्णय अनुमोदन गरियो ।

३. महालेखा परीक्षकको कार्यालयाबाट यस न.पा.को आ.व २०७३/०७४ को लेखा परीक्षण सम्पन्न गरी नियमित गर्नुपर्ने भनी कायम भएको बेरुजु रकम रु.२०,७१,४७,६२९।७१ (बीस करोड एकहत्तर लाख सर्चालिस हजार ६ सय पैसा एक हजार फछ्र्योट गर्ने ।

४. त्यस्तै २०७३/०७४ को असुल उपर गर्नुपर्ने रकम रु.१७,८६,२२८।०४ मध्ये रु.१७,६१,३७७।०० असुल उपर भई बाँकी रु. २४,८५१।– (चौबिस हजार आठ सय एकाउन्न रूपैयाँ) आरम्भ इनर्जी एण्ड इलेक्ट्रोनिक प्रा.लि. को अग्रिम आयकर सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय गरियो ।

५. एम.तिवारी एण्ड एशोसियटबाट भक्तपुर क्राफ्ट पेपर लिमिटेडको आ.व. २०७०/०७१ को लेखा परीक्षण प्रतिवेदनमा असुल उपर गर्नुपर्ने बेरुजु कायम भएको रु.१०,८३,७९२।९३ (दश लाख त्रियासी हजार सात सय बयानब्बे पैसा त्रियानब्बे) असुल उपर गर्ने निर्णय गरियो ।

६. लेखा समितिको लागि ल्यापटप थान एक र स्टील फाइलिङ दराज खरिद गर्ने निर्णय गरियो ।

## मिति २०७५ माघ १९ गते शनिबार

## निर्णयहरू

**भ्रमणबारे**

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा वडाअध्यक्ष श्यामकृष्ण खत्री र राजकृष्ण गोरासहितको टोलीले पूर्वका विभिन्न नगरपालिकाहरूमा भ्रमण जाँदाको अनुभव बैठकमा प्रस्तुत गर्नुभयो । त्यस्तै वडाअध्यक्ष रविन्द्र ज्याख्व र हरिप्रसाद बासुकला सम्मिलित टोलीले मध्य पश्चिमका नगरपालिकाहरू, वडाअध्यक्ष उकेश कवांको नेतृत्वमा चितवनका नगरपालिकाहरू, वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाको नेतृत्वमा रूपन्देहीका नगरपालिकाहरू र वडाअध्यक्ष हरिराम सुवालको नेतृत्वमा गोरखाका नगरपालिकाहरूमा अध्ययन भ्रमण एवं

भक्तपुर नगरपालिकाद्वारा यही २०७५ फागुन ५ गतेदेख ८ गतेसम्म आयोजना गरिने अन्तर नगर कराते प्रतियोगिता तत् तत् नगरपालिकाबाट खेलाडीहरू सहभागी गराउन निमन्त्रणा पत्र हस्तान्तरण गरिएको प्रतिवेदन प्रस्तुत गर्नुभयो।

**विधेयकबारे**

भक्तपुर नगरपालिका नगर प्रहरी संचालन सम्बन्धमा बनेको विधेयक २०७५ माथि छलफल गरी कार्यपालिका सदस्यहरूबाट प्राप्त सुझावअनुसार आवश्यक परिमार्जन गरी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**क.** भक्तपुर नगरपालिकाभित्र घर निर्माण गर्दा नक्सा पास प्रक्रियामा हाल केही समस्या देखिएको सन्दर्भमा समस्या समाधानको उपायहरूबारे मापदण्ड पुनरावलोकन समितिबाट प्रस्तुत प्रस्तावमाथि छलफल गरियो।

**ख.** भक्तपुर नगरपालिकाद्वारा संचालित जनस्वास्थ्य केन्द्रको लागि आवश्यक पर्ने एम्बुलेन्स गाडी खरिद गर्नका लागि प्रकाशित विज्ञापनअनुसार पर्न आएका निवेदनहरूमध्ये मिति २०७५।१०।१८ गते बसेको बोलपत्र मूल्यांकन समितिको बैठकबाट NISSAN (निशान) कम्पनीको Harmony code No 87033300 NISSAN Patrol 4WD Jeep Ambulance model Y61 को कलकत्तासम्मको मूल्य जापानीज यान ४१,३०,६०० तथा Transportation and clearing charges Rs. 300000. / Service charge 500000. मा मात्र १३ प्रतिशत भ्याटसहितको रकममा नेपाल बैंक लिमिटेड, केन्द्रीय कार्यालयमा एल सी खोली खरिद गर्ने सिफारिस भइआएको हुँदा सोही बमोजिम PIONEER MOTO CORP LTD बाट माथि उल्लेखित Ambulance खरिद गर्ने निर्णय गरियो। साथै उक्त Ambulance मा लाग्ने भन्सार तथा अन्य करहरू छुटका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**ग.** भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने कम्प्युटर खरिद गर्न मिति २०७५।९।२८ गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित विज्ञापन अनुसार म्यादभित्र ३ (तीन) वटा मात्र सिलबन्दी दरभाउपत्र पर्न आएकोले मिति २०७५।१०।३ गते भ.न.पा. सभा कक्षमा विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली मिति २०७५।१०।७ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट नियमानुसार भएको र बोल रकममा सबभन्दा कम रकम उल्लेख गर्ने एक्स्प्लोर आई टी प्रा.लि.को भ्याटसहित रु.९,९०,०००।– (अक्षरूपी नौ लाख नब्बे हजार) मात्रको सिलबन्दी दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने सिफारिस भए अनुसार मिति २०७५।१०।८ गतेको 'मजदुर' दैनिक पत्रिकामा दरभाउ पत्र स्वीकृतिको आशयपत्र समेत प्रकाशित भइसकेको, म्यादभित्र कुनै पनि संघ, संस्था वा सप्लायर्सबाट दाबी विरोध पर्न नआएको हुँदा एक्स्प्लोर आई टी प्रा.लि.को सिलवन्दी दरभाउपत्र/बोलपत्र स्वीकृति गरी खरिद गर्ने निर्णय गरियो।

**घ.** ६९ औं नपा स्थापना दिवसको उपलक्ष्यमा आयोजित खेलकुद प्रतियोगिताको लागि वडा नं. १ का वडा अध्यक्ष श्री श्यामकृष्ण खत्रीलाई रु.१,००,०००।– पेश्की लिई रु.९८,८४०।– बराबरको बिल भपाई समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो।

**ङ.** मिति २०७५/०९/१८ देखि २२ गतेसम्म बारा, पर्सा, रौतहट तथा कास्कीलगायतका जिल्लाहरूको अध्ययन भ्रमण गर्न वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले रु.२५,०००।– पेश्की लिई रु.१९,६००।– बराबरको बिल भपाई समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो।

**च.** भक्तपुर नगरपालिकाद्वारा संचालित बा. २ ज ६०४९ को गाडी को मर्मत वापत गाडीका चालक नारायणकृष्ण गाइजूलाई रु. ४०७५।– भुक्तानी दिने निर्णय गरियो।

**छ.** भक्तपुर नगरपालिकाद्वारा आयोजित चौथो नगर सभा उद्घाटन कार्यक्रमको लागि आवश्यक मेच, पाल, सायर, टेबल तथा मन्च व्यवस्थापनको लागि आवश्यक सामानहरू बापतको रकम रु. ५६,८९५।५० भुक्तानी तलेजू बैक्वेटलाई दिने निर्णय गरियो।

**ज.** भक्तपुर नगरपालिकाद्वारा संचालित बा. १ ग २२६४, बा ३ च ८७७, बा १ ग २९४१, बा १ झ ८७४९ र बा १ क ४५५४ का गाडीहरूको मर्मत वापत नेपाल अटो इलेक्ट्रिकलाई रु. ९१७८४.६७।– भुक्तानी दिने निर्णय गरियो।

**झ.** भनपाद्वारा सन्चालित पानी बोक्ने पानी ट्याङ्कर गाडी नं. २२६२ र बा १ क ९०२५ को डोजरको मर्मत वापतको रकम रु. २६५४०।– एस. जी. वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो।

**ञ.** यस भक्तपुर नगरपालिकाद्वारा संचालित गाडी नं. बा ३ च ७१४९, बा ५ च २५२८, बा ३ च ७१५० र बा २ च ६०४९ को मर्मत गर्दा लागेको रकम रु. १,०१,०१०।०७ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो।

**ट.** भक्तपुर नगरपालिकाद्वारा संचालित गाडी बा १ ग

२२६४ को पछाडीको ढाला मर्मत गर्दाको भुक्तानी रु. ७९१००।- भक्तपुर अटो पार्टसलाई दिने निर्णय गरियो ।

**ठ.** भक्तपुर नगरपालिकाद्वारा संचालित गाडी नं. ३५५८, ४५५४ र २२६५ को मर्मत गर्दा लागेको रकम रु. १,७३,१९५.१।- भुक्तानी दिने निर्णय गरियो ।

**ड.** भक्तपुर नगरपालिकाद्वारा संचालित गाडीहरू बा १ क ८१५६ को एक्साभेटरको मर्मत वापत रु.९५,८०१/४ न्यौपाने इन्जिनियरिङ प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

**ढ.** नपाको वेभ साइट निर्माण, डोमेन रजिष्ट्रेसन र वेव होस्टिङसहितका सम्पूर्ण कार्य वापतको भुक्तानी मन्त्र आइडियाज प्रा.लि. लाई रु. १,२५,४३०।- दिने निर्णय गरियो ।

**ण.** गाडी नं. बा १ ग २९४१ डोजरको पाइप मर्मत वापत रु.१३,६००।- ख्वप टुल्स ट्रेडर्सलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**त.** व्यासीस्थित नपा कार्यालय प्रमुखको कोठामा दराज बनाउने कार्यको प्रयोजनका लागि साइन उडेन ई.लाई काठ भुक्तानी स्वरूप रु.२७,९६७।५० दिने निर्णय गरियो ।

**थ.** भनपा वडा नं. २, दरबार क्षेत्र स्थित ५५ झ्याले दरबारमा विद्युतीकरण, सीसी टिभी प्रणाली, ब्याकअप लाइन जडान कार्य गर्न श्री थर्ड आई इन्टरप्राइजेजलाई रु.२,८४,९०७।७० भुक्तानी दिने निर्णय गरियो ।

**द.** नपा कर्मचारी ई. रामगोविन्द श्रेष्ठले प्रयोग गर्नु भएको मोटरसाइकल नं. बा २० प ३७१ मर्मत स्वरूप रु ६७५०।- भुक्तानी गर्ने निर्णय गरियो ।

**ध.** भक्तपुर नगरपालिकाद्वारा आयोजित चौथो नगर सभा मिति २०७५।९।३० गते उद्घाटन कार्यक्रमको जलपान रु.७५४३२।- र मिति २०७५ माघ १,२,३ र ४ गते भएको नगर सभामा खाजा खर्च २,५२,५४९।- मात्र सूर्यविनायक पार्टी भेनुलाई भुक्तानी दिने निर्णय गरियो ।

**न.** न.पा.लाई एस. एम. एस. सर्भिस उपलब्ध गराए वापत आइडियाज इन्क प्रा.लि. लाई रु.२०,३४०।- भुक्तानी दिने निर्णय गरियो ।

**प.** आर्युवेदिक कार्यालयले औषधि खरिदका लागि माग गरेको कोटेशनअनुसार सवैभन्दा कम दर पेश गर्ने प्राकृतिक आर्युवेद सप्लायर्सको रु.४,९९,०१६। मा औषधी खरिद गर्ने निर्णय गरियो ।

**फ.** वडा नं. ६ का व.अ.श्री हरिराम सुवालले आ.व. २०७५।७६ को वृद्ध भत्ता वितरण गर्न रु.३९,५४८००। लिई रु.३७,२४,८००। वितरण गरी बाँकी रु २,३०,०००।- बैंक दाखिला गरेको बैठकमा जानकारी गराइयो ।

**ब.** ई.श्रीकृष्ण न्याइच्याईले प्रयोग गर्नु भएको मोटरसाइकल नं बा ३४ प ८८३३ मर्मत स्वरूप रु४,३००।- भुक्तानी गर्ने निर्णय गरियो ।

## मिति २०७५ माघ २१ गते सोमबार

## निर्णयहरू

### विधेयकमा छलफल

भक्तपुर नगरपालिकाका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बैठकमा छलफलका लागि पेश गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालयले भक्तपुर नगरपालिकाको आ.व. २०७४/०७५ को लेखा परीक्षण प्रारम्भिक प्रतिवेदनमाथि छलफल हुँदा कूल रु. १३,८३,२५,८४५।- (अक्षेरूपी रु. तेह्र करोड त्रियासी लाख पच्चिस हजार आठ सय पैंतालिस रूपैयाँ) बेरुजु नियमित गर्न चालू नगर सभामा पेश गर्ने ।

**ख.** भक्तपुर नगरपालिकाबाट खरिद गरिएका तीनपंग्रे ट्राइसाइकलमा ढाला थप्ने, हुट बनाउने, पंजा मिलाउने, बुम मिलाउने र रंगरोगन गर्नको लागि तीनवटा प्राप्त कोटेशनहरूमा सबभन्दा कम दररेट उल्लेख गर्ने भक्तपुर अटो पार्टसको प्रति थान रु.३५,०००।- भएकोले उक्त कोटेशन स्वीकृत गरी १० वटा ट्राईसाइकलमा उक्त ढाला थप लगायत माथि उल्लेखित अन्य कार्य गराउने निर्णय गरियो ।

**ग.** अन्तर नगर कराते प्रतियोगिताको प्रचार प्रसार स्वरूप २०७५।१०।०५ गतेदेखि २०७५।१०।१५ गतेसम्म अछाम, जुम्ला, कालीकोटलगायतका नगरपालिका भ्रमण गर्न वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले रु. एक लाख पेश्की लिई रु. ५०३२५।- बिल पेश भएको खर्च समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

**घ.** भक्तपुर नगरपालिकाद्वारा संचालित जनज्योति पुस्तकालयको लागि आवश्यक पुस्तक खरिद गर्न भक्तपुर नगर कार्यपालिका सदस्य रोशन मैया सुवालले रु. ५,००,०००।- पेश्की लिई रु. ८,३२,६३८।- बराबरको बिल भपाई पेश गरी नपुग रकम रु.३,३२,६३८।- भुक्तानी समर्थन गरी निजको नाममा रहेको पेश्की फछ्र्यौट गरियो ।

निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**निर्माण समिति**

**मिति २०७५।०९।२७ गते**

| क) भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| १ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा दाची ईंटा, बुट्टा ईंटा उपलब्ध गरे बापत भुक्तानी | ९ | बोलपत्रदाता आर आर कन्स्ट्रक्सन, भक्तपुर | | | | | ८०३,७६९।०० | नपा | |
| २ | ब्रम्हायणी बहुउद्देश्य भवन फिनिसिङ्ग कार्यमा लोकल ईंटा, बालुवा उपलब्ध गरे बापत भुक्तानी | ९ | सुलोक ट्रेडिङ्ग कम्पनी प्रा.लि. | | | | | १९७,२६५।६८ | नपा | |
| ३ | नपा भवनमा सभाकक्ष जाने बाटोमा भऱ्याङ्ग माथि आल्मुनियम पार्टिशन कार्य | २ | बी एण्ड एस आल्मुनियम एण्ड डेकोर्स प्रा.लि. भक्तपुर | | | | | ४९,३६६।८७ | नपा | |

मिति : २०७५/१०/९ निर्माण समिति निर्णय (बोर्ड बैठक २०७५।१०।२१)

| क) ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| १ | कालीघाट सुधार कार्य | २ | १,४०३,०१७।०० | | | | | | नपा | विनियोजित १५लाख |
| २ | कमलविनायक प्लानिङ्गको Open space मा ४० मी.मी. मोटाईको आस्फाल्ट र आर.सी.सी कर्भ स्टोन बनाउने कार्य | १० | २७,४९,८५५०।४० | ५,३१६,७९०।५० | | | | | नपा | नगर विकासबाट रकम फिर्ता |
| ३ | महेश्वरीघाट सुधार कार्य | ८ | २,१५२,४४०।१० | ३,४५८,५५५।५१ | | | | | नपा | |
| ४ | महेश्वरी लिवाली प्लानिङ्ग बाटोमा पीच गर्ने कार्य | ८ | २,६४४,९७१।३० | | | | | | नपा | |
| ५ | पर्यटन सेवा केन्द्र भवनमा शौचालय सुधार कार्य | २ | २७३,३०७।२२ | | | | | | पर्यटन | |
| ६ | हनुमानघाट मूद्विप उत्तरतर्फ पर्खाल र वातावरण सुधार | ७ | १९,६२,८०३।८५ | | | | | | नपा | |

| ख) पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भोलाछें पाटी पुनः निर्माण कार्य | ६ | ४७८,९४४।५७ | | ४१३,६६०।४२ | ३५६,३४५।०० | ४००,०००।०० | ०६९।७० क्रमागत | LGCDP | रू. ४३,६५५।०० फिर्ता दाखिला |
| २ | भुजुपाटी पुनः निर्माण कार्य | ३ | ३,७१०,२२८।०० | | १,२४४,६३९।५१ | १,१३३,०८७।०० | ९००,०००।०० | २३३,०८७।०० | क्रमागत | थप रू.८ लाख पेश्की सिफारिस |
| ३ | कम्पोष्ट प्लान सुधार | ५ | ४,१५०,४२३।२९ | | १,३९४,५४६।२९ | १,३५०,०५०।०० | १,३५०,०००।०० | ५०।०० | क्रमागत | थप रू.१६लाख ५० हजार पेश्की सिफारिस |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | चम्पकेश्वर काँल्हाचा बाटो सुधार कार्य | ४ | ६,६८१,०४९।२४ | | ४,८९२,५३९।०४ | २,९१४,४०९।५६ | ३,७००,०००।०० | ४१४,४०९।५६ | क्रमागत | थप रू.१५ लाख पेश्की सिफारिस |
| **ग) म्याद थप सम्बन्धमा** | | | | | | | | | | |
| १ | कम्पोष्ट प्लान सुधार | ५ | उपभोक्ता समिति अध्यक्ष नारायणप्रसाद त्वानावासु | | | | मिति २०७६ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय | | नपा बजेट | क्रमागत योजना |
| **घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा** | | | | | | | | | | |
| १ | वासिकचा बाटो मर्मत कार्य | ३ | उपभोक्ता समिति अध्यक्ष चन्द्रभक्त भुजु | | | | अनुगमन समिति संयोजक कृष्णगोपाल चौगुठी | | | |
| २ | महाकाली उकालोदेखि भोलाछेंसम्मको बाटो मर्मत कार्य | ६ | उपभोक्ता समिति अध्यक्ष रमेश साख | | | | अनुगमन समिति संयोजक सीतादेवी नेपाली | | | |
| ३ | चुपिङ्गघाट पुलदेखि गाहितीसम्मको बाटो मर्मत कार्य | ५ | उपभोक्ता समिति अध्यक्ष गोबिन्द तमखु | | | | अनुगमन समिति संयोजक मुक्तिसुन्दर जधारी | | | |

## महिला बालबालिका तथा समाज कल्याण समिति
## मिति २०७५ माघ ८ गते

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चिनियाँ भाषा र नेपाल भाषा तालिमको लागि निम्नअनुसार प्रशिक्षक नियुक्ति गर्ने निर्णय गरियो :

**१.** चिनियाँ भाषा समूह 'क'- ३ बजेदेखि ५ बजेसम्म - श्रीकृष्ण ध्वंजु - ७

**२.** चिनियाँ भाषा समूह 'ख' - ५ बजेदेखि ७ बजेसम्म - राजेन्द्र चवाल - ५

उक्त तालिमवापत प्रशिक्षकहरूलाई मासिक रु.१८,०००।- (अक्षेरूपी रु. अठार हजार) रूपैयाँ पारिश्रमिक दिने

**३.** नेपाल भाषा - ६ बजेदेखि ८ सम्म श्री आशकुमार चिकंबन्जार - ५

## बोलपत्र स्वीकृत

**क.** भ.न.पा. वडा नं. ९ स्थित ब्रम्हायणी बसपार्कमा निर्माणाधिन बहुउद्देश्यीय भवनमा फिनिसिङ अन्तर्गत श्यानिटरी फिटिङस् सम्बन्धी कार्य श्रम ठेक्का (सामान सहित) गर्न 'गोरखापत्र' दैनिकमा मिति २०७५।८।२१ गते, 'मजदुर' दैनिकमा मिति २०७५।८।२४ र २५ गते प्रकाशित बोलपत्र आह्वान सम्बनधी सूचनाअनुसार म्यादभित्र पेश भएका ६(छ) थान बोलपत्रहरू भ.न.पा. सभा कक्षमा खोलिएको मुचुल्का अनुसार देहायका आइटमहरूको देहायको दररेट सम्बन्धमा बोलपत्र मूल्यांकन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रूपमा प्रभावकारी बोलपत्रदाता सुन्दर कन्स्ट्रक्सन सर्भिस, भक्तपुरको कुल कबोल रकम रु.११,५४,८४१।३६ (भ्याटसहित) भएकोमा १० प्रतिशत छुट दिने निजको प्रतिवद्धताअनुसार हुने जम्मा रु.१०,३९,३५७।२२ बराबरको बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो।

**ख.** भ.न.पा. वडा नं. ९ स्थित ब्रम्हायणी बसपार्कमा निर्माणाधिन बहुउद्देश्यीय भवनमा फिनिसिङ कार्य अन्तर्गत इलेक्ट्रिक फिटिङस् सम्बन्धी कार्य श्रम ठेक्का (सामान सहित) गर्न 'गोरखापत्र' दैनिकमा मिति २०७५।८।२१ गते, 'मजदुर' दैनिकमा मिति २०७५।८।२४ र २५ गते प्रकाशित बोलपत्र आह्वान सम्बनधी सूचनाअनुसार म्यादभित्र पेश भएका ६(छ) थान बोलपत्रहरू भ.न.पा. सभा कक्षमा खोलिएको मुचुल्काअनुसार देहायका आइटमहरूको देहायको दररेट सम्बन्धमा बोलपत्र मूल्यांकन समितिमा छलफल हुँदा सबभन्दा न्यूनत्तम मूल्यांकित सारभूत रूपमा प्रभावकारी बोलपत्रदाता सुन्दर कन्स्ट्रक्सन सर्भिस, भक्तपुरको कुल कबोल रकम रु.४७,३९,१७३।०१ (भ्याटसहित) भएकोमा २ प्रतिशत छुट दिने निजको प्रतिवद्धताअनुसार हुने जम्मा रु.४६,४४,३८९।५५ बराबरको बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो।

## खाता सञ्चालन

ख्वप अस्पतालको भवन निर्माण आयोजनाको खाता संचालन अस्पताल निर्माण समितिका अध्यक्ष श्री सुनिल प्रजापति, आयोजना प्रमुख विजयराम कोजु र लेखा प्रमुख रामसुन्दर सुजखु समेत तीन जनाको संयुक्त दस्तखतमध्ये दुई जनाको दस्तखतबाट खाता सञ्चालन गर्ने निर्णय गरियो।

## द्विशताब्दीऔं जन्म दिवस

# कार्ल मार्क्सको समाधिमा एंगेल्सको भाषण (१)





मार्च १४ तारिखको दिन, अपरान्ह पौने तीन बजे महान् विचारकले सोच्न छोड्यो। उहाँलाई दुई मिनेट पनि एक्लै छोडिएको थिएन, हामी फर्केर आउँदा हामीले उहाँलाई, उहाँको आराम कुर्सीमा शान्तिपूर्वक निदाइरहेको पायौं – तर सदाको लागि।

यस व्यक्तिको मृत्युमा युरोप र अमेरिकाका लडाकु सर्वहारा वर्ग र इतिहास – विज्ञान दुवैले अपूरणीय क्षति सहनु परेको छ। यस शक्तिशाली प्रतिभाको निधनबाट जुन अभाव हुन गएको छ, त्यसको अनुभव चाँडै नै गरिनेछ।

जसरी डार्विनले जीवित प्रकृतिको विकासको नियम पत्ता लगाउनुभयो, त्यस्तै मार्क्सले मानव इतिहासको विकासको नियम पत्ता लगाउनुभयो। आजसम्म विचारधारा अति वृद्धिले गर्दा लुकिराखेको साधारण तथ्य उहाँले पत्ता लगाउनुभयो। त्यो तथ्य के भने राजनीति, कला, विज्ञान, धर्म आदिमा लाग्न सक्नुभन्दा पहिले मानव जातिले खाना, आवास र वस्त्र पाउनुपर्छ; त्यसैले, जीविकाका तात्कालिक भौतिक साधनहरूको उत्पादन र फलस्वरूप कुनै खास युगमा प्राप्त गरिएको आर्थिक विकासस्तर नै त्यस्ता आधार हुन् जसमाथि सम्बन्धित जनताका राज्य संस्था, कानूनी धारणा, कला र धर्मसम्बन्धी विचार पनि विकसित हुन्छन् र जसको प्रकाशमा उक्त कुराहरूको व्याख्या गरिनुपर्छ, तर आजसम्म गरिए झैं, त्यसको उल्टो गर्ने होइन। तर कुरो त्यतिमात्र होइन। मार्क्सले वर्तमान पूँजीवादी उत्पादन प्रणाली र उक्त प्रणालीद्वारा सिर्जिएको पूँजीवादी समाजको गतिको नियम पनि पत्ता लगाउनु भयो। अतिरिक्त मूल्यको आविष्कारले अकस्मात त्यस समस्यामाथि प्रकाश पाऱ्यो, जुन समस्याको



लन्डनको हाइगेट समाधिस्थलमा कार्लमार्क्सको प्रतिमा

समाधान गर्ने कोसिसमा पूँजीवादी अर्थशास्त्री र समाजवादी आलोचकहरू दुवैका पहिलेका सबै अनुसन्धान कार्यहरू अन्धकारमा खोजिरहेका थिए ।

एकजना मानिसको जीवन कालमा यस्ता दुइटा आविष्कारहरू हुनु प्रशस्त हुनेछ । यस्तो एउटा मात्र आविष्कार गर्न पाएको व्यक्ति भाग्यमानी बन्छ । तर मार्क्सले धेरै नै क्षेत्रहरूमा अनुसन्धान गर्नुभयो र कुनै पनि क्षेत्रमा उहाँले सतही ढङ्गले अनुसन्धान गर्नुभएन, हरेक क्षेत्रमा, गणितशास्त्रको क्षेत्रमा पनि, उहाँले स्वतन्त्र आविष्कारहरू गर्नुभयो ।

उहाँ यस्तो वैज्ञानिक हुनुहुन्थ्यो । तर यो आधा मानिस पनि थिएन । मार्क्सको लागि विज्ञान एउटा ऐतिहासिक रूपले गतिशील, क्रान्तिकारी शक्ति थियो । कुनै सैद्धान्तिक विज्ञानमा भएको नयाँ आविष्कारलाई, जसको व्यवहारिक प्रयोग तबसम्म देख्न असम्भव थियो, उहाँ बडो खुशीले स्वागत गर्नुहुन्थ्यो, तर उक्त आविष्कारबाट उद्योगमा र सामान्यतः ऐतिहासिक विकासमा तत्कालीन क्रान्तिकारी परिवर्तन हुने भएमा उहाँ अर्कै खालको आनन्दको अनुभव गर्नुहुन्थ्यो । उदाहरणार्थ, उहाँले विद्युत शक्तिको क्षेत्रमा भएका आविष्कारहरू र हालै मार्सेल देप्रैजका आविष्कारहरूको विकासमा बढी ध्यान दिनुभयो ।

सबभन्दा मुख्य कुरो, मार्क्स क्रान्तिकारी हुनुहुन्थ्यो । पूँजीवादी समाज र त्यसले सिर्जेका राज्यसंस्थाहरूलाई खत्तम पार्ने काममा कुनै न कुनै तरिकाबाट योगदान गर्नु, आधुनिक सर्वहारा वर्गको मुक्तिमा योगदान गर्नु जीवनमा उहाँको सच्चा उद्देश्य थियो । सर्वहारा वर्गलाई त्यसको स्थिति र त्यसको मुक्तिका अवस्थाहरूबारे सचेत पार्ने पहिला व्यक्ति उहाँ नै हुनुहुन्थ्यो । संघर्ष उहाँको मूल मन्त्र थियो । र उहाँले यस्तो जोश, दृढता र सफलताका साथ संघर्ष गर्नुभयो, जसको बराबरी कसैले गर्न सक्दैनथ्यो । प्रथम **राइनिश जाइटुङ्ग** (१८४२) मा, पेरिसको **भर्वात्स**[२] मा, **ड्युट्से-ब्रुसेलर-जाइटुङ्ग** (१८४७) मा, **नयाँ राइनिश जाइटुङ्ग** (१८४८-१८४९) मा, **न्यूयोर्क ट्रिब्युन** (१८५२-१८६१) मा उहाँको काम, यसको अतिरिक्त कैयौं जोशिला पुस्तकहरूको रचना, पेरिस, ब्रसेल्स र लण्डनका संगठनहरूमा कार्य एवं अन्ततः उहाँको सबभन्दा ठूलो कार्य महान् अन्तर्राष्ट्रिय मजदुर संघको स्थापना, यो ठूलो उपलब्धि थियो कि यस संगठनका संस्थापकले, अरू केही नगरेका भए तापनि त्यसमाथि उचित गर्व गर्न सक्दथ्यो ।

तर यति भएर पनि मार्क्स आफ्नो युगको सबभन्दा घृणित तथा लाञ्छित व्यक्ति हुनुहुन्थ्यो । निरंकुशतावादी तथा जनतन्त्रवादी, दुवै प्रकारका सरकारहरूले उहाँलाई आफ्नो राज्यबाट निकाला गरे । पूँजीपति चाहे त्यो रुढीवादी होस् वा घोर जनवादी, मार्क्सलाई बदनाम गर्न एक अर्कोसित हानथाप गर्थे । मार्क्स यी सबै कुराहरूलाई माकुरोको जालोलाई झैं बढारकुँडार गरी अलग्ग पारी दिनुहुन्थ्यो, त्यस्ता कुराहरूलाई वास्तै गर्नु हुन्नथ्यो र अति आवश्यकता भएपछि नै त्यसको उत्तर दिनुहुन्थ्यो । तर अब उहाँ यस संसारमा हुनुहुन्न । साइवेरियाका खानीहरूदेखि लिएर क्यालिफोर्नियासम्म, युरोप र अमेरिकाका सबै भागहरूमा उहाँलाई श्रद्धा गर्ने समस्त स्थायी कामदारहरू आज उहाँको निधनमा शोक मनाइरहेका छन् र म त यहाँसम्म भन्छु कि चाहे उहाँका विरोधीहरू धेरै भएका होउन्, तर उहाँका व्यक्तिगत शत्रु शायदै हुनेछन् ।

उहाँको नाम युग युगान्तरसम्म अमर रहनेछ । उहाँको कार्य पनि त्यस्तै नै अमर रहनेछ ।

*(१७ मार्च १८८३)*



कार्ल मार्क्सको देहावशान

## पाद टिपोट

१) २७ मार्च १८८३ मा लण्डनस्थित हाइगेट समाधिस्थलमा एंगेल्सले अंग्रेजीमा यो भाषण दिनुभएको थियो ।

२) **'भर्वात्स'** (अघि बढ) – पेरिसमा जनवरीदेखि डिसेम्बर १८४४ सम्म हप्ताको दुई पटक प्रकाशित गरिने जर्मन भाषाको पत्रिका । यसमा लेख लेख्नेहरूमा मार्क्स र एंगेल्स पनि हुनुहुन्थ्यो । त्यही साल गृष्ममा मार्क्स त्यसको सम्पादक बन्नुभयो र उहाँको प्रभावले कम्युनिष्ट चरित्र लिन थाल्यो र प्रशियाली प्रतिक्रियावादीहरूको विरुद्ध जोडदार हमला गऱ्यो । प्रशियाली सरकारको अनुरोधमा ग्वीजोट (Guizot) मन्त्रिमण्डलले मार्क्स र त्यसका सहयोगीहरूलाई जनवरी १८४५ मा फ्रान्सबाट देश निकाला गऱ्यो । फलस्वरूप त्यसको प्रकाशन बन्द भयो । *('हाम्रो प्रयास' बाट)*

# फ्रान्समा गृहयुद्ध (The Civil War in France, March-May 1871)



हरि राम सुवाल, वडाध्यक्ष, भनपा ६

पश्चिम युरोपमा अवस्थित फ्रान्स तत्कालीन अवस्थामा युरोपका शक्तिशाली राष्ट्रहरूमा पर्दथ्यो। १० डिसेम्वर १८४८ मा फ्रान्समा राष्ट्रपतिको चुनाव भएको थियो। उक्त चुनावमा नेपोलियन तेस्रो निर्वाचित भए। नेपोलियन तेस्रो नेपोलियन वोनापार्टका भतिजा थिए। उनलाई त्यहाँका पूँजीतिहरूको ठूलो सर्मथन थियो। शक्तिको उन्मादमा नेपोलियन तेस्रोले २ डिसेम्बर १८५२ मा आफूले आफैलाई सम्राट घोषणा गरे र निर्वाचित प्रतिनिधि सभा भङ्ग गरे। देशमा उनले एकछत्र शासन कायम गरे। जसले गर्दा पूँजीपति झन् झन् शक्तिशाली र धनी हुँदै गए भने देशमा मजदुरहरूको अवस्था नाजुक हुँदै गयो। देशमा पूँजीतिहरूको उत्पादनलाई बजारको आवश्यकता बढ्दै गएकोले सरकारले रुसमाथि हमला गर्नुका साथै अफ्रिका र हिन्द चीनमा उपनिवेश कायम गरे। यसबाट फ्रान्स झन् झन् शक्तिशाली हुँदै जानुका साथै सरकार पनि बलियो हुँदै आयो। नेपोलियनले अब आएर प्रशियामा आँखा लगायो। हालको जर्मन राज्य तत्कालीन समयमा विभिन्न आठवटा राज्यमा विभाजित थियो। ती राज्यहरूमध्ये प्रशिया पनि एक थियो। जुन निकै शक्तिशाली र सम्पन्न थियो। सन् १८७० जुलाई १७ मा फ्रान्सले प्रशियासँग लडाइँको घोषणा गऱ्यो। तर प्रशिया पूरै तयारीका साथ बसेको थियो। प्रशियाका शासक अटोभान विस्मार्क थिए। उनी एक दूरदर्शी र सक्षम राजनेता थिए। उनलाई एक दिन फ्रान्सले आक्रमण गर्दछ भन्ने लागेर नै पुरै युद्धको तयारीमा थिए। घमासान युद्ध भयो। २ सेप्टेम्बर १८७० को दिन सेडान भन्ने ठाउँमा नेपोलियन तेश्रोले एक लाख सेनासहित आत्मसमर्पण गर्नु पऱ्यो। युद्ध चलिनै रहेको थियो।

प्रशियासँगको युद्धमा नेपोलियन तेस्रो पराजित भएपछि देशभित्र पनि उनको विरोध शुरू भयो। पूँजीपतिहरूले उनको साथ छोड्न थाले। पूँजीपतिहरू जनताको साथ लिएर ४ सेप्टेम्वरको दिन नेपोलियन तेश्रोलाई गद्दीबाट निकाले। लियो गामबेलाको नेतृत्वमा अस्थायी पूँजीवादी सरकार बन्यो। उनलाई पूँजीपतिहरूको सर्मथन प्राप्त थियो। गामबेलाको नेतृत्वमा देशमा गणतन्त्रको घोषणा भयो। यसबाट नेपोलियन तेस्रोको प्रतिनिधि सभा भङ्ग गरी लामो समयसम्म सत्ता कब्जा गर्ने नीति असफल भयो। १७ सेप्टेम्वरको दिन जर्मन सेना पेरिस पुग्यो। नयाँ सरकारले प्रशियासँग युद्ध लड्नु पऱ्यो। देशमा मजदुरहरू एकजुट हुन थाले। सरकारले मजदुरहरूको मागअनुसार जनतालाई हतियार दिन कर लाग्यो। सेना र मजदुर मिलेर प्रशियासँग घमासान युद्ध गरे। पेरिस शत्रुको घेरामा पऱ्यो। नयाँ लियो गामबेलाको पूँजीपती सरकारद्वारा शत्रुको अगाडि घुँडा टेक्ने निश्चय गऱ्यो। तर मजदुरहरू युद्ध लड्न चाहन्थे। सरकारले आत्मसर्मपण गर्न खोजेकोले ३१ अक्टोबर १८७० को दिन मजदुरहरूको विभिन्न समूहहरू मिलेर पेरिसको भिले होटल कब्जा गरे। राष्ट्रिय रक्षा सरकार भङ्ग गर्ने घोषणा गऱ्यो। मजदुर वर्गद्वारा कम्यून सरकार घोषणा गऱ्यो। २८ जनवरी १९७१ का दिन सरकारले जनतालाई थाहै नदिई प्रशियासँग घुँदा टेक्ने र युद्ध बन्द गर्ने सन्धिमा हस्ताक्षर गऱ्यो। साथै सन्धिको लगतै चुनाव गर्ने घोषणा गऱ्यो। शत्रुको सहयोगमा कुख्यात प्रतिक्रृयावादी एडोल्फ थिएरको अर्को सरकार बन्यो। राजधानी पेरिसबाट भर्सेलिजमा साऱ्यो। थियर सरकारले मजदुर विरोधी नीति लियो। राष्ट्रिय गार्डसँग भएको तोप र गोला (जुन मजदुरहरूको चन्दाबाट जुटाइएको थियो) कब्जा गर्न थियरले सरकारी पल्टन पठाए। सिपाहीहरूले मजदुरहरूमाथि गोली चलाउन दिएको आदेश मान्न अस्वीकार गरे। विद्रोहीहरूले सरकारी छाउनी, स्टेशनहरू, सरकारी भवनहरू कब्जा गर्न थाले। थियर र उनका मन्त्रीहरू पेरिस छोडेर



पेरिसको भिले होटल अगाडि फहरिएको रातो झण्डा

भागे । २६ मार्च १८७१ को दिन कम्यूनका प्रतिनिधिहरूको चुनाव भयो । २८ मार्च १८७१ को दिन प्रतिनिधिहरूले पेरिसमा नयाँ सरकारको घोषणा गरे जसको नाम पेरिस कम्यून राखियो ।

कम्यूनले प्रशासनिक, न्यायिक तथा शैक्षिक सबैक्षेत्रका पदहरू सार्वजनिक मताधिकारको आधारमा पूर्ति गर्ने नियम बनायो । यसरी निर्वाचित सबै पदाधिकारीहरूलाई तिनै मतदाताहरूको निर्णयअनुसार कुनै पनि समय फिर्ता बोलाउन सकिने व्यवस्था पनि गऱ्यो । कर्मचारीहरूको तलव मजदुरहरूको ज्याला, प्रतिनिधिसभाका सदस्यहरू र मन्त्रिहरूको तलव पनि साधारण ज्यामीको सरह गरियो । शिक्षण संस्थाहरूलाई चर्चबाट अलग गरे । धार्मिक स्वतन्त्रता दिइयो । चर्चलाई राज्यबाट अलग गरी धार्मिक कामका निम्ति सरकारले दिने गरेको रकम बन्द गरे । धेरै चर्च र मठहरूलाई जनताको सभा भवन बनाइ दियो । निःशुल्क र अनिवार्य शिक्षा लागू गरियो । नयाँ नयाँ स्कूलहरूको स्थापना गरे । जन-विरोधी पादरीहरूलाई गिरफ्तार गरियो । विज्ञानलाई चर्चको सिक्रिबाट मुक्त गरियो । सेनामा प्रजातान्त्रिक पद्धति लागू गरियो । कारखानाहरूमा ज्याला कम्युनले नै तोक्ने पद्धतिको विकास गरियो । अँध्यारो, ओसिलो छिँडी र पानी चुहिने छाना मुनि बसेका मजदुरहरूलाई पेरिसबाट भागेका धनी र पूँजीपति वर्गको घरमा डेरा सारी दियो । कम्युनमा विदेशी मजदुर पनि निर्वाचित हुन सक्ने ऐन बनाइयो । विदेशी क्रान्तिकारीहरूलाई कम्यूनको मुख्य मुख्य पदमा बसेर सेवा गर्ने अवसर प्रदान गरियो ।

पेरिस कम्युनले मजदुर र किसानहरूको पक्षमा धेरै कामहरू गरेता पनि पूँजीपतिवर्ग त्यतिकै चुपलागेर बसेन । जसरी भएपनि पेरिस कम्युनलाई ढाल्ने प्रयत्नमा लागिरहे । २० मे १८७१ को दिन भर्सेलिजका शत्रुले पेरिसमाथि धावा बोल्यो । सरकार र विद्रोहीहरू बीच घमासान युद्ध चल्यो । त्यो युद्ध एक हप्तासम्म चलेको थियो । २० मेदेखि २८ मेसम्मको त्यस हप्तालाई रगत बगेको मेको हप्ता भनिन्छ । २८ मे १८७१ को दिन पेरिस कम्यूनको अन्तिममोर्चा पनि हाऱ्यो । पेरिस कम्युन ढल्यो । जम्मा ७१ दिनसम्म चलेको पेरिस कम्युनको सरकारलाई पूँजीपतिहरूले पुनः आफ्नो कब्जामा लियो ।

## पेरिस कम्यूनको असफलताका कारणहरू

पेरिस कम्यून घोषणा गरिसकेपछि विरोधी सेनालाई निःशस्त्र गरिएन । तिनीहरूलाई भर्सेलिजमा जान दिइयो । जसले गर्दा उनीहरू एकत्रित भएर पुनः संगठित भई आक्रमण गर्ने मौका पायो । साथ साथै सम्पूर्ण विरोधीहरू एकै ठाउँमा भेला भएपछि विचार विमर्श गर्ने मौका पायो । जसको कारणले पनि पेरिस कम्यून ७१ दिनपछि ढल्यो । अर्को महत्त्वपूण पक्ष के रहयो भने पेरिस कम्यूनको उदय हुने वित्तिकै फ्रान्सको बैंकलाई तुरन्त कब्जा गरिएन । बैंकहरू भनेको पूँवादको स्नायु केन्द्र हो । स्नायु केन्द्रको रूपमा रहेको बैकिङ प्रणाली यथावटै कायम भइरह्यो । जसको कारण विरोधीहरूले आर्थिक पक्षलाई सवल बनाई नै रहे । बैकहरूलाई राष्ट्रियकरण गरेको भए विरोधीहरू आर्थिक रूपमा कमजोर हुन्थ्यो र आक्रमण गर्न असमर्थ हुने थियो । थियरले सेना जम्मा गर्ने फुर्सद नपाउँदै भर्सेलिजमा धावा बोल्नु पर्दथ्यो । विरोधीहरू जम्मा हुने अवसर नै दिनु हुँदैनथ्यो । तुरुन्त आक्रमण गरेको भए विरोधीहरू तितरवितर हुन्थ्ये वा मारिन्थ्ये । जसबाट पुनः आक्रमणको सम्भावना हुँदैनथ्यो । साथै पेरिस कम्युनमा निश्चिन्तता र प्रतिक्रान्तिकारीहरू प्रति आवश्यक दृढताको अभाव थियो । जसले गर्दा पनि पेरिस कम्यून ढल्यो । पूँजीपतिवर्गलाई पेरिसबाट बाहिर जान दिइयो । पूँजीपति वर्गको समूल नष्ट आवश्यक थियो । जुन पेरिस कम्यूनले गरेन । विरोधी मानिसहरूलाई आवत-जावतगर्न दिंदा तिनीहरूले सबै प्रकारको सूचनाको आदान-प्रदान गरे । षडयन्त्र गर्ने मौका प्रशस्त पाए ।



फ्रान्सका मजदुरहरू संघर्ष गर्दै

पेरिस कम्यून इतिहासको कालखण्डमा स्वर्णिम अक्षरले लेखिएको छ । ७१ दिनमात्र पेरिस कम्यूनले शासन चलाएपनि भविष्यमा मजदुरहरूले पनि शासनको बागडोर समाल्न सक्दछ भन्ने कुरा यसले पुष्टि गऱ्यो । यसको सन्देश संसारभरि फैलियो । जसको परिणाम स्वरूप सन् १९१७ मा सोभियत संघमा अक्टुवर क्रान्ति सम्पन्न भयो भने अन्य धेरै देशहरूमा क्रान्तिका ज्वालाहरू उठे ।

# मध्यकालिक नेपालमा राजकुलो पद्धति : ऐतिहासिक अध्ययनको रुपरेखा



देविचन्द्र श्रेष्ठ

नेपालको इतिहासमा मध्यकालको पछिल्लो छेउमा आइपुग्दा नेपाल मण्डलको विखण्डन गर्ने तत्त्वहरू जुर्मुराउँदै गरेकाले नेपाल उपत्यकाभित्रै तीनओटा राज्यहरूका राजधानी रहन जाँदा आधुनिककालको दृष्टिमा संकीर्ण युग ठहरिएला। तर, तिनै राज्यहरूमा मौलाएका सांस्कृतिक प्रतिस्पर्धाले गर्दा नेपालको मौलिक सांस्कृतिक विकास देखापर्‍यो। त्यसैलाई भजाएर आधुनिक नेपालको निर्माण भएको हो। अनि, प्रजातान्त्रिक युगमा प्रवेश गर्दा पनि अहिलेसम्म त्यही सांस्कृतिक विकासलाई नै भजाएर खान पाइराखेका छन् नेपालीहरूले। अझ, त्यसैलाई नेपालको विशिष्ट पहिचान भनेर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चा भएको पाइन्छ।

परन्तु, हाम्रो इतिहासमा मध्यकालको विशेषता भनेको आर्थिक क्षेत्रमा राज्यको सहभागिता हो। त्यसमा पानीको व्यवस्थापनले अझ माथिल्लो भूमिका निर्वाह गर्छ। यसअन्तर्गत राजकुलो पद्धतिको विकास उपर मध्यकालकै एउटा विशेषतास्वरूप ऐतिहासिक विश्लेषण गर्नुपर्ने हुन्छ। अनि, आधुनिक विश्वको समाजवादी चिन्तनधारामा पनि यो पक्ष जटाउन सकिने हुनाले आर्थिक इतिहासमा यसलाई छुटाउन कतै मिल्ने कुरा होइन। परन्तु, नेपालको आर्थिक इतिहास भनेर चर्चा गर्ने कुनै विद्वानले पनि अहिलेसम्म यस पक्षलाई उजागर गरी देखाउन सकेको भने पाइँदैन। नेपालमा इतिहास अध्ययनको यो सार्है अँध्यारो पक्ष भन्न सकिन्छ।

उत्तर मध्यकालमा मौलाएको यस राजकुलो पद्धतिलाई बहुविथ आयामका रूपमा चर्चा गर्नुपर्ने छ। यसले राज्यको राजधानी नगरलाई खानेपानीको समस्या हल गरेको पक्ष आफ्नै ठाउँमा छ। साथै, यहाँ उपत्यकाको मलिलो माटोमा खेती गर्ने किसान मात्रलाई सिँचाइको सुविधा पुर्‍याउने आर्थिक पक्षलाई कतै तल्लो तहमा राख्न सकिने होइन। त्यतिखेर, नेपालको अत्यन्त सुदृढ नगर निवेशको बाहिर चौतर्फी खेतीपातीको निम्ति यसले सिँचाइ प्रणालीको जालो बिछ्याउन सकेको पाइन्छ। साथै, नेपालमा प्राचीनकालदेखि प्रचलित ढुङ्गेधारा प्रणालीमाथि पनि यसले नयाँ आयाम थपेको छ। यसरी मध्यकालिक नेपालको अर्थतन्त्रमा जीवन्त राजकुलो पद्धतिका बारेमा केही ऐतिहासिक चर्चा गर्ने जमर्को यहाँ गरिएको छ।

प्रस्तुत राजकुलो पद्धतिका प्रणेता भने कान्तिपुरका राजा प्रताप मल्ल हुन्। उनले कान्तिपुरदेखि उत्तरी भेग शिवपुरी फेदीमा रहेको प्राचीन ऐतिहासिक जलासयबाट राजकुलो खन्दै कान्तिपुरमा प्रसिद्ध 'गुनपो' दरबारभित्र प्रवेश गराएको देखिन्छ। त्यसको निम्ति उनले पहिले बुढानीलकण्ठकै अनुकृतिको विशाल जलाशयन नारायणको प्रस्तर मूर्ति गरुडसहित आफ्नो दरबारको भण्डारखाल उद्यानमा सजाएका थिए। तर, सो मूर्ति प्रताप मल्लले नयाँ बनाउन लगाएको होइन। यसलाई उनले कान्तिपुरको पूर्वी क्षेत्रमा बग्ने रुद्रमती (धोबिखोला) परिसरका लिच्छवि बस्तीको अवशेषमा भेटाएर ल्याएका हुन्।

हनुमानढोका दरबारको एक उद्यानमा स्थापित जलाशयन नारायणको मूर्ति अवलोकन गर्दा मध्यकालिक प्रस्तरकलाभन्दा अगाडिकै कलाकृति जचिन्छ। आफ्नो दरबारमा यो मूर्ति स्थापित गरिसकेपछि त्यसमा अजस्रम जलाशयको निर्माण गर्न उनले पुरानो बूढानीलकण्ठको प्राकृत जलाशयबाटै पानी ल्याउने अठोट गरे। उनको यही अठोट नै कान्तिपुर राजकुलोको निर्माणमा कोसेढुंगो सावित भयो।

तर, राजा प्रताप मल्लले यस राजकुलोको माध्यमद्वारा आफ्नो दरबारमा स्थापित जलाशयन नारायणको कुण्डमात्र होइन, उनले आफ्नो दरबारमा नयाँ बनाएका विभिन्न चोकहरूमा ढुङ्गेधाराका लागि पानीको स्रोत जुटाउन पनि सफल भए। भौतिक रूपमा हनुमानढोका राजकुलभित्र रहेका विभिन्न चोकमा ढुङ्गेधाराहरूको निर्माण प्रताप मल्ल आफैले गरेका प्रमाणित अभिलेखहरूसहित विद्यमान् छन्। भण्डारखालमा रहेका जलाशयन विष्णुको फराकिलो कुण्डमा निरन्तर पानी भर्नलाई ढुङ्गेधाराहरू कुण्डको उत्तरपट्टि एउटा र पश्चिमपट्टि उस्तै अर्को ढुङ्गेधारा निर्मित देखा पर्छन्। आजभोलि यी दुवै धाराबाट पानी आउँदैन। तसर्थ नारायण मूर्तिसहित जलाशयस्थल सुख्खा नै रहेको पाइन्छ।

परन्तु हनुमानढोका दरबारमा निरन्तर पानीको आपूर्ति गर्ने यस राजकुलो निर्माणका सम्बन्धमा प्रताप मल्लको

कुनै अभिलेख देखापर्दैन। न त भण्डारखालमा जलाशयन नारायण स्थापनाको कुनै अभिलेख नै देखापर्छ। आफ्ना कीर्तिहरू साना वा ठूला जस्तो भए पनि स्थापना गर्दा आफ्नो अभिलेख राख्ने प्रताप मल्लले यत्रो महत्त्वको कीर्ति खडा गर्दा भने कुनै अभिलेख नराखेकोमा म आश्चर्य चकित छुँ। यसमा उनको स्मारक नहोला भनेर हत्पति विश्वस्त हुनै गाह्रो पर्छ। तर, हालको निम्ति यस राजकुलो निर्माणसम्बन्धी एउटा मोटामोटी समय अन्जाम गरी टुंग्याउनुपरेको छ।

हनुमानढोका पटांगिनीमा १५ थरिका लिपिसहितको अभिलेख प्रताप मल्लले राख्दा त्यसमा ने.सं. ७७४ जनिएको छ। त्यसै अभिलेखको बीचबाट जलद्रोणीको टुटेधारा निकालिएको देखिनाले र यसको लागि पानी भर्ने पछाडिको चोकमा ढुङ्गेधारा मौजूद हुनाले सोही ढुङ्गेधाराबाट यस जलद्रोणीमा निरन्तर पानी पुऱ्याइराख्ने बन्दोबस्त प्रताप मल्लले गरेका हुन् भन्ने सहज विश्वास हुन्छ। त्यसैले ने.सं. ७७४ कै आसपासको समयमा प्रताप मल्लले कान्तिपुर राजकुलो निर्माण सम्पन्न गरेको अनुमान गर्न सकिन्छ।

प्रताप मल्लद्वारा निर्मित कान्तिपुर राजकुलोको ऐतिहासिक सर्वेक्षणका रूपमा निकट अघिल्लो वर्ष एउटा निबन्ध मैले प्रकाशित गरेको थिएँ।[1] त्यसलाई प्रस्तुत विषयमा चन्चु प्रवेश मानेर त्यसको सान्दर्भिक चर्चासम्म यहाँ गरिएको छ। यही कान्तिपुर राजकुलोको अनुशरण गर्दै जितामित्र मल्लले भक्तपुरमा अर्को प्रसिद्ध राजकुलो निर्माण गरेको पाइन्छ। यसले गर्दा मध्यकालको नेपालकै अर्थतन्त्रमा राजकुलो पद्धतिले राष्ट्रिय चरित्र ग्रहण गरेको छ।

अब, भक्तपुर राजकुलोको सन्दर्भमा पनि एउटा सांस्कृतिक भूगोलकै चर्चाबाट थाल्नुपर्नेछ। यस राजकुलोको निर्माण गर्दा राजा जितामित्र मल्लले नगर निवेशदेखि पूर्वमा रहेको महादेव पोखरीको प्राकृतिक जलाशयबाट कुलो खन्दै आफ्नो दरबारभित्र पुऱ्याएको देखिन्छ। यो महादेव पोखरीको फेदमा नालदूमको व्यापार नाका पर्नाले यसको निम्ति प्रचलित वाक्यपद्धति नै नालदूम–महादेव पोखरी पाइन्छ। साथै यो नालदूम–महादेव पोखरी भक्तपुरमा सनातनदेखि धार्मिक तीर्थस्थल मानेर जनमानसमा श्रद्धाको छाप रहिआएको छ। अचेल, यो ठाउँ भक्तपुरको प्रसिद्ध पर्यटकस्थल नगरकोटभित्र पर्छ।

यस राजकुलोको प्राकृतिक भूगोल तथा निर्माण–मर्मतको लामो इतिहास नै पाइन्छ। महादेव पोखरीको जलाशय खोंचबाट निस्केको पानीको मूल प्रवाह नगरकोटको फेदीमा पुग्दा यसले ठाडो खोलाकै स्वरूप लिने हुँदा त्यसबाट धेरै घट्टहरू किनारमा चलाउनाले खोलाकै नाम घट्टेखोला भनेर चिनिएको छ। यसै घट्टे खोलाको बासुकी घाटमा बाँध बाँधेर कुलोको रूपमा खरिपाटी भएर भक्तपुरको बाँसघारीतर्फ लाग्छ। अनि, सोही बाँसघारीमा निर्मित पोखरीदेखि दायाँ–बायाँ पर्ति जग्गा छाडेर कुलो सोझ्याउँदै 'दगुगा' पोखरीमा खसालिएको छ जहाँबाट माटाको पाको डूंडका (pipe) माध्यमले सोझै भक्तपुर नगरमा प्रवेश गराइएको छ। यसरी करिब दुई कोस जतिको जलमार्ग तय गर्दै भक्तपुर राजकुलो निर्माण भएको पाइन्छ।

यस राजकुलोको पानीले भक्तपुर दरबारमा जितामित्रकै कीर्ति सुनधारालगायत खौमा टोल, नासमना टोलका धारासमेत नगरका अनेक धाराहरू चलाइएका छन्। सो राजकुलो खण्ड–खण्डमा चालू राख्ने जिम्मेवारी पाएका 'ढलपाहरू' हुन्छन्। तिनीहरूले मुख्य बालीचक्रमा खेतीको बेला सोही राजकुलोबाट किसानहरूलाई खेतमा पटाउन पानी छाड्ने दायित्वसमेत पाएकाले यसरी बर्खे खेतिपातीको बेला नगर प्रवेश गर्ने डूंडमा पानी हुँदैन। त्यसैले, भक्तपुरका ढुङ्गेधाराहरू पनि केही समय त चल्दैनन्।

प्रस्तुत राजकुलो निर्माण ने.सं. ७९८ मा राजा जितामित्र मल्लले सम्पन्न गरेको प्रलेख (Record) पाइन्छ। तापनि त्यसको निर्माणसम्बन्धी अभिलेख भने देखा परेको छैन। तर, यसको पाँच वर्षपछि राजकुलोमा 'ढलपाहरूको' काम–कर्तव्य तथा उपभोक्ता नागरिकहरूसित पानीपोत असुल गर्ने र राजकुलो सम्भार गर्ने कार्यमा श्रमदानको समेत व्यवस्थापन गरी ने.सं. ८०३ मा अर्को सनद अभिलेख नै राखिएको छ। त्यसबाट मध्यकालिक आर्थिक प्रशासनको रूपरेखा पनि बोध हुन्छ।

त्यतिखेर भक्तपुरमा पानीपोत अर्थात् राजकुलो दस्तुर प्रत्येक उपभोक्तासित प्रतिरोपनी आधा दंमको दरतीकिएको रहेछ। तर, 'ढलपाहरूले' पानी वितरणमा कचिंगल उठाएर बेहिसाब गरेमा उनीहरूलाई राजदण्ड ६ टंका तोकिएको कुरा भने विचारणीय छ। उहिले ६ टंका मोहरको दण्ड अलि कडा नै मान्नुपर्ने छ। काजीहरूसहितको राजसभामा यस्तो दण्ड प्रस्ताब उतिखेर पनि सामान्य अर्थमा लिन सकिने होइन। आर्थिक प्रशासनको यो पक्ष ललितपुर राज्यका हकमा पनि लागू रहेको प्रमाण भेटिन्छ। कान्तिपुरमा पनि लगभग यस्तै कर प्रणाली प्रचलित रहेको अनुमान हुन्छ। तर कान्तिपुरमा राजकुलोको दस्तुरसम्बन्धी अभिलेख कतै देखिएको छैन। यसको लागि थप अध्ययनको खाँचो छँदैछ।

अब, ललितपुरमा राजकुलोको चर्चा भने विशेष प्रकारले, अझ पत्याउनै गाह्रो किसिमले गर्नुपर्ने भएको छ। त्यहाँ राजकुलो पद्धतिको शुभारम्भ गर्ने ऐतिहासिक पुरुष पनि सुमति जितामित्र मल्ल नै हुन्। उनले त्यहाँ यो पद्धति ने.सं.

७८७ मा नै प्रारम्भ गरिसकेको पाइन्छ जब कि त्यतिखेर उनी भक्तपुरमा युवराजमात्र थिए। उनका बाबु जगतप्रकाश मल्लको ने.सं. ७९३ मा देहान्त भएपछि मात्र उनी भक्तपुरमा राजा भएका छन्।

ललितपुरमा यसरी राजकुलोको प्रारम्भ गर्दा ने.सं. ७८७ मा सुमति जितामित्र मल्लद्वारा एउटा अभिलेख स्थापित गरिएको पाइन्छ। तर, त्यतिखेर ललितपुरमा राजा श्रीनिवास मल्लको शासन रहेको कुरामा कुनै विवाद हुन सक्दैन। उनी त्यहाँ ने.सं. ७७२ देखि नै हर्ताकर्ता भएर देखापरेका थिए जब कि त्यतिखेर राजा सिद्धिनरसिंह मल्ल नै त्यहाँ कायम थिए। यसको ५ वर्ष पछि ने.सं. ७७८ मा राजा सिद्धिनरसिंहले आफ्ना छोरा श्रीनिवास मल्ललाई विधिवत् राज्याभिषेक गरी अधिकार सुम्पिदिए। उनी कान्तिपुरका राजा प्रताप मल्लदेखि प्रभावित रहँदै आएको पनि देखिन्थे। तर, चर्चित ने.सं. ७८७ को जितामित्रको अभिलेखमा राजा श्रीनिवास मल्लको भने चर्चा नै पाइँदैन। सुमति जितामित्र मल्लद्वारा नै उक्त राजकुलो थालनी गरी राजकीय सनद जारिभएको छ। यस प्रकार, विचित्रको अवस्था त्यतिखेर ललितपुरमा कसरी देखापऱ्यो त्यसको लागि बेग्लै ऐतिहासिक व्याख्या दिनुपर्ने खण्ड परेको छ। यस बखतका तीनै मल्ल राजाहरूको पारस्परिक राजनीतिक चलखेलको यथार्थ अध्ययन नगरी त्यसको व्याख्या हुन सक्तैन।

जहाँसम्म ललितपुर बेग्लै राज्यका रूपमा यसको अतीत नियाल्दा दोस्रो पटकको अस्तित्वमा हामी रुमलिएका छौं। परन्तु यसले पहिलोबाजी स्वतन्त्र हैसियत कमाउँदा पात्रवंशी राज्यको रूपमा उदय भएको थियो। त्यसलाई शिवसिंह मल्लले ने.सं. ७१५ को आसपास कान्तिपुर राजधानीकै अन्तरगत ल्याएर अखण्ड नेपाल मण्डलको आदर्श आंशिक रूपमा पूरा गरेका थिए। भक्तपुरलाई पनि यस्तै रूपमा परिणत गर्ने लक्ष्य पूरा भएमा प्रताप मल्लले कान्तिपुरमा अधिराज रत्न मल्लको उत्तराधिकार पाएको सार्थक हुनेथियो। यसै राजनीतिक उद्देश्यमा लाग्न प्रताप मल्लले भाइ श्रीनिवास मल्लसित एउटा मैत्रीसन्धि गर्न सफल भए ने.सं. ७७८ मा नै। यस्तै सन्धि उनका बाबु लक्ष्मी नरसिंह मल्ल र काका सिद्धिनरसिंह मल्लका बीच पनि भएको थियो ने.सं. ७४१ मा। तर, त्यतिबेला सो सन्धि ललितपुरकै स्वार्थमा भएको थियो भने यस पटक कान्तिपुरको चाहनामा सम्पन्न भयो। यसलाई प्रकारान्तरमा प्रताप मल्लको कुटनीतिक सफलता पनि भन्न सकिन्छ।

यति भएपछि ललितपुरको सहायतासमेत लिएर प्रताप मल्लले दोस्रो पटक भक्तपुरमाथि हमला गरे ने.सं. ७८१ मा। त्यसलाई भक्तपुरले वडो जुक्तिका साथ झेलेर प्रतिरोध गर्दा प्रताप मल्लले त्यहाँ कुनै 'लंक्वाथ' तोड्न सकेनन्। यसरी वर्षौंसम्म नाकाबन्द गर्दा पनि असफल भएर भक्तपुरमा आफूले कब्जा गरेका नगरबाहिरका आवादी जगामध्ये पिखेलमा गरुड नारायण स्थापित गरी गुठी राखेर फिर्ता हुनुपर्यो। प्रताप मल्लको यस अभियानलाई पुष्टि गर्ने दुईटा अभिलेखहरू भक्तपुर महाकाली थानमा अहिले पनि देख्न पाइन्छ। त्यसमा दृष्ट साक्षी बसेका छन् ललितपुरका राजा श्रीनिवास मल्ल।

प्रताप मल्लको यस अभियानमा श्रीनिवास मल्लले सर्वात्मना सहायता गरेको लागेन प्रताप मल्ललाई। हुन पनि श्रीनिवास मल्लकै सल्लाहमा नै प्रताप मल्ल आफ्नो भक्तपुर अभियानबाट दोस्रो पटक फिर्ता भएका थिए। श्रीनिवास मल्लको यस हर्कत बुझेपछि भक्तपुरका राजा जगत प्रकाश मल्लले प्रताप मल्लका विरुद्ध अर्को कुटनीति अख्तियार गरेको पाइन्छ। त्यसलाई बुझ्न यहाँनिर पुरानै कुरा फेरि एकपटक कोट्याउनुपर्छ।

कान्तिपुरका शिवसिंहले ललितपुरको पात्रवंशी राज्य खोसेपछि त्यहाँ आफ्ना छोरा हरिहरसिंह मल्ललाई राजधानीको प्रतिनिधि नियुक्त गरी पठाएका थिए। तर, शिवसिंह जीवित छँदै त्यहाँ हरिहर सिंहको मृत्यु भयो। उनको मृत्यु ललितपुरमा कहिले र कसरी भयो अहिलेसम्म प्रकाशमा आउन सकेको छैन। परन्तु, हरिहर सिंहकी विधवा रानी लालमतीले आफ्ना कान्छा छोरा सिद्धिनरसिंहलाई ललितपुरमा राजा घोषित गर्न वृद्ध ससुरा शिवसिंह मल्ललाई बाध्य पारिन्। त्यतिखेर विग्रही लालमतीलाई भक्तपुरबाट पनि आवश्यक सहयोग दिएका थिए। यसरी भक्तपुरकै कुटनीतिले गर्दा नै पुनः अस्तित्वमा आएको ललितपुरले ने.सं. ७७८ मा प्रताप मल्लसित एकानी शत्रु एकानी मित्रको मैत्री सन्धि गर्नु उचित थिएन। यही कुरा श्रीनिवास मल्लले राम्ररी मनन गरोस् भनेर भक्तपुरका राजा जगतप्रकाश मल्लले बरु आफ्नै जेठा छोरा जितामित्रलाई नै श्रीनिवासको जिम्मा लगाउने कुटनीतिको अख्तियार गर्दै ललितपुरमा पठाए। त्यतिखेर, श्रीनिवासको छोरा योगनरेन्द्र मल्लको जन्म भएको पनि थिएन। यसरी भक्तपुर र ललितपुरको एकत्व गर्ने अर्को कुटनीति अख्तियार गर्दै कान्तिपुरलाई एक्ल्याउने नयाँ रणनीतिमा भक्तपुर लागेको पाइन्छ। भक्तपुरको स्वार्थका लागि यसमा अन्यथा सोच्न पनि सकिँदैन।

यसरी, कान्तिपुरका राजा प्रताप मल्लसित भएको मैत्री सन्धि तोडेको घोषणा नगरिकनै श्रीनिवास मल्लले भक्तपुरका युवराज जितामित्रलाई आफूकहाँ ल्याएर केही कालको निम्ति ललितपुरको प्रशासनिक भार सुम्पिदिए। त्यस उपलक्ष्यमा जितामित्र मल्लले ललितपुरमा एउटा राजकुलोको जगेर्ना गरी

ने.सं. ७८७ मा अभिलेख राखेको पाइन्छ। यसरी भक्तपुरमा राजकुलो स्थापित गर्नुभन्दा अगावै यस पद्धतिका अगुवा आफूलाई सावित गरे सुमति जितामित्र मल्लले।

राजकुलो व्यवस्थापनका लागि सुमति जितामित्रले ललितपुरमा जे-जस्तो व्यहोराको अभिलेख राखेका थिए लगभग त्यसकै ढाँचामा भक्तपुर राजकुलोको व्यवस्थापनका लागि पछि ने.सं. ८०३ मा अभिलेख स्थापित गरेको पाइन्छ। ती दुवै अभिलेखका संस्कृत तथा नेपाल भाषिक खण्डहरू दाँजेर पठनीय छन्। सो बाहेक अन्य व्यहोरा प्रादेशिक छन्। दुवै अभिलेखमा राजकुलोको व्यवस्थापन पक्षलाई 'परिमिति' शब्दले परिभाषित गरिएका छन्।

अब, ललितपुर राजकुलोको निम्ति पानीको स्रोतबारे केही चर्चा आवश्यक हुन्छ। त्यतिखेर ललितपुरको दक्षिण फूचो (फूलचोकी) डाँडादेखि झरेका उत्तरी झरनालाई आधार क्षेत्र मानेर यस राजकुलोको निर्माण भएको देखिन्छ - जसलाई अभिलेखमा खोना धः (खोना ढल) को संज्ञा पनि दिइएको छ। यसले ललितपुरको नवनिर्मित दरबारमा अत्यन्त कलात्मक 'तुसा हिति' लगायतका ढुङ्गेधाराहरू चलाउन सहज पारिदियो। तर, यस राजकुलोद्वारा मणिगल दरबारको अन्य ढुङ्गेधाराका साथ पोखरी एवं नगरका कुन-कुन धाराहरू चालू गरिएका थिए त्यसको ऐतिहासिक सर्वेक्षण हुनसकेको छैन।

साथै, अभिलेखमा दोपात टोल निवासी भावोकाजी भागिरामलाई प्रस्तुत राजकुलो सिङ्गै जितामित्रले बक्सेको छ भनेर पनि स्पष्ट उल्लेख हुनाले यसबारे पनि विशेष व्याख्याको दरकार पर्छ। यस राजकुलोको निर्माणमा दोपात टोलका ज्यापुहरूको ठूलो परिश्रम खर्च भएको कुरा सकार्दै भावोकाजी भागिरामकै कदरस्वरूप यसको व्यवस्थापकीय दायित्व उनलाई सुम्पेको मान्न सकिन्छ। उहिले ललितपुरमा ज्यापुलाई 'भावो' आदरार्थी शब्दले जनाउने कुरा त यहाँ दोहऱ्याउनु नपर्ला। तर, त्यतिखेर श्रीनिवास मल्लकालिक ललितपुरमा भागिराम भन्ने भावोकाजी रहेको कुरा त्यहाँको राजनीतिक इतिहासमा कतै खुल्न सकेको छैन। यो पक्षमा ललितपुरको इतिहास खोतल्नेतर्फ जमर्को हुनु अहिले अत्यावश्यक हुन्छ।

चर्चित अभिलेखमा जितामित्र मल्ललाई ललितपुरमा ल्याएर राजा घोषित गरेको कुनै छनक पाइँदैन। न त यसमा तात्कालिक माणिग्लाधिपति श्रीनिवास मल्लको चर्चा नै गरिएको छ। बरु, यसले त कस्तो सन्देश दिन खोजिएको लाग्छ भने भक्तपुर नै एक प्रकारले ललितपुरको आश्रित हो कि भन्ने जनाउन सक्दछ। यसले निःसन्देह कान्तिपुरका राजा प्रताप मल्ललाई भक्तपुरमाथि आँखा लगाउने राजनीति त्याग्न श्रीनिवास मल्लले परोक्ष संकेत गरेको भनेर मान्न सकिन्छ।

हुन पनि परिणाम त्यस्तै देखापर्छ, समकालिक मल्ल राजनीतिक परिप्रेक्ष्यमा। यसले भग्न मनोरथका साथ छिट्टै प्रताप मल्लको मृत्यु भयो कान्तिपुरमा। त्यस उपरान्त नेपाल मण्डल नाभिकै रूपमा ललितपुरका राजा श्रीनिवास मल्लको राजनीतिक व्यक्तित्व मुखरित भएको ऐतिहासिक विश्लेषण गर्ने आधार अनेकौं पाइने हुँदा त्यसको लागि बेग्लै अध्ययनको दरकार पर्छ।

अन्तमा, ललितपुर राजकुलोबारे चर्चित जितामित्र मल्लको ने.सं. ७८७ को मूल अभिलेख भने भेटिएको छैन। श्री ३ जङ्गबहादुर राणाको पालामा आएर मात्र सं. १९३१ मा पुरानै अभिलेखलाई दोहोऱ्याउँदै अर्को शिलापत्र प्रतिष्ठापित गरिएको छ। यसका रचनाकार मयुरवर्ण विहारका भिक्षु प्रज्ञानन्द शिल्पकार भनेर पनि जनिएको छ। तर, यसमा सो राजकुलो मर्मत वा सम्भारको चर्चा भने पाइँदैन। तथापि त्यतिबेलासम्म सो राजकुलो चालू रहेको कुराचाहिं यसले प्रमाणित गर्दछ। तर, ललितपुरमा राजकुलोको प्रकरण यतिमै टुङ्गिंदैन। पछि ललितपुरमा राजकुलोको लागि दक्षिण टीकाभैरवदेखि नदीको मूल प्रवाहबाटै पानी थुनेर नयाँ कुलो चालू गरिएको पाइन्छ। सम्भवतः मध्यकालिक राजकुलो पद्धतिमा यो नै सबैभन्दा लामो राजकुलो सावित हुनेछ।

उपर्युक्त मध्यकालिक राजकुलाहरूमध्ये कान्तिपुरको राजकुलोले सबैभन्दा पहिलोपल्ट दुर्दशा झेल्नुपरेको छ। हनुमानढोका दरबारमा पानीको आपूर्ति गर्ने यस राजकुलोको आस्तित्व लोप हुनुमा जंगबहादुर पछिको राणाकालिक राजनीति नै जिम्मेवार देखापर्छ। श्री ५ सुरेन्द्र विक्रम तथा वलिअहद (युवराज) त्रैलोक्य विक्रम सम्म हनुमान् ढोका दरबारमै बसेका हुन्। तर ३८ साल पर्व (सं. १९३८) को आसन्न कालमा शाहवंशीय ३ पुस्ताको (पूर्व राजा राजेन्द्र, श्री ५ सुरेन्द्र तथा वलिअहद (वलेट) महाराज त्रैलोक्य विक्रम) स्वाभाविक मृत्यु हुँदा नयाँ बालक राजा पृथ्वी वीरविक्रम शाहलाई काखमा लिएर श्री ३ रणोद्दीपसिंहले आफ्नो दरबार नारायणहिटीमा राजपरिवार नै स्थानान्तर गरेका हुन्। त्यहाँदेखि हनुमानढोका दरबार राजपरिवारका लागि समारोहस्थलमात्र भएर यसको भौतिक दुर्दशा प्रारम्भ भयो। कालान्तरमा कान्तिपुर राजकुलोमा चासो राख्ने कुनै निकायसमेत नभएर त्यसले आफ्नो अस्तित्व नै गुमाउनुपरेको छ।

## सन्दर्भ सामग्री


१. 'भक्तपुर' मासिक (भाद्र २०७३ : पूर्णाङ्क २३३)

२. भोलानाथ पौडेलः भक्तपुरको राजकुलो : 'पूर्णिमा' पूर्णाङ्क २ (सं. २०२१)

३. छत्रबहादुर कायस्थः खोना धः 'नेपाल संस्कृति' १३२ (सं. २०५८ फागुन)

# नेवार संस्कृतिका रोटी तथा मिठाईबारे एक अध्ययन



ओम धौभडेल

नेवार समाजका विभिन्न मौलिक खाद्य परिकारमा रोटी अर्थात मिठाई पनि एक हो। विभिन्न चाडपर्व, मौसम तथा संस्कारमा फरक फरक शैली, फरक फरक स्वाद तथा फरक फरक चीजवीजले बनेका रोटीहरूको उपयोग गर्ने परम्परा छ। रोटीलाई मरि भन्ने सन्दर्भमा नेवार समाज भित्र थुप्रै मरिहरू पाईन्छ। मरिको पूर्व रूप मधि वा माधे हो। नेवार समाजमा आ-आफ्नो पेशाअनुसार थर कायम हुने सन्दर्भमा रोटी वा मधि बनाउनेलाई मधिकर्मीसमेत यहाँ रोटी बनाउने चलन पहिलेदेखि नै रहेको पुष्टि हुन्छ। घरघरमा दिनदिनै खाने पीठोको रोटी होस्, योमरी पूर्णिमाको दिन खाने योमरी होस्, सिथीको दिन खाने चटामारी, जन्मदिन, म्हापूजा, जंको आदिलाई चाहिने मुतुमारी आदि घर घरमा पाक्ने रोटी हो। यी बाहेक मिठाईको रूपमा घ्यु, चाकु, सखर, पीठो, दूध तथा खुवा, चिनी तथा मिश्रीलगायतका खाद्य पदार्थबाट रोटी बनाउने चलन छ। यसरी बनेका कय्यौं रोटीहरूको नाम यस प्रकारका छ- लडु, प्यारा, जेरि, स्वारी, माल्पा, बमेसन, बर्फी, हलुवा, माथा, फिनी, आँती, अनारसा, लालमन, खाजा, पुरी, रोथ, बालसही, गजरा, गजा, सेगुली, ङ पेडा आदि गुलियो तथा मिठा रोटी हुन्। जुन आयातित एवंम् स्थानीय दुवै छ। यी मरिहरू बाहेक नेवार जातीमा थुप्रै रोटीहरू रहेको देखिन्छ। उदाहरणको लागि अक्षता मरि, यो मरि, किग मरि, मुतु मरि, म्हुचा मरि, लाँचा मरि, म मरि, थु मरि, श्रीपक्ष मरि, ग्वारा मरि, खचा मरि, चखुँ मरि, बखुँ मरि, जिल्ल मरि, पचिता मरि, ध्वज मरि, मुसि मरि, ऐथा मरि, लाखा मरि, ब्यां मरि, चाकुमरि, छुचुं मरि, चता मरि, ङा मरि, ब्यां मरि, कनिचु मरि, सहि मरि, सुर्यान्त मरि, दुसि मरि, पु मरि, गोरक्ष मरि, सुलुजु मरि, सुकु मरि, दुरुमारी, लाब्जामारी जस्ता रोटीहरू यहिंकै स्थानीय रोटीहरू हुन्। यसमा दैनिक रूपले खाजाको रूपमा उपयोग हुने छुचुंमारी होस्, चामलको पीठो र चाकुबाट बन्ने योमरी होस्, अथवा चामलको पीठोको मात्र चतामारी होस् आफ्नै विशेषताले भरिएको मारी अर्थात रोटी हुन्। कुनै रोटी विशेष धार्मिक पूजा अनुष्ठानको लागि मात्र प्रयोग हुने लाक्षणिक महत्त्व पनि कम छैन। स्वस्थानी ब्रतको शुरु र समापनको लागि अक्षता मारीको आवश्यकता यसैसँग जोडिएर आउन्छ। विवाहको समयमा लाखामारीको चलन किन नहोस्, सिथीको दिन व (बारा) सित चतामारी खाने प्रचलन त्यसै चलेको होइन। भोज खाइसकेपछि मुसि मरि खाने चलन पनि आफ्नै ठाउँमा छ। तान्त्रिक पूजापद्धतिमा यो मरि, मुतु मरि, पछिता मरि, श्री पक्ष मरिको आवश्यकता पर्छ।

यसमा पनि देवदेवीलाई समेत विशेष खालको रोटी चढाउने आफ्नै परम्परा छ। गणेशलाई चाकु र तीलको लड्डु मन पर्छ। साथै खुवाको पेडा पनि चढाउँछ। सिथीको दिन घर अगाडि स्थापित पिखालखु याने कुमार देवतालाई व चतामारी चढाउँछ। प्रायः तान्त्रिक पूजामा सम्ये प्रसादको तलमाथि चता मरिले छोपिदिने चलन छ। श्राद्धकर्ममा पितृलाई दिने पिण्डमा समेत खाजा नामको रोटी राख्ने परम्परा छ। शिवरात्रीको समयमा मठ मठबाट सेगुलीलगायतका रोटी बाँड्ने चलन अहिले हराए झैं लाग्छ। यता वैदिक पूजाको क्रममा देवदेवीलाई पन्चमेल नामका रोटी आवश्यक पर्छ। जहाँ पाँचथरिका विभिन्न रोटीहरू हुन्छ। पन्चमेल अर्थात पाँचथरिका रोटीको मिलन भन्ने अर्थ लाग्छ। यी पाँच रोटीबारे पनि अचेल जुनसुकै पाँच थरिका रोटीलाई एकैठाउँमा राखी पन्चमेल भनि दिने सन्दर्भमा अलिकति परम्परातिर ध्यान दिनु पर्ने हो की।

यसै सन्दर्भमा नेवार समाजमा रोटी बनाउने पेशाको लागि छुट्टै थर समेत ब्यवस्था भएको आफैमा महत्त्वपूर्ण छ। यसमा पनि काठमाण्डौ ललितपुरभन्दा पनि भक्तपुरको जातिय ब्यवस्था अत्यन्त ब्यवस्थित रहेको सन्दर्भमा रोटी बनाउनेहरूलाई मधिकर्मी, माधेकर्मी, मारिकामी जस्ता विभिन्न थरले सम्बोधन गरेको देखिन्छ। भक्तपुरको टौमढीदेखि माथिल्लो भेगलाई थने र तल्लो भेगलाई क्वने भन्ने गर्छ। यस आधारमा भक्तपुरको दुवै भेगमा मधिकर्मीहरूको बसोबास देख्न सकिन्छ। माथिल्लो भेगका मधिकर्मीहरू पुर्खौलीदेखि भक्तपुरमा बस्दै आएका हुन् भने तल्लो भेगका मधिकर्मीहरू शाहकालमा मात्र देखिएका हुन्। तत्कालीन राजा रणबहादुर शाहलाई उनकै भाइ शेरबहादुर शाहले मारेको घटनाबाट पाटन धालाछेका प्रधानहरू भागी भागी हिड्नु पर्यो। कतिपयले आफ्नो थर धालाछे प्रधानबाट प्रधान वा श्रेष्ठ राख्नु पऱ्यो। यहि क्रममा

पाटनका एक जना धालाछे प्रधान आफ्नो परिवारसहित भक्तपुरमा लुक्न पुगे। भक्तपुरको गहिटी लाकुलाछैं भित्रको एक गोप्य ठाँउ जस्तै लाग्ने चँखुचागल्ली भित्रको एक घर किनी बस्न लागे। र आफ्नो परिवारको गुजाराको लागि रोटी याने विभिन्न मरिहरू बनाई बेच्न थाले। मरि बनाएकै आधारमा पछि यिनीहरूको थर धालाछे प्रधानबाट मधिकर्मी कायम हुन पुगे।

यता भक्तपुरमा तलेजुभित्र आवश्यक पर्ने रोटीहरू बनाउने जिम्मा यहिका माथिल्लो भेगका मधिकर्मीहरूको हो। यिनीहरूको खास बासस्थान गोल्मढी सुकुलढोका क्षेत्र हो। यहाँ मधिकर्मीहरूको आफ्नै आगमदेवता पनि स्थापित छ। यिनीहरूले तलेजुभित्र वर्ष दिन भित्र हुने सवै पूजापर्वहरूको आवश्यक जतिपनि रोटीहरू तयार गर्नुपर्छ। प्रत्येक था पूजामा बाह्र प्रकारका रोटीहरू चढाउनु पर्छ। त्यसबाहेक अरु विशेष पूजापर्वहरूमा समेत थरिथरिका रोटीहरू चढाउने चलन छ। यसमा मताकी पूजा, होली, योमारी पुन्हि, महालक्ष्मी ब्रत, मोहनी पर्छ। यसमा पनि मोहनीको बखतको बयान बिना त रोटीको महत्त्व नरहला। यसमा महाष्टमीको मध्यरात अर्थात कालरात्रीको समयमा भक्तपुर तलेजुको कुमारी चोक जहाँ जमरा राखेको हुन्छ, त्यहाँ मधिकर्मीहरू शुद्ध भई खाना नखाई गुजी नं अर्थात जामा लगाई विभिन्न प्रकारका रोटीहरू तयार गर्छन्। त्यसको लागि शुद्ध घ्यु, तेल, पीठोबाट विभिन्न १२ जोरको ७ प्रकारका गरि ८४ थान रोटीहरू तयार गर्छ। यसरी बनाएको रोटीहरूबाट रोटीकै मन्दिर बनाउन्छ। जहाँ रोटीकै मुथल, गजुर, छानाबाट अति आकर्षक मन्दिर बनाइसकेपछि तलेजुका मूल पुरोहितले मधिकर्मीलाई पगरी लाईदिने परम्परा छ। यो वास्तवमा उनको मिहिनेत तथा परिश्रमको कदरको रूपमा लिने मानिन्छ। यो प्रचलन कहिलेदेखि आएको हो भन्नेबारे अध्ययनको क्रममा ने.सं. ७९८ मा तात्कालीन भक्तपुरका राजा जितामित्र मल्लले चलाएको हो भन्ने बुझिन आउँछ। त्यसको बारे एक स्वर्णपत्र रहेको भनाई छ। राजा जितामित्र मल्लले श्री तलेजु भवानीलाई चढाएको रोटी बिक्री गर्न नपाईने बन्देज दरबारका चार प्रतिष्ठित ब्यक्तिहरू साक्षी राखी राखेको उक्त बन्देज अनुसार श्री तलेजु भवानीमा चढाएको पूजाको रोटी त्यहाँका पूजारी नाईके, कर्माचार्य नाईके र जोशी नाईके आदिले एक महिनासम्म बिक्री गर्न पाईने छैन। आवश्यक भए मात्र राजासँग हुकुम लिई चढाएको रोटीको थान ८ र झिंगटीवाल रोटी ४० थान सम्ममात्र बिक्री गर्न पाईनेछ। अन्यथा पंचमहापातक लाग्नेछ। दृष्टसाक्षी चन्द्रशेखर उपाध्याय, दुखी, भागराम र भागिराम प्रभानांग। नेपाल सम्वत ७९८। जुन यहाँ ८४ प्रकारको रोटीको जिकिर आएको छ, यसबाट जसरी ८४ ब्यन्जन भन्ने झै रोटीको मामिलामा पनि ८४ प्रकारको सर्न्दभ जोडिएको छ। यसमा तलेजुमा जस्तै ने.सं. ८२२ मा विश्वप्रसिद्ध ङातापोल मन्दिर निर्माण पश्चात गरेको सिद्धाग्नी कोट्याहुति यज्ञको लागि राजाले ८४ प्रकारका रोटीहरू बनाउन लगाएको थियो जुन यस प्रकारको छ–

१. पस्मा २. यालाचिदाना ३. छ्चुंमाढे ४. शर्क्कवारा ५. बालुसायी ६. मर्मृर्त्ति ७. दनमेस ८. बर्फि ९. पेडा १०. हेस्मि ११. मोतिचुल्या १२. पुवाता १३. चूर्म्मालडु १४. गुजिलडु १५. खोरा १६. वातासा १७. मालपुवा १८. शक्रान्नलडु १९. दुदुमाधेमाथा २०. जहागिरवाला २१. खाडवाला २२. लालडुवा २३. लाकचवरि २४. आति २५. खसुरस दाना २६. मरचदाना २७. फेणि २८. लडुचुडि २९. गुंजि ३०. जलेबि ३१. गुञ्जिखत्ति ३२. फनसेपु ३३. पियाव ३४. खाजा ३५. चाकुमाढे ३६. केमाथा साखलतोका ३७. दुदु थङा लडु ३८. भुति ३९. तिरवाला ४०. मासमाथा कस्ति तोका ४१ झिला ४२. देगुल्या तवकल्ला ४३. केलडुवा ४४. खडंवति ४५. लाझिलाता ४६. लावतक ४७. माथा ४८. सबुयिबेर ४९. मेथायि ५०. सियु लडुवा ५१. चकल्ला ५२. बलभद्रभोग ५३. कचवलि ५४. मुगसबुयिक ५५. जिलिबी कस्ति थाङा ५६. माथलडु ५७. साखलपापडे ५८. देवीप्रसाद ५९. निबासमली ६०. साखसालापु ६१. भुबल्लभ ६२. सियु झिला ६३. घोगी ६४. आपि ६५. फतसि ६६. सबुयिकु ६७.दधिवाला ६८.खण्डवाला ६९. त्रिकोण ७०. लुचै ७१. शर्क्कपाराचा ७२.केमाथा ७३. नारी ७४. पद्यमनारी ७५. घेलथाङा लडु ७६. मुतिझिला ७७. ग्वलोवैद्या ७८. थाकुरभोग ७९. मुगलडु ८०. घोगा ८१. खलिका ८२. तवसे ८३. धाले ८४. मोहनभोग।

त्यसो त राजा भूपतिन्द्रमल्लले ङातापोल निर्माणदेखि सिद्धाग्नी कोट्याहुति यज्ञ सम्पन्नसम्मको हरेक गतिविधिलाई टिपोट गरेकोलाई पछि डा. जनकलाल वैद्यले सम्पादन गर्नु भएको सिद्धाग्नी कोट्याहुति देवल प्रतिष्ठा नामको पुस्तकको दुई ठाँउमा यी ८४ प्रकारका रोटीको नाम परेको छ। माथि दिएको ८४ प्रकारका रोटीको नाम त्यसमध्यको एक ठाउँको हो। उक्त पुस्तकको १०२ क र ख पत्रमा जुजुयात छुके ब्युगु मरिया ता शिर्षक अर्न्तगत यी ८४ प्रकारका रोटीका नामहरू आएको हो। त्यस्तै सोही ग्रन्थको १२२ ख देखि १२३ क सम्म चौराशी दुये माधि शिर्षक अर्न्तगत ८४ प्रकारका रोटीहरूको नाम परेको छ। यहाँ स्पष्टसँग चौराशी शब्द परेबाट ८४ प्रकारका रोटीको महत्त्व रहेको बुझिन्छ।

यसबाहेक तलेजुभित्र हुने पूजापर्वहरूमा थरि थरिका रोटीहरू चढाउनु पर्छ। विशेषगरि प्रत्येक थापूजामा विभिन्न १२ थरिका रोटीहरू आवश्यक पर्छ। जसमा मिठाई जोडा,

सेगुली लधु, गोल टुक्रा लधु, लामो टुक्रा लधु, गोल माथा, त्रिकोण माथा, त्रिकोण माथा जोडा, गोलपान रोटी, खाजा रोटी, वापा खाजा, आति, देवी प्रसाद आति जस्ता रोटीहरू चढाउने चलन छ। तलेजु भित्र यस्ता ४६ वटा भन्दा बढी था पूजाहरू छन्। यसमा पनि आषाढ बदि मसान्तको दिन हुने तलेजु मूलचोकको तुलादानको अवसरमा पाँच पाँच थान गरी १६ प्रकारका रोटीहरू चढाउने गर्छ। जसमा किस्ती माथा, चारकोण माथा, त्रिकोण माथा, श्रीपक्ष, ठूलो आति, देवीप्रसाद आति, भौख्वा, गोलपान, फिनी, बाको फिनी, झांगीवाल, पंगलधु, ठूलो सैगुली लधु, गोल टुक्रा लधु, लामो टुक्रा लधु, हाम्रो लधु आदि रोटीहरू माटोको भाँडा कासिँचामा राखी चढाउँछ। यी रोटीलाई छाज्वँल पनि भन्ने गर्छ। त्यस्तै फागुन बदि अष्टमीको दिन हुने सुमिथा थापूजाकोदिन पनि विभिन्न ६ थरिका ७८ थान रोटी राखी थापूजा गर्छ। त्यस्तै महालक्ष्मी व्रतको थापूजा, योमरी पूर्णिमा र फागु पूर्णिमाको दिन पनि विशेष रोटीहरू चढाउने गर्छ। मल्लकालदेखि चल्दै आएको यो रोटी बनाउने काम निरन्तर चलोस् भनी पुर्खाहरूले गुठिको ब्यवस्था गरेको देखिन्छ। यसको उदाहरण गुठि लगत २२३ बाट थाहा हुन्छ। यसको लागि करिब ६ रोपनीभन्दा बढी जग्गाको ब्यवस्था भएबाट यसको पुष्टि हुन्छ।

यो सानो आलेखबाट भक्तपुरका मधिकर्मी र उनीहरूको पेशाका साथ तलेजुसितको सम्बन्धबारे केही जानकारी हासिल हुनेमा विश्वस्त छु।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

**कृषि प्राविधिक तालिम सञ्चालनसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाको आयोजनामा ५ महिने कृषि प्राविधिक तालिम बासु माध्यमिक विद्यालयमा बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरूले दर्ता शुल्क रु. १००।- र तालिम शुल्क रु. ३०००।- आ-आफ्नो वडा समितिमा बुझाइ तालिममा सहभागी हुनको लागि निवेदन दिनुहुन सम्पूर्ण नगरवासीहरूमा अनुरोध गर्दछौं। तालिम सञ्चालन हुने मिति पछि प्रकाशित गरिनेछ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**कृषि चुन वितरणसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट नगरका कृषकहरुलाई कृषि चुनमा पचास प्रतिशत सहुलियत दरमा प्रतिपरिवार २/२ बोरा कृषि चुन वितरण गर्ने भएकोले कृषि चुन लिन चाहने कृषकहरुले भनपा कर उपशाखामा रु. ३००।- नगद तिरी कृषि चुन लिनुहुन सम्पूर्ण नगरवासी कृषकहरुमा अनुरोध गर्दछौं।


## बासिबियाँलो




चित्रको दायाँ कुनामा दिइएको जस्तो E सानो ठूलो गरी कतिवटा E पता लगाउन सक्नुहुन्छ? (उत्तर ८६ पृष्ठमा दिइएको छ)

## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ



### मनु व माक

पूर्वे छम्ह मनुया माक छम्ह लहिना तल। व माकलं वयागु नसा वा सिसाफल् लिभाले पाना तइ बले झंगत ख्याना छोइ। छन्हु व मनु मध्यांने देन। व माकलं वया ख्वाले जुपिं भुजिं ख्याना बीत व लिक फेतुना चोन। छम्ह भुजिं वया व मनुया न्हास्या चोकाए जुत; व माकलं वान्ह्या केना वइत ख्याना छोत। अले हाकनं व भुजिं व मनुष्या मने जुवन। थो खना व माक तं चाया लोंहो छग ल्हना भुजिनेत सिका केका बिल। व तगोगु लोहोतं तसकं केक गुलिं व मनुया वाका तोधुल।

तं उपोम्ह व विचार मरुम्ह पासा सत्रु या सिवे मभिं। (**क्वचाल**)

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# बाघहितिको छोटो परिचय



प्रेम प्रसाद काफ्ले

यो स्थान भक्तपुर चाँगुनारायण न.पा. ७ वागिश्वरीमा अवस्थित छ । यो बाघहिति धार्मिक र ऐतिहासिक धारा हो । झट्ट हेर्दा यस धाराको मुख बाघको आकृतिमा देखिएकोले नै बाघहिति नामाकरण गरिएको हुनसक्छ । हुनत बाघको जस्तो मुखाकृती देखिएता पनि दाँत भएको माछाको मुखाकिृतिमा रहेको धारा भन्ने कुरा त्यसस्थलमा रहेको लिच्छविकालीन शिलालेखमा उल्लेख गरिएको छ–

ॐ उद्योतकाख्ये सततंमनोज्ञ सरातस्य ध्वनि सद्विहारे ।
*हारेय धारेय मति प्रसन्ना झषस्यक्रात्पतति विराजते ॥*

डा. जगदीश चन्द्र रेग्मीको लिच्छविकालीन इतिहासमा यसको अर्थ यस प्रकार बताइएको पाइन्छ–

ॐ सधैं देवमन्दिरहरूको बाटामा पर्ने उद्योतक विहारमा हार जस्तै ज्यादै सफा माछाको मुखबाट निस्किरहेको यो धारा सुहाइरहेको छ ।

तर त्रिभुवन विश्वविद्यालयबाट प्रकाशित पुष्पराज चालिसेको लिच्छवि इतिहास नामक लेखमा यसको अर्थ यसरी लगाइएको छ– सदाकाल मनोहर एवं उदीयमान रहेको देवताहरूको घरजस्तै स्पर्धा गर्ने राम्रो विहारमा ((सदाविहार) यो झुसको दाँत भएको माछाको मुखबाट सदा झर्ने अति प्रसन्नता सेता हार झैं धारा शोभायमान देखिन्छ । यो कञ्चन सफा पानी झर्ने धाराको मुहान यस स्थलबाट रत्नचुडेश्वर महादेव पोखरी नै हो भन्ने भनाइ छ । यसको दूरी अन्दाजी ४ किलोमिटर माथि पर्दछ । उक्त भइनाको पुष्टि गर्दै स्थानीय वासिन्दाहरूको सहभागितामा श्रावणशुक्ल जनै पूर्णिमाको दिन महादेव पोखरीमा मेला लाग्दछ । धेरै गाउँवासीको ठूलो उपस्थिति रहन्छ र स्नान जप तर्पन गर्ने गरेका कारणले गर्दा पानी धमिलो हुने हुनाले यस धारामा आएको पानी त्यस दिन खसेको पानी धमिलो आउन्छ भनिन्छ । यस पुण्य स्थलको निरन्तर अनुसन्धान र अन्वेषणको खाँचो रहेको छ । यदाकदा यहाँ ऐतिहासिक वस्तुहरू अहिले पनि भेटिँदै गरेको पाइन्छ भनिन्छ । हाल आएर सो महादेव पोखरी कुण्ड पुरातत्त्व विभागबाट पक्की र भुइँमा ढुंगा बिछाउने काम भएकाले अहिले धमिलो पानी नहुन सक्छ ।

केही वर्ष अगाडि यस बाघहितिको नजिक प्राप्त भएको तीन तहको तीन तले दिव्य अलौकिक (यस अघि अन्यत्र कहिले नदेखिएको अपूर्व शिवलिङ्ग) अनेक विशेषताले परिपूर्ण छ । तीनै तलामा छुट्टाछुट्टै जलाहारी, जलाधारी, शिवपिठ रहेको छ । लिङ्गात्मक हरचराचर विश्वरुपिन यस शास्त्रीय वचनलाई आलौकिक पार्दै तीन त्रिलोक स्वर्ग, मर्त्य र पाताललाई संकेत गरेको आभाष हुन्छ । स्कन्द पुराणान्तर्गत माघ महात्म्य स्वस्थानी व्रतकथाको १६ अध्यायमा भगवान् शिवको दिव्य लीलाको वर्णनको क्रममा भनिएको छ । शिवपार्वतीको अनुपस्थितिले महाकैलाश एवं विश्व ब्रह्माण्डनै उराठिलो र शून्यताको अनुभव गर्नु भएका ब्रम्हा, बिष्णु र इन्द्रादि देवताले प्रभुहरूको दर्शनार्थ तपस्या आराधनामा संलगन रहेको निकै समय व्यतित भैसक्दा पनि दर्शन नपाउनाले निराश भै आ–आफ्नो लोकमा फर्कने क्रममा पवित्र वागमती नदीको किनारमा रहेको गौरीघाटमा जगतमाता पार्वतीको दर्शनपाए उप्रान्त माताकै कथनानुसार भगवान शिव दिव्य मृगको स्वरूप लिई श्लेष्मान्तक वनमा क्रीडा विहार गर्दै रहनुभएको बुझी त्यसैतर्फ फर्किएर दर्शनार्थ आराधना उपासनामा संलग्न रहेका र मृगहरूको माझमा दिव्यरुद्ररूपी एक सिङ्गे मृगको स्वरूपमा नाच्ने, उफ्रने, लीला विहार क्रीडा गरिरहेको देखे । तदनन्तर देवताहरूले दर्शनको लागि अनेकौं अनुनय विनय प्रार्थना गर्दा पनि खास स्वरूपको साकार रूपमा दर्शन नपाउँदा ब्रम्हा, विष्णु र इन्द्रले तीनतिरबाट छेक्दै मृगको सिङमा विशेष बलपुर्वक समाउँदा यत्रतत्र घुम्दै यसै वागिश्वरी बहालवन बागहितिको आसपासमा अन्तर्ध्यान हुनुभएको,



बाघहितिको शिव मन्दिर

त्रिदेवको हातमा तीन टुक्रा भएको सिङ छुट्टाछुट्टै रहनु र पछि भगवान शिवले ज्योतिरूपमा दर्शन दिनुभए पस्चात् त्रिदेवहरूले सिङ समाउँदा ठूलो अपराध भएको कुरा व्यक्त गरेपछि उनीहरूलाई सान्त्वना दिंदै एक एक टुक्रा सिङ स्वर्ग, मर्त्य र पातालमा स्थापना गर्न आदेश दिनु र यहाँ यो विचित्र तीनतले शिवलिंग प्राप्त हुनुले प्रभुको लीला चरित्रले यस बाघहिति पवित्र धाराधामलाई स्पर्श गरेको अनुभुतिलाई यस स्थलको



बाघहिति

तीन तहको शिवलिङ्ग संरक्षणको लागि पेगोडा शैलीको चार ढोका भएको अन्दाजी १२/१३ फुट उचाइको मन्दिर निर्माण गरिदिएको छ। यस स्वस्थानी ब्रत कथामा १६ अध्यायमै गोकर्णेश्वर गोकर्णमा राक्षस राज रावणले विशेष प्रयोजनको लागि शिवराधना गरेको चर्चा पनि रहेको छ। गोकर्ण श्लेष्मान्तक वन (मृगस्थली) वागीश्वरी बहालवन बाघहिति क्षेत्र त्रिकोणात्मक रूपमा रहेको पनि सुनिन्छ।

अर्को कुरा वागीश्वरी बहालवनमा रहेको पञ्चकन्या देवस्थलबाट बाघहिति बाघधारामा सेतो बाघको रूपलिएर पञ्चकन्याकासाथ स्वयं भगवती दुर्गापार्वती रातमा स्नान गर्न आउनु हुने प्रसंग धेरै साधकहरूले मुखामुख गरेका छन्। हालसम्म पनि यो आख्यान स्थानीय जनतामा रहेको पाइन्छ। त्यसैले यसस्थलमा सेतीदेवीका नामले वेग्लै स्थानमा देवस्थल छ र पुजाआजा गरिआएको पाइन्छ र हाल यस देवस्थलको संरक्षणको लागि बनेको समितिको नाम पनि सेतो बाघबाट उचारण गरिएको पाइन्छ। देवदेवीहरूका मन्दिर मूर्ति पनि देख्न पाइन्छ। ती अत्यन्त सुन्दर आकर्षक र मनमोहक छन्। यसथलमा ६/७ दसक अघिसम्म पनि त्यागी, तपस्वी र धार्मिक जनहरू बसेको सुनिन्छ। यस्तो गहिरो धार्मिक स्थलतर्फ पुरातत्त्व विभाग र स्थानीय, धार्मिक समाज विद्वत वर्ग लगायत सम्पूर्णको ध्यान आकर्षित गर्न चाहन्छु।

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७५ फागुन महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खबुजा | २३५ | ९० | ३२ | २२ | १९ | २३ | ५ | ६ | ३ | ५ | १ | ० | १ | १ | १ | १ | ४ | ० | ५ | २ |
| २ | रजनी सुवाल जरेजु | १४४ | ७० | २६ | १५ | ६ | ३ | ३ | ८ | १ | २ | ० | ० | ० | ० | ० | १ | ४ | ३ | २ | ५ |
| ३ | अनु गोसाईं | ३४५ | ८४ | ४१ | १८ | ४७ | २५ | ४ | ७ | १७ | ३ | ३ | ० | ० | ० | २ | २ | ० | ४ | २ | ६ |
| ४ | विमला कुम्पाख | २१० | ९५ | २७ | ११ | १७ | २१ | २२ | ० | ८ | ३ | ० | २ | ० | ० | ३ | ० | ० | १ | १५ | २ |
| ५ | मञ्जु छुकां | १०७ | ३६ | ९ | १ | १ | ० | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ३ |
| ६ | सुजना बोहजु | २१८ | ४२ | १७ | १२ | १५ | १० | २ | २ | ३ | ३ | २ | १ | ० | ५ | ३ | ० | ० | २ | १२ | २ |
| ७ | सुमित्रा राजचल | १९० | ४४ | १५ | १२ | ४ | ४ | २ | २ | ६ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २४ | २ |
| ८ | सरिता गोसाईं | १०५ | २१ | ९ | ५ | १० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ |
| ९ | सविना दुवाल | १४२ | २१ | १६ | ८ | २ | ० | २ | ७ | ४ | ० | १ | ० | ० | २ | १ | ० | २ | ० | ५ | १ |
| १० | मोनिका पही | २२० | ३० | २५ | ७ | ५ | २ | ३ | ३ | ७ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | २ |

संकलन - कमल केशरी राजचल

**अनुभव**

# चिनियाँ भाषा र संस्कृति कक्षामा सहभागी हुँदा

सुन्दर राजचल

कुनै महत्त्वपूर्ण औपचारिक सभामा प्रमुख अतिथि वा विशेष अतिथिको रूपमा बोलाइएका पाहुनाले आफू उपस्थित कार्यक्रमको बारेमा जानकारी नभएको अभिव्यक्ति दिंदा र प्रसङ्गभन्दा बाहिर अभिव्यक्तिले दर्शकहरूको मनमा कस्तो भाव पैदा होला ? के बुझ्ला ? अनुमान सहज छ । दर्शकहरूबीच मुखामुख हुन्छन् र अभिव्यक्ति स्थान र कार्यक्रमअनुसार सान्दर्भिक नभएको टीक्का टिप्पणी चल्छन् ।

हुन त यस्ता समस्या सत्तासीन नेताहरूका लागि नौलो भने पक्कै होइन । विना तयारी, विना जानकारी कार्यक्रममा सहभागी भई तयार गरिदिएको भाषण गर्नु पुरानै रोग हो । मंसिर ११ गते कलंकी स्थित एलआरआई (लर्निङ आल्म इन्टरनेशनल) मा भएको एउटा भव्य समारोहमा यस्तै दृष्य पुनरावृत्त भयो । कार्यक्रम थियो- नेपालका सामुदायिक विद्यालयहरूका लागि चिनियाँ भाषा र संस्कृति सम्बन्धी १५ दिने सेमिनारको समापन समारोह । कार्यक्रममा प्रमुख वक्ता थिए वर्तमान संसदका सभामुख कृष्णबहादुर महरा र अर्का विशेष वक्ता हुन जनवादी गणतन्त्र चीनका महामहिम राजदूत यु होङ । त्यसैगरी शिक्षा मन्त्रालयका उपसचिव बैकुण्ठ अर्याल र बेइजिङ इन्टरनेशनल चाइनिज कलेजका उपप्रमुख यी वेन लगायतका अतिथिहरू ।

निर्धारित समयभन्दा ४५ मिनेट ढिला कार्यक्रम स्थलमा उपस्थित सभामुख महराले नेपाल सरकार शिक्षा मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच भएको सम्झौताअनुसार तालिम आयोजना भएको जानकारी गराइएको भएतापनि त्यसपछिका अधिकांश समय विद्यालयको प्रशंसा गर्नमै खर्च गरे । उनले एलआरआईका विद्यार्थीहरूले सामाजिक रूपान्तरणका पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको भनाइ राख्दै भाषा र संस्कृतिको उत्थानमा विद्यालय र विद्यालय प्रधानाध्यापकबाट हुँदै आएको कार्य प्रशंसनीय भएको अभिव्यक्ति दिए । लाग्थ्यो उनी विद्यालयको वार्षिकोत्सव कार्यक्रममा सहभागी हुँदै थिए । बोल्ने क्रममा महराले 'कार्यक्रमको बारेमा आफूलाई राम्रो जानकारी नभएको' व्यक्त गर्ने बित्तिकै सहभागी देशैभरिका विभिन्न विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूले उनको भनाइ माथि टिप्पणी गर्न पुगेका थिए- सभामा आउने व्यक्तिले कार्यक्रमको बारेमा पहिल्यै जानकारी लिनुपर्ने, महत्त्वपूर्ण सभामा आउनुपूर्व आफूले बोल्ने विषयमा पहिल्यै तयार हुनुपर्ने र समयमा कार्यक्रमस्थल आउनुपर्ने आदि ।

नेपालका लागि चिनीयाँ राजदूत यु होङले नेपाल र चीनबीच विगत लामो समयदेखि नजिकको सम्बन्ध रहेको र विगत ६३ वर्ष अगाडिदेखि कूटनीतिक सम्बन्ध स्थापित भएको उल्लेख गर्दै भाषा र संस्कृतिले मानिस मानिसबीचको सम्बन्धमा सुधार आउने विश्वास व्यक्त गर्नुभयो । नेपालको विकास र नेपालीको हितको निम्ति सयभन्दा बढी नेपाली नागरिकले 'मानव श्रोत संशाधनको' विशेष तालिम लिइसकेको बताउँदै विद्यालय स्तरीय भाषा प्रशिक्षण पहिलोपल्ट सम्पन्न भएको बताउँदै राजदूत होङले चीन सक्रियतापूर्वक नेपालको हितमा लागिरहेको बताउनुभयो ।

पन्ध्र दिने तालिमको उद्घाटन कार्तिक २७ गते (नोभेम्बर १३) मा भएको थियो । उक्त समारोहमा शिक्षामन्त्री गिरिराजमणि पोखरेलले नेपाल र चीन सरकारको संयुक्त आयोजनामा तालिम संचालन प्रारम्भ भएको जानकारी गराउनुभयो । अरनिको र भृकुटीले चीनसँगको सम्बन्ध विस्तारमा महत्त्वपूर्ण योगदान गरेको स्मरण गर्दै उनले काठमाडौंको दरबार हाई स्कूललगायत थुप्रै नेपालका शैक्षिक र स्वास्थ्य संरचना पुन:निर्माणमा चीन सरकारले महत्त्वपूर्ण योगदान गरेको विचार व्यक्त गर्नुभयो ।

उक्त तालिम प्रभावकारी बनाउन चीन सरकार र सम्बन्धित कलेजका उपप्रमुखदेखि शिक्षक विद्यार्थीहरूले पनि निक्कै परिश्रम गरेको सहजै बुझ्न सकिन्थ्यो । बिहान १० बजे देखि साझ ५ बजे सम्म ६ घण्टा दैनिक ३/३ घण्टाको दुई सेशन भएको तालिममा उपस्थित नेपाली शिक्षकहरूको इच्छा र रुचिलाई मध्यनजर गरी चिनीयाँ र नेपाली गीतहरू पनि बीच-बीचमा गाउन लगाई कक्षाकोठाको वातावरण संगीतमय बनाउनुका साथै सृजनात्मक क्रियाकलाप गराउन पनि निक्कै सक्रिय भएको देखिन्थ्यो । उपत्यकाका सम्पूर्ण नगरपालिकाहरूबाट एक सय जना शिक्षकहरू सहभागी गराउने भनेपनि कार्यक्रममा एक सय २७ जना शिक्षकहरू सहभागी भएका थिए ।

विद्यालयको कक्षा कोठामा एक घण्टी अर्थात करीब ४०-४५ मिनेट विताउन पनि मुश्किल मान्ने शिक्षकहरूलाई दैनिक कम्तीमा ६ घण्टा एउटै कक्षामा बस्नु नि:सन्देह कठिन त थियो नै । तैपनि स्वयम्सेवक चिनीयाँ शिक्षकहरूको परिश्रम

र प्रस्तुती अनुकरणीय थियो। तिनीहरूका सिकाइ शैली विशेषगरी सार्वजनिक विद्यालयका शिक्षकहरूले अनुसरण गर्नै पर्ने खालको थियो। विदेशी भाषा सिक्नका लागि नेपालीहरूलाई पनि सजिलो पक्कै छैन अझ चिनीयाँहरूलाई आफ्नो भाषा सिकाउन पनि सजिलो पक्कै थिएन तैपनि अनुशासित र तयारी पछिका कक्षाहरू रमाइलो, सृजनात्मक र शैक्षिक दृष्टिकोणसहितको मिश्रित कक्षाको अनुभव शिक्षकहरूको छ।

तालिमको समायावधि केवल भाषा सिक्ने र सिकाउनेमा केन्द्रित हुँदो हो त प्रशिक्षार्थीहरूलाई समय कटाउन मुश्किल पर्दो हो। आफू बोलिरहने शिक्षकहरूले कक्षा कोठामा विद्यार्थी झैं सुनिरहनु कठिन कार्य हो। त्यही भएर चिनियाँ संस्कृति र चीनबारे धेरै महत्त्वपूर्ण जानकारी दिन चिनियाँ पक्षले कडा मेहनत गरको सहजै अनुमान गर्न सकिन्थ्यो। विना तयारी कक्षामा प्रवेश नहुने, कक्षा शुरु हुनुभन्दा कम्तीमा १५ मिनेट अगाडि कक्षा कोठामा उपस्थित हुने, आफ्नो जिम्माको प्रस्तुती अनुशासित र जिम्मेवारीबोधका साथ तयार गर्ने, द्वेभाषेको बन्दोबस्त जस्ता तिनीहरूको प्रयास नेपाललाई समृद्ध भन्नेहरूले पनि सिक्नुपर्ने पाठ हो। सो अवधिमा आफ्नो देश विकासोन्मुख भएको र अझ धेरै गर्न बाँकी भएको दृष्टान्तहरू दिँदै देशका महत्त्वपूर्ण ठाउँहरू ग्रेटवाल, तियानमेन स्क्वायर, राजधानी बेइजिङ, फोरविदन पार्क जस्ता मनोरम दृष्यहरू देखाएका थिए। प्रसिद्ध प्राचीन र आधुनिक शहरहरू देखाए पछि चिनीयाँ संस्कृति र सभ्यता उदाहरणीय भएको जोकोही अनुमान गर्न सक्दछ।

सो अवधिमा चिनियाँ भाषाको आधारभूत जानकारी दिनुका साथै चीनका नदीनाला, ताल, हावापानीलगायत भौगोलिक अवस्था समेतको जानकारीले चीनबारे धेरै बुझ्ने मौका मिलेको सहभागीहरूको कथन थियो। विश्वका १७८ मुलुकहरूसँग कूटनीतिक सम्बन्ध विस्तार गरेको चीनको नेपालजस्ता थुप्रै देशहरूमा सहयोग गर्न तयार रहेको विचार प्रस्तुतकर्ता शिक्षकहरूले सो अवसरमा बताउनुभयो।

जापानी साम्राज्यवादले चिनीयाँ जनतालाई दुःख र अमानवीय यातना दिएका दृष्यसँगै र जापान विरुद्धको चिनीयाँ प्रतिरोध संघर्षले अन्ततः जापानले आत्मसमर्पण गरेको दृष्य समेत प्रस्तुत भएको प्रस्तुतीले उपनिवेशमा परेका जनताहरूका लागि प्रेरणादायी रह्यो। सो अवधिमा चीनका विभिन्न परम्परागत गीतका बारेमा प्रस्तुत गर्नुका साथै बेइजिङ ओपेरा, चिनीयाँ प्रसिद्ध आधुनिक संगीत र परम्परागत संगीत र नृत्यका फरक- फरक विकासको चरणले कार्यक्रमलाई थप आकर्षक बनाइएको थियो। तिनीहरू वर्षभरिमा महत्त्वपूर्ण ७ चाडहरू मनाउने तथ्यले नेपालमात्र चाडहरूको देश हो की भन्ने जिज्ञासा मेटाइदिएको अनुभव छ। तिनीहरू स्प्रिङ, लान तान, ट्वोम्ब स्वीपिङ, ड्रायगन बोट, चिनीयाँ भ्यालेन्टाइन डे, मिड अटोमन र डबल नाइन्थ नामका विभिन्न चाडहरू मनाउने गर्दछन्। यसका साथै ड्रागन डान्स र लाइन डान्स, सिल्क बाका पनि आकर्षक चाडहरू छन्।

तिनीहरू कै शब्दमा चीन सरकार र चिनीयाँ जनता अत्यन्त परिश्रमी छन् भने तिनीहरूको संस्कार समेत उच्च कोटिको छ। सो कुरा शब्द भन्दा पनि त्यहाँको आर्थिक विकास र बन्दोबस्तले प्रष्ट पार्दछ। ३४ विभिन्न प्रान्तीय प्रशासनमा विभाजित, ५ स्वशासित क्षेत्र र ४ नगरपालिकाहरू रहेको मुलुकमा सम्पूर्ण प्रान्तहरू र नगरपालिकाहरू केन्द्रीय सरकारको नीति निर्देशनमा चल्दा रहेछन् अर्थात केन्द्रको बलियो पकडलाई निरन्तरता दिदैं आएका छन्। विकेन्द्रीकरणको उत्कृष्ट नमूना पनि सो देशमा रहेको बुझ्न सकिन्छ। नेपालमा विभिन्न जिल्ला र क्षेत्रमा फरक- फरक भाषाहरू भए झैं चिनीयाँ समाजमा पनि फरक फरक भाषा बोल्नेहरू रहेछन्। राजधानी बेइजिङकै भाषा पनि अन्य कतिपय ठाउँहरू भन्दा फरक रहने गरेको तिनीहरूको कथन थियो। नम्रता, मित्रवत् व्यवहार, मनोरञ्जन, आफ्नो संस्कृतिप्रतिको गर्व, आर्थिक सन्तुष्टि नै तिनीहरूको परिचय भएको स्वयम्सेवक शिक्षकहरू बताउँछन्।

अन्तमा, छिमेकी मुलुक चीन सरकार नेपालको मात्र होइन दक्षिण एसिया र अझ संसारका थुप्रै विकासोन्मुख र अतिकमविकसित मुलुकहरूको विकास र प्रगतिमा योगदान दिन तयार रहनु र दिँदै गरेका थुप्रै उदाहरणले चीन वास्तविक अर्थमा छिमेकी र अन्य देशका लागि मित्र देशको रूपमा पाउनु नै नेपालको लागि ठूलो अवसर हो। समाजवादी गणतन्त्रलाई सफलता पूर्वक व्यवहारमा उतारेको चीनको समृद्धि सिद्धान्तप्रतिको दृढ अडान र नेतृत्व प्रतिको सम्मान र बलियो आस्था हो भन्ने यथार्थ तिनीहरू स्वीकार्छन। साथै व्यवस्थामा आउने परिवर्तन सँग- सँगै संस्कार र संस्कृतिमा परिवर्तन आएमा मात्र व्यवस्था दिगो हुन्छ भने अनुपम उदाहरण चीन सरकारले प्रष्ट पारिदिएको अनुभव समेत सहभागी शिक्षकहरूले गरेका छन्।

*(भक्तपुर नगरपालिकाको तर्फबाट हामी शिक्षकहरू जगन्नाथ सुजखु (दोलागिरी मावि), सुन्दर राजचल (शारदा मावि), इन्द्रलक्ष्मी त्वायना (सरस्वती विद्यागृह मावि), विष्णुप्रसाद दुमरु (बासु मावि) र अम्बर दली (वागिश्वरी मावि) गरी ५ जना गत कार्तिक २७ गते देखि मंसिर ११ गते सम्म जम्मा १५ दिने चिनियाँ भाषा र संस्कृति विषयक सेमिनारमा सहभागी भएका थियौं। सेमिनारमा सहभागीहरूको तर्फबाट शिक्षक सुन्दर राजचलको अनुभव)*

# काठमाडौं रानीपोखरी पुनर्निर्माण भक्तपुरको हातमा आएको जिम्मेवारी

• सहयोग रञ्जित

भक्तपुर वडा नम्बर १ भारवाच्वका महिलालाई हतारहतार बिहानको काम सकाएर १० बजेसम्म काठमाडौं पुग्न पर्ने हतारो छ। शिवरात्रीका दिनदेखि दैनिक रूपमा उनीहरूको भक्तपुर–काठमाडौं यात्रा सुरु भएकाले बिहानदेखि भ्याइ–नभ्याई हुन थालेको हो।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प्रस्तावमा भक्तपुर नगरपालिकाले उनीहरूलाई विशेष काम दिएको छ। त्यो हो, काठमाडौंको रानीपोखरी (न्हू पुखु) पुनर्निर्माणमा सहयोग गर्ने।

पहिलो दिन उनीहरूले रानीपोखरीमा रहेका झारपात जलाएका थिए। अहिले उनीहरू रानीपोखरीको वरिपरि रहेका माअप्पा (पातलो ईँटा) ले बनेका पर्खालहरूमा उम्रेका घाँस काट्न व्यस्त छन्। माटो पन्छाउँदै छन्। पानी निकास हुने स्थान पनि पत्ता लगाउँदैछन्।

भक्तपुरका पोखरीहरूमा पानी जम्मा गर्न सिपालु यी महिलाहरू अहिले रानीपोखरी ब्युताउँने महत्त्वपूर्ण जिम्मेवारी काँधमा लिएर काममा जुटेका हुन्।

'सफा नगरी काम सुरु गर्न मिल्दैन। पहिला जसरी बनाइएको थियो त्यसरी नै पोखरी निर्माण गर्ने हो,' भक्तपुर भारवाच्वकी ५० वर्षीया सरस्वती भैलले रानीपोखरीमा उम्रेका झारपात र माटो हटाउँदै भनिन्। उनकाअनुसार अहिले पुरानो पर्खालको स्वरूप पहिचान गर्ने काम भइरहेको छ। उनीसँगै काम गर्दैछन् भारवाच्वकै ३० देखि ५० वर्ष उमेरका करिब ४० महिला।

सबैको एउटै उद्देश्य–भक्तपुरको भाजु पुखु (भाज्या पोखरी) सँगै काठमाडौंको रानीपोखरी निर्माण गर्ने।

रानीपोखरी पुनर्निर्माणमा भक्तपुरबाट टोलीको नेतृत्व भने कृष्णप्रसाद दुमरुले गरिरहेका छन्।

२०५७/५८ सालदेखि भक्तपुरको भाजु पुखु निर्माणमा सक्रिय रहेका दुमरु भाजु पुखु जीर्णोद्धार र पुनर्निर्माण उपभोक्ता समितिका अध्यक्ष समेत हुन्। उनलाई अजय स्थापितले नेतृत्व गरेको रानीपोखरी पुनर्निर्माण उपभोक्ता समितिले सहयोग गरिरहेको छ।

भक्तपुरको भाजु पुखु, सिद्ध पोखरीलगायतका पोखरीमा काम गर्दा सफल रूपमा पानी अड्याउन सिपालु भइसकेका उनीहरू आखिर कसरी आइपुगे त रानीपोखरी पुनर्निर्माण गर्न ?

**सेनाको प्रवेश रोक्न भक्तपुरको अगुवाइ**

२०७२ साल वैशाख १२ गतेको भूकम्पका कारण काठमाडौंको रानीपोखरीबीचमा रहेको मन्दिर भत्कियो।

राष्ट्रपति विद्यादेवी भण्डारीले २०७३ माघ २ गते रानीपोखरी पुनर्निमार्णका लागि शिलान्यास गरिन्। तर, रानीपोखरी पुनर्निर्माणले फिटिक्कै गति लिन सकेन।

कहिले रानीपोखरीमा 'क्याफे' बनाउने चर्चा चल्यो त कहिले रानीपोखरीमा 'कंक्रिटका संरचना' बनाइएको खबर सार्वजनिक भयो। काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य र उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठबीचको द्वन्द्व पोखरीको अवस्था जस्तै सार्वजनिक भयो। रानीपोखरी पुनर्निर्माणको जिम्मा पाएको काठमाडौं महानगरपालिका र सरकार रानीपोखरी घाँसे मैदान बन्दासम्म मौन रहे।

गत साउन महिनाको सुरुवातमा रानीपोखरीको पुनर्निर्माण गर्ने जिम्मेवारी एकाएक नेपाली सेनालाई दिने समाचार बाहिरियो।

सेनालाई पुनर्निर्माणको जिम्मेवारी दिने खबर बाहिरिएसँगै त्यसको कडा विरोध भयो।




भक्तपुरको भाजु पुखु

यसैबीच, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन १३ मा काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाका मेयरहरूलाई बोलाई संयुक्त बैठक गरे ।

बैठकले काठमाडौं उपत्यकामा अवस्थित पुरातात्त्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका संरचनाहरू पुनर्निर्माणमा जनसहभागिता जुटाइ गर्ने निर्णय गऱ्यो । त्यही बैठकले सम्पदाहरूको पुनर्निर्माण गर्दा ऐतिहासिक प्रमाणहरू अध्ययन गर्दै परम्परागत शैलीमा नै पुनर्निर्माण गर्ने निर्णय गऱ्यो ।

नगर प्रमुखहरूलाई बोलाएर सम्पदा पुनर्निर्माणका सम्बन्धमा जनसहभागितलाई प्राथमिकता दिने भक्तपुर नगरपालिकाले सुरु गरेको अगुवाइ अन्ततः काम लाग्यो । काठमाडौं महानगरपालिकाले रानीपोखरीको पुनर्निमार्णको जिम्मेवारी सेनालाई नदिने भयो ।

भक्तपुरका मेयर सुनिल प्रजापति भन्छन्, 'हाम्रो सम्पदाहरूको पुनर्निर्माण गर्ने काम सेना वा ठेकेदारलाई दियो भने हाम्रो औचित्य नै समाप्त हुन्छ । त्यसैले मेयरहरूलाई बोलाएर ऐतिहासिक प्रमाण संकलन गरी जनताको सहभागितामा पुनर्निर्माणको काम गरौं भनेर भनेका थियौं ।'

त्यसपछि रानीपोखरी पुनर्निर्माणका धेरै प्रयास भए । तर, त्यसले मूर्तरूप लिन सकेन । अनि शहरको मध्य भागमा रहेको रानीपोखरी पुनर्निर्माण सबैभन्दा जटिल मुद्दा बनिरह्यो ।

यसैबीच सरकारले माघ १४ गते काठमाडौं महानगरपालिकालाई दिएको रानीपोखरी पुनर्निर्माणको जिम्मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई सुम्पियो ।

प्राधिकरणलाई अधिकार दिए पनि काष्ठमण्डप पुनर्निर्माणको जस्तै 'उपभोक्ता मोडेल' मा जाने कि ठेक्का दिएर रानीपोखरी पुनर्निर्माण गर्ने भन्ने प्रश्न खडा भयो ।

अन्ततः प्राधिकरणले चरणवद्ध रूपमा रानीपोखरी पुनर्निर्माण गर्ने तयारी गऱ्यो ।

'प्राधिकरण रानीपोखरी बनाउने विषयमा फेरि विवाद खडा गर्न चाहँदैन । स्थानीय तहले आफ्नो मातहतमा रहेको सम्पदा निर्माण गरोस् भन्ने हाम्रो इच्छा थियो । तर, त्यसो भएन । भक्तपुरले पहिलाका पोखरीहरू ब्युताउँने प्रयास गरिरहेको छ । परम्परागत शैलीमा रानीपोखरीमा पानी अड्याउने काममा उनीहरूमा निहीत दक्षतालाई प्रयोग गर्दै रानीपोखरी पुनर्निर्माणमा सहयोग गर्न भक्तपुर नगरपालिकासँग सहकार्य गर्न प्रस्ताव गऱ्यौं,' राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समिति सदस्य डा. चन्द्रबहादुर श्रेष्ठले भने ।



काठमाडौंका ६० जनालाई पानी जम्मा गर्ने शैलीको तालिम दिएर भक्तपुरका ४० जनासँगै करिब १०० जना लगाएर रानीपोखरीको काम अघि बढाउने तयारी प्राधिकरणले गरिरहेको समेत उनले बताए । यसले पोखरी बनाउने शिल्पीको सङ्ख्या पनि बढाउने छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत सुशील ज्ञवालीले भाजु पुखु निर्माणको अवस्थाबारे स्थलगत अवलोकन समेत गरेका थिए । भाजु पुखु निर्माण गरिरहेको भक्तपुर नगरपालिकालाई रानीपोखरी पुनर्निर्माणमा सहयोग गर्न ज्ञवाली आफैले प्रस्ताव गरेका थिए ।

हाल नेपालभरि बन्दै गरेका ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माणमा भक्तपुरको सक्रिय सहभागिता छ । रानीपोखरी सेनालाई दिने निर्णय हुँदा सचेत भएको भक्तपुर नगरपालिका रानीपोखरी पुनर्निर्माणमा आफै सहभागी हुने अवसर किन गुमाउथ्यो र ?

यसै पनि, धेरै मानिसलाई भक्तपुरमा समेत रानीपोखरी रहेको थाहा छैन । हाल सो पोखरी सेनाको नियन्त्रणमा छ । नगरपालिकाले सेनासँग सहकार्य गर्दै सर्वसाधरणका लागि पोखरी खुल्ला गराउने प्रयास अहिले पनि गरिरहेको छ ।

भक्तपुरको रानीपोखरी काठमाडौंको भन्दा ४० वर्ष अघि बनेको बताइन्छ ।

आफ्नै रानीपोखरी खुल्ला गर्न संघर्ष गरिरहेको नगरपालिका प्रमुख प्रजापतिले ज्ञवालीको प्रस्ताव सहर्ष स्वीकारे ।

काठमाडौंको रानीपोखरी सबै नेपालीको साझा पोखरी भन्दै भक्तपुरले सहयोग गर्न पाउँदा सबै भक्तपुरवासीले गर्व महसुस गरेको उनले बताए । भने, 'काठमाडौंको रानीपोखरी भक्तपुरको पनि सम्पत्ति हो । हामी इमानदारि पूर्वक काम गर्छौं । सक्दो जनशक्ति उपलब्ध गराएर

रानीपोखरी पुनर्निर्माणमा सहयोग गर्छौं। अनुशासित र व्यवस्थित तरिकाले रानीपोखरी पुनर्निर्माणमा सघाउँछौं।'

उनले चाहिएको खण्डमा मन्दिर र पुल पुनर्निर्माणमा सहयोग गर्न नगरपालिका तयार रहेको बताए।

उनले यसो भन्नुमा एउटा संयोग छ। त्यो हो भाजु पुखु र रानीपोखरीको बनावटको शैली।

प्रताप मल्लले वि.सं. १७२७ मा आफ्नो छोरा चक्रवतेन्द्रको मृत्युपछि आफ्नी रानीको मन बुझाउन बनाएको भनिएको रानीपोखरी र भक्तपुरको भाजु पुखु एकै पटक बन्दै गर्दा र भक्तपुरको मानिसहरू रानीपोखरीको पुनर्निर्माणमा सहभागी हुँदा इतिहासका पानाहरू फेरि पल्टिए।

**रानीपोखरी र भाजु पुखुको कनेक्सन**

काठमाडौं उपत्यकाभित्र मल्लकालमा धेरै सम्पदाहरूको निर्माण भए। आफ्नै दाजुभाइबीच राजनीतिक मात्र नभइ कला, संस्कृति र सम्पदा निर्माणमा समेत प्रतिस्पर्धा थियो। त्यही प्रतिस्पर्धाका आधारमा नेपाल मण्डल सभ्यता विकास भएको बताउँछन् संस्कृतिविद् पुरुषोत्तम लोचन श्रेष्ठ।

प्रताप मल्लले काठमाडौंमा निर्माण गरेको रानीपोखरी र भक्तपुरमा बनेको भाजु पुखु त्यही प्रतिस्पर्धाको उपज रहेको उनको तर्क छ। पाटनमा रहेको पिम्बहाः पुखु पनि यसैको उदाहरण हो।

पहिला रानीपोखरीको अनुकरण गर्दै भक्तपुरमा भाजु पुखु निर्माण भएको विश्वास गरिएको थियो। तर, उत्खननका क्रममा रानीपोखरी भन्दा भाजु पुखु ५०० वर्ष पुरानो भएको फेला परेको बताउँछन् श्रेष्ठ।

'प्रताप मल्लले भक्तपुर आक्रमण गर्दा यहाँका पोखरीहरू भत्काएका थिए। भक्तपुरको रानीपोखरीमा क्षति पुऱ्याउने उनी नै थिए। त्यसमा सायद भाजु पुखु समेत थियो। पछि उनैले काठमाडौंमा भाजु पुखुको नक्कल गर्दै रानीपोखरी बनाए,' उनले भने।

**भक्तपुरमा निर्माण हुँदै गरेको भाजु पुखु**

मल्ल कालमा राजापछि सबैभन्दा शक्तिशाली हुन्थे प्रधानमन्त्री कायस्थहरू। तिनै कायस्थहरू मध्ये भाजु कायस्थले बनाएको पोखरी हुँदा त्यसको नाम भाजु पुखु रहन गएको श्रेष्ठको दाबी छ। वि.सं. १७३८ सालमा गएको भूकम्पमा भाजु पुखुमा रहेको जलेश्वर मन्दिर पनि भत्किएको हुन सक्ने उनी बताउँछन्।

यस्तै १२ औं शताब्दीमा बनेको भाजु पुखुको अर्को किम्बदन्ती पनि रहेको छ।

रानीपोखरी पुनर्निर्माणमा भक्तपुरबाट अगुवाइ गरिरहेका कृष्णप्रसाद दुमरु भाजु पुखु एक रातमा बनेको कथन सुनाउँछन्। बीचमा रहेको थुम्का खन्न नसकेर पोखरी निर्माण अलपत्र रहेको उनको तर्क छ। तर, त्यसको आधार भने प्राप्त भएको छैन। यसो त सिद्ध पोखरीको पानी बढी भएर पानी संचय गर्न भाजु पुखुको निर्माण भएको किम्बदन्ती पनि छ।

२०५७/५८ सालमा नै भाजु पुखुको जीर्णोद्धार सुरु भएको थियो। तर, त्यसपछि जनप्रतिनिधि नहुँदा काम हुन सकेन। एक वर्ष अघि स्थानीय सरकार बनेपछि पुनः भाजु पुखु ब्यूँताउने प्रयास सुरु भएको नगर प्रमुख प्रजापति बताउँछन्।

त्यसका लागि दुमरुको नेतृत्वमा उपभोक्ता समिति समेत गठन गरियो। उत्खनन गर्दै जाँदा बीच भागमा बुट्टेदार इँटा भेटियो। त्यसैले एकै रातमा पोखरी बनेको कुरा कथनमात्रै रहेको दुमरु बताउँछन्।

'भाजु पुखु अनुसन्धानको विषय हो। त्यसैले गत वर्ष नै हामीले यहाँ कालो माटो बिछ्याइ सकेका थियौं। त्यसपछि पानी रहन्छ कि रहँदैन भन्ने परीक्षण गऱ्यौं। सिद्ध पोखरी र भाजु पुखुमा पानीको सतह परीक्षण गरेको आधारमा पानी जम्मा हुने निधो भयो,' उनले भने।

पुखुमा पानी जम्मा हुने निश्चित भएपछि ५ महिना अघिदेखि भाजु पुखु निर्माणले थप गति लिएको थियो। हाल पुखुमा पुल बनिसकेको छ।

रानीपोखरीमा जस्तै दैनिक करिब ४० जना स्थानीय भाजु पुखुमा पनि काम गर्दैछन्। पुखुको बीच भागमा उत्खनन गर्दै पुराना अवशेषहरूको पहिचान गर्दैछन्।

बीचमा रहेको थुम्को उत्खनन गर्दै जाँदा पुरानो शैलीमा निर्मित जग समेत फेला परेको छ। त्यस्तै मन्दिरको आकारसमेत फेला परेको छ।

दुमरु भन्छन्, 'भाजु पुखुको बीचमा भूकम्प प्रतिरोधात्मक रूपमा राखिएको काठ पाइयो। बुट्टेदार इँटामा 'बो सँला' (उड्ने घोडा) कुँदिएको पाइयो। 'बो सँला' शिखर शैलीमा बनेको मन्दिर भित्र प्रवेश गर्ने ढोकामा राख्ने चलन छ। यसैबाट त्यहाँ शिखर शैलीमा मन्दिर रहेको पुष्टि हुन्छ।'

भाजु पुखु निर्माणको क्रममा पहिला 'शिखर शैलीको मन्दिरमा चारैतिर बुर्जा' रहेको अनुमान गरिएको थियो। तर, पछि पश्चिमबाट पूर्व हुँदै भित्र जाने स्थानमा मात्रै 'बुर्जा' रहेको तथ्य फेला परेको बताउँछन् दुमरु।

काठमाडौंको रानीपोखरीमा बन्ने मन्दिरको शैली पनि अब ग्रन्थकुट (शिखर) शैलीमा नै बन्दैछ। पहिलाको रानीपोखरी भन्दा पृथक।

१९९० सालमा गएको भूकम्पमा रानीपोखरीमा क्षति पुग्यो। पछि जुद्ध शमशेरले त्यसको जीर्णोद्धार गरेको रानीपोखरीको जग उत्खनन गर्दा मन्दिरमुनिका भऱ्याङमा फेला परेको 'श्री ३ जुद्ध १९९१' कुँदिएका इँटाहरूले प्रस्ट पार्छ ।

जुद्ध शम्शेरले गुम्बज शैलीमा रानीपोखरी पुनर्निर्माण गरेका थिए। काठमाडौं महानगरपालिकाले गुम्बज शैलीमा


काठमाडौंको रानीपाखेरी

मन्दिर बनाउने भएपछि त्यसको विरोध भएको थियो।

प्रमुख प्रजापति भन्छन्, 'पर्सियाका राजकुमार वाल्डेमरले नेपाल भ्रमण गर्दा बनाइएको रानीपोखरीको चित्रले वास्तविक रानीपोखरीको चित्रण गर्छ। पुरानो प्रमाण नभेटिएको भए विवाद नै हुँदैन थियो। तर, प्रमाण भएसँगै पुरानै शैलीमा बनाउँदा राम्रो। हामीले उहाँहरूलाई यसबारे जानकारी गरेका छौं।'

देशको सम्पदाले इतिहास बोकेको हुन्छ भन्दै उनले हाल देशमा धेरै नारा सुनेको तर नयाँ पुस्तालाई के दियौं भनेर नसोचिरहेका बताए। भने, 'धरहरा पुनर्निर्माण होइन नव निर्माण भइरहेको छ। एउटा स्थानमा भएको सम्पदालाई अन्तै बनाउनुलाई पुनर्निर्माण भन्न मिल्दैन। इतिहास र सम्पदा जोगाउने हो भने जस्ताको त्यस्तै पुनर्निर्माण गरेर नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ। सम्पदाको ज्ञान नै नभएकाहरूले पुनर्निर्माण गर्दा सम्पदाको महत्त्व घट्न सक्छ। भक्तपुर त्यसप्रति जहिल्यै सचेत रहन्छ।'

पुनर्निर्माण प्राधिकरणले ग्रन्थकुट (शिखर) शैलीमा नै मन्दिर पुनर्निर्माण गर्ने निर्णय गरिसकेको छ। मन्दिर र पुलको काम भने ठेक्का मार्फत् गरिने बताइएको छ। भक्तपुरबाट आएकाहरूले हाल पर्खाल निर्माण, पहिचान र पोखरीमा पानी जम्मा गर्ने काम गर्नेछन्।

रानीपोखरीको बीचमा रहेको बाल गोपालेश्वर मन्दिरको निर्माणमा आधुनिक सामग्रीको प्रयोग गरिने छैन। पानी अड्याउन पुरानै शैलीमा कालो माटो बिछ्याइनेछ भने माटो, बालुवा, सुर्की र चुनाको प्रयोग गरी मन्दिर र पुल निर्माण हुनेछ।

रानीपोखरीमा पानी कहाँबाट अड्याउने भन्ने विषयमा विवाद भने कायमै छ। पहिला सातवटा ढुंगेधाराबाट रानीपोखरीमा पानी पठाउने गरिएको कथन छ। भोटाहिटी सब वे उत्खनन गर्दा भेटिएको ढुंगेधाराले त्यस कथनलाई प्रमाणित गर्छ। यस विषयमा अनुसन्धान हुनै बाँकी छ।

अहिले भने प्राधिकरणले रानीपोखरीमा पानी भर्न 'बोरिङ गरेर पानी राख्ने' वा 'मेलम्चीको एउटा लाइनबाट पानी ल्याउने' विषयमा छलफल गरिरहेको छ। तर, मेलम्ची वा बोरिङबाट नभइ प्राकृतिक रूपमा नै पानी जम्मा गर्ने प्रविधिबारे अनुसन्धान गर्न सम्पदाविद्हरूले जोड दिँदै आएका छन्।

दुमरुका अनुसार पोखरीको उत्तर भागमा प्राकृतिक रूपमै पानी जम्मा भइरहेको छ। यस्तै उत्खनन गरिएको क्षेत्रमा पानी रसाइरहेको देख्न सकिन्छ। यसबारे अनुसन्धान गर्न सके प्राकृतिक रूपमा तुलनात्मक रूपमा पानी जम्मा गर्न सक्ने उनी बताउँछन्।

प्राधिकरणले अर्को वर्षको भाइटीकासम्म रानीपोखरी पुनर्निमाण सकाउने लक्ष्य लिएको छ। भाजु पुखुको निर्माण पनि चाँडै सकाउने भक्तपुर नगरपालिकाको योजना छ।

एउटै शैलीमा बन्ने भए पनि काठमाडौं र भक्तपुरमा बन्दै गरेको प्रतिस्पर्धाका प्रतीक पोखरीमा केही भिन्नता रहनेछ।

आकारमा भक्तपुरको भाजु पुखु काठमाडौंको रानीपोखरीभन्दा सानो छ। तर, भाजु पुखुको संरचनामा केही विशेषता छ।

दुमरुका अनुसार 'भाजु पुखुमा उत्तर हेरेर पुलबाट भित्र आउने हो। तर, मन्दिरको बनोट भने पूर्व हेरेर भित्र जाने रहेको छ। रानीपोखरीमा यो विशेषता छैन। रानीपोखरी प्रवेश गर्न र मन्दिर प्रवेश गर्न एउटै दिशा अर्थात् पूर्वको बाटो प्रयोग हुन्छ।'

पुनर्निर्माणमा सबैभन्दा विवादित र समस्याबाट गुज्रिएको रानी पोखरीमा पानी भरिने अवस्था आउन अझै समय लाग्छ। तर, चौरमा परिणत भइसकेको पोखरी बन्नका लागि केही आधार भने तय भएको छ। कामै नभइ अलपत्र परेको ठाउँमा काम गर्नेहरूको भिडले भने आशाको सञ्चार गराएको छ। आशा गरौं -रानीपोखरीले छिट्टै स्वरूप लेवस्।

*(साभार-पहिलो पोस्ट, २८ फागुन २०७५)*

# जाग्यो रानीपोखरी पुनर्निर्माणको आश

• विशाल सापकोटा

शिलान्यास भएको तीन वर्षसम्म अलपत्र रहेको रानीपोखरीमा फागनु २० गते विहानै महिलाहरूको एउटा डफ्फा धमाधम झार उखेलिरहेको थियो।

केही पुरुषहरू उनीहरूलाई सघाइरहेका थिए, जसमध्ये एक थिए भक्तपुरका कृष्णप्रसाद दुमरु।

उनी पेशाले कालिगढ हुन्। उनकै नेतृत्वमा भक्तपुरको भाजुपोखरी उपभोक्ता समितिमार्फत जीर्णोद्धार भइरहेको छ। परापम्परागत शैलीबाट भाजुपोखरी जीर्णोद्धार गरेको देखेपछि पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीको अग्रसरतामा कृष्णप्रसादको टोलीलाई रानीपोखरीमा ल्याइएको छ।

'रानीपोखरी प्राधिकरणमार्फत बनाउने निर्णय गरेपछि भाजुपोखरीको पुनर्निर्माण कार्य हेरें,' ज्ञवाली भन्छन्, 'जसले काम गरिरहेका छन्, उनीहरूलाई नै ल्याउँदा सहज हुने देखें।'

२ माघ २०७२ मा शिलान्यास भएको रानीपोखरीको पुनर्निर्माण सुरुमा काठमाडौं महानगरपालिकाले पाएको थियो। तर, महानगरले ठेकदारमार्फत काम गराउँदा प्राचीन सम्पदा पुनर्निर्माणमा एकपछि अर्को लापरबाही भएको भेटियो।

ज्ञवाली दोस्रो पटक पुनर्निर्माण प्राधिकरणको सीईओ भएर आएपछि नेपाली सेनालाई बनाउने दिने बहस पनि भयो। तर, सेनालाई ठेकदार बनाउन नहुने मत आएपछि अन्ततः सरकारले मन्त्रिपरिषदमार्फत प्राधिकरणलाई जिम्मा दियो।

पुनर्निर्माण प्राधिकरणले आफैं बनाउने त होइन, त्यसैले ठेकदारलाई दिने कि उपभोक्ता समिति भन्ने लामै बहस भयो। तर, अन्ततः प्राधिकरणले उपभोक्ता समिति रोजेको छ। 'प्राचीन शैलीमा बनाउने भनेपछि पोखरीको पिंधमा विशेष खाले कामहरू गर्नुपर्ने रहेछ। ठेकदारमार्फत काम गराउँदा जोखिम हुने भएपछि उपभोक्ता समिति रोजेका हौं', ज्ञवाली भन्छन्, 'कामको अनुगमन गर्न पूरातत्त्व विभाग, महानगर सबैलाई राखेर अनुगमन समिति बनाएका छौं।'

**३ वर्षपछि जागेको आशा**

राष्ट्रपतिले शिलान्यास गरेको, सरकारले पनि प्रतिष्ठाको विषय बनाएको रानीपोखरी पुनर्निर्माण तीन वर्षसम्म अलपत्र थियो। झारले ढाकिएको पोखरी, बन्दाबन्दै अलपत्र छाडिएको बालगोपालेश्वर मन्दिरले रानीपोखरी खण्डहर जस्तो बनेको थियो।

महानगरले पोखरीको जगमा कंक्रिट हालेपछि सुरु भएको विवादले झन् अन्यौलता थपियो। यसले 'रानीपोखरी' भूकम्पपछिको पुनर्निर्माणमा भएको विलम्बको प्रतिविम्ब बनेको थियो। तर, भक्तपुरमा राम्रो काम गरेका कालिगढहरू ल्याएर उपभोक्ता समितिमार्फत काम थालेपछि नयाँ आश जागेको छ।

२०५८ सालदेखि प्राचीन सम्पदा पुनर्निर्माणमा सक्रिय दुमरु पनि रानीपोखरी पुनर्निर्माणको जिम्मा पाउँदा उत्साहित छन्। आफूहरूसँग भएको सीप र ज्ञान प्रयोग गरी रानीपोखरी पुनर्निर्माणमा अहोरात्र खटिने उनले बताए।

पुनर्निर्माण प्राधिकरणका अनुसार यो टोलीले पोखरीको पिंधको कामहरू गर्नेछ।

**भाइटीकासम्म पानी खसालिने !**

सोमबारदेखि सुरु भएको सफाइको काम एक हप्ताभित्र सकिनेछ। झण्डै एक फिट तलसम्म खनेर झार हटाइने प्राधिकरणका सम्पदा विज्ञ राजुमान मानन्धरले जानकारी दिए। त्यसपछि पोखरीमा रहेको पुरानो बालुवा निकालेर सुरक्षित ठाउँमा थुपारिनेछ। पोखरीमा झण्डै २ फिट बालुवा रहेको अध्ययनले देखाएको छ।

बालुवा निकालेपछि रानीपोखरीको तल्लो तहमा परम्परागत विधिअनुसार कालिमाटी राखिनेछ। साँखु, मध्यपुर, भक्तपुर क्षेत्रबाट कालिमाटी ल्याइनेछ। झण्डै १२ हजार क्युबिक मिटर माटो लाग्ने अनुमान गरिएको छ। कालिमाटीमाथि २ फिट पुरानो र ६ इन्च नयाँ बालुवा राखिनेछ। बालुवामाथि फेरि १८ इन्च कालिमाटी राखिनेछ, त्यसमाथि इँटाले सोलिङ गरिनेछ।

यसले पोखरी सफा गर्न सजिलो हुनेछ। 'यो सबै सिपेज (पानी नचुहिने) नहुने सुनिश्चित गर्न लागिएको हो',



प्राधिकरणका सीईओ ज्ञवालीले भनेका छन्।

काठमाडौं महानगरले रिटेनिङ पर्खाल लगाउन खाल्डो बनाउँदा बिग्रिएको पोखरीको सतहमा पानी अड्याउन पुरानै विधिअनुसार तल्लो तहमा कालिमाटी, त्यसमाथि बालुवा र फेरि कालिमाटीले लिप्न लागिएको सम्पदा विज्ञ मानन्धर बताउँछन्। पोखरीको पूर्वतर्फ एउटा बोरिङ राखेर ठाउँठाउँमा आकाशे पानी जमिनमा भण्डारण गर्न 'रेन वाटर क्याच पिट' बनाइनेछ।

यसका साथै रानीपोखरीमा पानी कायमै राख्न मेलम्ची खानेपानी आयोजनाको पाइपलाइनसँग जोड्ने विकल्प पनि खुला राख्ने पुनर्निर्माण प्राधिकरणको योजना छ। पुनर्निर्माणपछि रानीपोखरीमा ५ फिट ४ ईन्च पानी हुनेछ।

पोखरीको पर्खाल पनि परम्परागत शैलीबाट ईंटा, बालुवा र कालिमाटी प्रयोग गरेर बनाइनेछ।

महानगरपालिकाले बिगारेर बनाएको ढुंगाको रिटेनिङ वालमा मा अप्पा (प्राचिन ईंटा) ले छोपेर फुटपाथ लेवलमा लाइम कंक्रिटपछि मा अप्पाकै रेलिङ वाल बनाइने पुनर्निर्माण प्राधिकरणले जनाएको छ। पोखरी वरिपरी हिँडडुलका लागि ढुंगा बिछ्याइनेछ भने अन्यत्र बोटबिरुवा वा फूल रोपेर हरियाली बनाइनेछ।

यो काम आउँदो तिहारसम्म सक्ने प्राधिकरणको लक्ष्य छ। 'दिदी बहिनीले भाइटीका लगाइदिने थलो पनि भएकाले त्यस अगावै पोखरीमा पानी देखाएर एउटा सकारात्मक सन्देश दिने हाम्रो लक्ष्य छ', प्राधिकरणका सम्पदा विज्ञ मानन्धरले भने।

तर, वर्षाका बेला झण्डै १४० दिनसम्म पानी पर्ने हुनाले काम प्रभावित हुनसक्ने उनको भनाइ छ। काममा ढिलासुस्ती नगरी विवादमा उल्झेको रानीपोखरी पुनर्निर्माण गरी प्राधिकरणले सकारात्मक सन्देश प्रवाह गर्न चाहेको उनी बताउँछन्।

**मन्दिर र पुल भत्काइने**

रानीपोखरीको बीच भागमा रहेको बालगोपालेश्वर मन्दिर र त्यहाँ जाने पुल भत्काएर पुनः बनाइनेछ।

महानगरबाट खोसेर पुरातत्त्व विभाग आफैले बालगोपालेश्वर मन्दिर पुनर्निर्माण गरेको थियो। तर, प्यागोडा शैलीमा बनाउन यसलाई पनि भत्काइने भएको छ।

मन्दिरको जग भने पुरानै भएकाले चलाइने छैन। साथै पानीबाट जोगाउन वरिपरी ढुंगाको पर्खाल लगाइनेछ। यस्तै मन्दिर जाने पुल पनि भत्काएर नयाँ बनाइनेछ।

हालै गरिएको अध्ययनले पुलको जग खलबलिएको पाइएकाले भत्काउने निर्णय गरिएको सीईओ ज्ञवालीले जानकारी दिए। उनका अनुसार नयाँ पुलको डिजाइन पनि तयार भएको छ। पुलको जगदेखि पानीको सतहसम्म ड्राई ड्रेस स्टोन वाल लगाइनेछ भने बाहिरी भागमा पुरानै ईंटा (मा अप्पा) प्रयोग गरिनेछ।




पानीको सतहदेखि माथि पुलसम्म निर्माण गर्दा सम्भव भएससम्म पुरानै ईंटाको प्रयोग गर्ने, पुलको फूटपाथमा कालो ढुंगाले पेभिङ गर्ने र पुलको दायाँ र बायाँतर्फ दाचिअप्पा प्रयोग गरी १४ इन्चको पर्खाल निर्माण गर्ने प्राधिकरणको निर्णय छ।

रानीपोखरीको भित्री भागका कामहरू भक्तपुरबाट आएका कालिगढहरूले गर्ने छन् भने केही काम उपभोक्ता समितिले निर्माण कम्पनीहरूमार्फत सम्पन्न गर्नेछ। प्राधिकरणका सूचना अधिकारी मनोहर घिमिरेले यसै महिनाभित्र पुल र मन्दिरको पुनर्निर्माणका लागि बोलपत्र आह्वान गर्ने तयारी भइरहेको जानकारी दिए।

**रानीपोखरी परम्परागत शैलीको हुने**

काठमाडौं महानगरपालिकाले पुनर्निर्माणको जिम्मा पाएपछि मेयर विद्यासुन्दर शाक्यले बनाएको डिजाइनमा रानीपोखरीलाई आधुनिक बनाउने योजना थियो।

रानीपोखरीमा वाटर फाउन्टेन, छेउमा कफीसपदेखि शौचालय बनाउने समेत योजना बनेको थियो। तर, पुनर्निर्माण प्राधिकरणले अब यो सबैलाई हटाएको छ। सीईओ ज्ञवालीका अनुसार पोखरीमा वाटर फाउन्टेन हुनेछैन भने कफीसप, शौचालय निर्माण लगायतका सबै योजना हटाइएको छ।

अब बन्ने रानीपोखरी परम्परागत शैलीको हुनेछ भने बालगोपालेश्वर मन्दिर प्रताप मल्लकालीन ग्रन्थकुट शैलीको हुनेछ।

सुरुमा रानीपोखरी यस्तै थियो। तर, जंगबहादुर र जुद्ध शम्शेरको पालामा रानीपोखरीको स्वरूप हेरफेर भएको पाइन्छ। सम्पदाविद् सुदर्शनराज तिवारीका अनुसार वि.सं. १८९० को भूकम्पले शिखर शैलीको मन्दिर ढलेको थियो। जंगबहादुरको पालामा गुम्बज शैलीमा बनाइयो। १९९० सालको भूकम्पले फेरि क्षति पुग्यो। जुद्धशम्शेरले गुम्बज शैलीमा केही परिर्वतन गरे, जुन १२ वैशाख २०७२ को विनाशकारी भूकम्प आउनु अघिसम्म कायम थियो।

तर, अब रानीपोखरीमात्र होइन, बालगोपालेश्वर मन्दिरसमेत पुरानै शैलीमा बनाइने भएको छ।

*(तस्बिरहरू शंकर गिरी/अनलाइनखबरबाट)*

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
व्यासी, भक्तपुर-२

## शैक्षिक सत्र २०७६ को वार्षिक क्यालेण्डरसम्बन्धी सूचना !

यस नगरपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयहरुमा शैक्षिक वर्ष २०७६ को शैक्षिक कार्यक्रममा एकरुपता ल्याउन वार्षिक क्यालेण्डरमा समावेश गरिने कार्यक्रमहरु निम्नानुसार रहने निर्णय भएको व्यहोरा विद्यालय, अभिभावक, विद्यालयसँग सम्बन्धित सङ्घ/संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### परीक्षा कार्यक्रम

प्रथम त्रैमासिक परीक्षाको लागि ७८ कार्य दिन/पढाइ ७० दिन (परीक्षा: श्रावण २१ गतेदेखि २९ गतेसम्म)
द्वितीय त्रैमासिक परीक्षाको लागि ७८ कार्य दिन/पढाइ ७० दिन (परीक्षा: मंसिर १३ गतेदेखि २२ गतेसम्म)
वार्षिक परीक्षाको लागि ७८ कार्य दिन/पढाइ ७० दिन (परीक्षा: चैत १२ गतेदेखि २० गतेसम्म)
कक्षा १० Pre SEE (माघ १२ गतेदेखि २१ गतेसम्म)
कक्षा ३ र ५ को उपलब्धि परीक्षा (फागुन २९, ३० गते)
कक्षा ८ को आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा (चैत ५ गतेदेखि १४ गतेसम्म)
कक्षा १, २ र ३ को कक्षामा आधारित प्रारम्भिक कक्षा पठनसीप परीक्षण CBEGRA (फागुन २२ गते)

### बिदा

शनिबार - ५२ दिन
सार्वजनिक बिदा - १६ दिन (१ दिन शनिबार) (वैशाख १, १८, साउन ३१, भदौ २७, असोज ३, १८ – २२, कार्तिक १० – १२, मंसिर २६, माघ १६,फागुन ९, २५, २६, चैत ११ )
वार्षिक बिदा ४५ दिन (५ दिन शनिबारसमेत) (वैशाख २-५, वर्षे बिदा असार १५-३१ र साउन १-३, हिउँदे बिदा पुस ९-२९)
दशैं बिदा १० दिन (१ शनिबारसमेत), (असोज १२-१७ र २३-२६)
स्थानीय पर्व बिदा ६ दिन (वैशाख २६, साउन ३०, भदौ १३, कार्तिक १३, माघ १, चैत ३०)
भोटो देखाउने जात्रा एक दिन, तीज भदौ १६ गते (महिलालाई मात्र)

### विद्यालय सञ्चालन

कक्षा सञ्चालन वैशाख ६ गतेबाट
परीक्षा २४ दिन
कक्षा सञ्चालन २१७ दिन
पढाइ २१० दिन
रिजल्ट तयारी एवं वार्षिक कार्य योजना ७ दिन
विद्यालय खुल्ने २४१ दिन ( पढाइ २१० दिन + परीक्षा २४ दिन + वार्षिक परीक्षा पछि ७ दिन )

### कार्यक्रम

१) महत्त्वपूर्ण सूचना तथा जानकारी २) विद्यालयले सम्पन्न गर्नुपर्ने कार्य विवरण ३) अतिरिक्त क्रियाकलाप
४) बैठक ५) शैक्षिक तथ्याङ्क ६) शिक्षक, विद्यार्थी, अभिभावक, विव्यस, शिअसङ्घको आचारसंहिता
७) नगरस्तरीय अन्तरविद्यालय प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप

***नोट**: विद्यालय वा **विद्यालयसँग सम्बन्धित सङ्घ/संस्था**ले आफ्नो शैक्षिक कार्यतालिका बनाउँदा यस सूचनालाई आधार लिई तयार गर्नुहुन ।*

**नगर शिक्षा शाखा, भक्तपुर नगरपालिका**
**फोन नं.: ०१-६६१०११६**



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 35

To Ran Mal, the second son, he gave the territory and valley of Banepa, lying to the east of the Valley of Nipal, and bounded on the north by Sangahchuk, on the south by the forest of Medina Mal, on the west by Sangah, and on the east by the Dudh Kosi.

To Ratni, or Rattan Mal, the third son, he left the principality of Kathmandu; bounded on the east by the Baghmatti, on the west by the Trisulgunga, on the north by the mountain of Gosain Than and by the Kerang Pass, and on the south by the northern boundary of Patan.

To his daughter he gave the principality of Patan* (the refractory Rajah of which city had been subdued by Jai Ekshah Mal). Its limits were to the south the forest of Medina Mai, to the west the mountains of Lamadanda, to the north the southern line of Kathmandu, and to the east the Baghmatti.

During the two hundred years which elapsed from this division of the kingdom into three principalities, till its conquest and reunion by Prithi Narayan in 1769, although the power of the respective branches was constantly fluctuating, yet ascendency for the most part appears to have been maintained by the elder one, that of Bhatgaon.

Ranjit Mal (who reigned forty years) succeeded his father Bhupatindra Mal as King of Bhatgaon, and was the last of the Niwar kings who reigned over Nipal.

But little authentic or important is known of the events which occurred during the respective reigns of these Niwar kings. The principal facts recorded concerning any of them chiefly refer to the building of temples, darbars, powas, &c. Jait Mal, father of Jai Ekshah Mal, established weights and measures, and considerably enlarged the city of Bhatgaon. Bhupatindra Mal also added largely to Bhatgaon and to Thimi.

The want of information is not confined to our knowledge of the kingdom of Nipal alone, but applies still more strongly to all the other numerous states which at that time extended through the whole length of the Himalayas, from Bhotan to the Satlaj.

In the middle of the eighteenth century, when the British under Lord Clive were with difficulty establishing a firm footing in Bengal, that portion of the Himalayas which is now consolidated into the com- pact kingdom of Nipal was broken up into a number of petty principalities and small independent states, which, though constantly warring among themselves, had little or no connection with the plains of Hindustan. The vast tract of forest, and of marshy malarious land which skirts, almost uninterruptedly, the southern face of the Himalayas, from Assam in the far east almost to the Satlaj in the north-west, formed an insuperable bar to any regular intercourse between the nations of the plains and those of the hills.

Thus isolated from connection with Hindustan, the hill Rajahs and their subjects became, as it were, “a peculiar people.” Absorbed in their own internal affairs — at one time warring with neighbouring chiefs, at another occupied in pastoral pursuits or in hunting expeditions within their own territories — they knew little and cared less about the political changes and revolutions which were occurring in Bengal. Inhabiting a cool and bracing climate, they were physically far superior to the languid and enervated Bengalees. The virgin purity of their native soil had never been sullied by the foot of the foreign invader; they were the only Hindu states which had not been de- graded by Mohammadan conquest. Morally, therefore, as well as physically, they looked, and they still look, upon themselves as superior to any of the Hindus in the plains. These feelings induced a proud independence and energy of character,

(* The territories of Patan were the most extensive within the valley, as they also included Kirtipur and Thankot, besides Chitlong, Pherping, and Chisapani. Kirtipur at one time was the seat of an independent prince, but it was afterwards included within the possessions of the King of Patan.)

almost unknown in other parts of India. These mountaineers, one and all, were Hindus on principle and by descent; but they refused to be hampered by all the bigotry and prejudices of Brahmanical law. While they retained the sub- stance, they rejected much of the shadow of Hinduism, and openly disregarded many observances which were and are considered as essential by the more orthodox professors of that religion in the plains. Such conduct naturally gave great offence. The Hindu of the Himalayas began to be looked on by the Hindu of the plains very much in the same light that the Protestant is looked upon by the Roman Catholic. As the orthodox Roman Catholic calls the Protestant a "heretic," so the orthodox Brahman of Benares calls his brother Hindu of Nipal a "Pariah." These various differences in religion, in customs, in occupations, and in language engendered great bitterness of feeling between the races of the plains, and the races of the hills. The bigoted Hindus of Bengal held very little intercourse with the proud independent mountaineers whom they regarded as "aliens in religion, aliens in language, and aliens in blood." The hill tribes throughout the Himalayas — the natives of Sikkim, of Kiranti, of Nipal, of Gorkha, of Palpa, of Doti, of Kamaon, of Garhwal, and of Sarmur — saw their Hindu countrymen of the plains one after another subdued by a handful of British soldiery ; but, undisturbed in the seclusion of their own mountain fastnesses, they were indifferent spectators to the struggles which were going on, and never directly or indirectly interfered or offered to assist, in stemming the tide of European conquest. This neutrality on their part with respect to the general politics of India was the result, not of any system of policy, but of their feeling that they were so shut out by natural and, as they considered, impenetrable, barriers from the rest of the world, that they felt no interest in the momentous struggle which was revolutionizing Hindustan.

The people of the plains regarded the hill tribes in the same manner. They felt no interest in their movements. They looked on the sturdy mountaineers as formidable in their own hills, but as not dangerous elsewhere. The vast forests and the malarious Tarai beyond which they lived would, they knew, prevent the hillmen from making incursions, beyond mere border forays, into the plains. They knew that the vast mountain regions extending from the Brahmaputra to the Satlaj were as inhospitable as they were extensive; that the towns were but few, the population poor, but yet such as were to be dreaded when fighting in defence of their hearths and homes; in fact, they were fully aware that there was nothing in the whole tract to tempt their cupidity, to gratify their love of plunder, or to repay them for the dangers and hardships of mountain warfare.

The natives of the plains, therefore, although they could not altogether ignore the existence of the hill tribes, yet looked on them politically as hors de com- bat. The indifference which the hillmen displayed towards the politics of Hindustan was, therefore, abundantly returned by the natives of the plains, who felt utterly unconcerned in the fierce contests which were constantly occurring, especially towards the middle and close of the eighteenth century, between rival hill Rajahs of whose names even they were ignorant, or between petty principalities of whose existence they were hardly aware.

It is in a great measure owing to this feeling of indifference that we now know so little of the separate and individual states of which this vast mountain republic, extending over territory upwards of eight hundred miles in length, was composed. The names even of many of them are forgotten ; the origin of the state of Gorkha, the most warlike and powerful among them, is little better than conjectural; and of the Niwar kingdom of Nipal itself — the most important, the most populous, and the most highly civilized of them all, and the only one which had any regular intercourse with the plains — we cannot say we know with certainty anything of its annals, or of its people, until towards the close of the eighteenth century, when, the British power being firmly established in Bengal, the last prince of the Niwar dynasty, in his last efforts against Gorkha aggressions, appealed to our arms for ' aid in expelling the Gorkha invader from the Valley of Nipal.

**(To be continued)**

# नेपालको संविधान २०७२ (४२)

## भाग – ३२

## विविध

**२७५. जनमत संग्रह सम्बन्धी व्यवस्था :** (१) राष्ट्रिय महत्त्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ।

(२) जनमत संग्रह र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

**२७६. माफी :** राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानून बमोजिम माफी, मुल्तवी, परिवर्तन वा कम गर्न सक्नेछ।

**२७७. उपाधि, सम्मान र विभूषण :** (१) राष्ट्रपतिले राज्यको तर्फबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषण प्रदान गर्नेछ।

(२) नेपाल सरकारबाट स्वीकृति प्राप्त नगरी नेपालको कुनै नागरिकले कुनै विदेशी सरकारबाट प्रदान गरिने उपाधि, सम्मान वा विभूषण ग्रहण गर्नु हुँदैन।

**२७८. सन्धि सम्पन्न गर्ने अधिकार :** (१) सन्धि वा सम्झौता गर्ने अधिकार संघमा निहित रहनेछ।

(२) प्रदेशको अधिकारको सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा नेपाल सरकारले सम्बन्धित प्रदेशसँग परामर्श गर्नु पर्नेछ।

(३) प्रदेश मन्त्रिपरिषदले नेपाल सरकारको सहमति लिई आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता गर्न सक्नेछ।

**२७९. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन :** (१) नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानून बमोजिम हुनेछ।

(२) उपधारा (१) बमोजिम कानून बनाउँदा देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतले गर्नुपर्ने शर्त राखिनेछ :-

(क) शान्ति र मैत्री,
(ख) सुरक्षा एवं सामरिक सम्बन्ध,
(ग) नेपाल राज्यको सीमाना, र
(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड।

तर खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्नेछ।

(३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपालको हकमा लागू हुने छैन।

(४) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको भौगोलिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन।

**२८०. राष्ट्रपतिको कार्य गर्ने सम्बन्धी विशेष व्यवस्था :** यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपति दुवैको पद रिक्त भएमा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन भई कार्यभार नसम्हालेसम्म यस संविधान बमोजिम राष्ट्रपतिबाट गरिने कार्य प्रतिनिधि सभाको सभामुखले सम्पादन गर्नेछ।

**२८१. विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन :** नेपाल सरकारले प्रत्येक दश वर्षमा हुने राष्ट्रिय जनगणनासँगै महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकांकको आधारमा समीक्षा तथा पुनरावलोकन गर्नेछ।

**२८२. राजदूत र विशेष प्रतिनिधि :** (१) राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ।

(२) राष्ट्रपतिले विदेशी राजदूत तथा कूटनीतिक प्रतिनिधिबाट ओहोदाको प्रमाणपत्र ग्रहण गर्नेछ।

**२८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने :** संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ।

**२८४. संवैधानिक परिषद सम्बन्धी व्यवस्था :** (१) यस संविधान बमोजिम प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमका अध्यक्ष र सदस्य रहेको एक संवैधानिक परिषद रहनेछ :-

(क) प्रधानमन्त्री –अध्यक्ष
(ख) प्रधान न्यायाधीश –सदस्य
(ग) प्रतिनिधि सभाको सभामुख –सदस्य
(घ) राष्ट्रिय सभाको अध्यक्ष –सदस्य
(ङ) प्रतिनिधि सभाको विपक्षी दलको नेता –सदस्य
(च) प्रतिनिधि सभाको उपसभामुख –सदस्य

(२) प्रधान न्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषदमा नेपाल सरकारको कानून तथा न्याय मन्त्री सदस्यको रूपमा रहनेछ।

(३) संवैधानिक परिषदले प्रधान न्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महीना अगावै यस संविधान बमोजिम नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ।

तर मृत्यु भई वा राजीनामा दिई त्यस्तो पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले एक महीनाभित्र पदपूर्ति हुने गरी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

(४) संवैधानिक परिषदको अन्य काम, कर्तव्य र अधिकार तथा प्रधान न्यायाधीश वा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको नियुक्ति सम्बन्धी कार्यविधि संघीय कानून बमोजिम हुनेछ।

(५) नेपाल सरकारको मुख्य सचिवले संवैधानिक परिषदको सचिव भई काम गर्नेछ। (क्रमशः)

## तपाईंको भान्छा

# पायल्समा के खाने, के नखाने ?

दिसा गर्दा रगत आउँछ, मासु पलाएको छ, दुख्छ, फाटेको, फुलेको या सुन्निएको छ, मलद्वार चिलाउँछलगायतका समस्या आम मानिसमा सुनिन्छ। कसैको त पीप बग्छ, अंगुरका झुप्पाजस्तो पलाएको छ, रातो डल्लो छ भन्ने सुनिन्छ। यही रोग नै पायल्स हो। कसैलाई यो रोग लाग्दा रगत आउँछ भने कसैलाई आउँदैन।

### पायल्स हुनुको कारण

पायल्स हुनुको मुख्य कारण खानपान र जीवनशैली नै हो। पानी कम खाने, हरियो सागपात नखाने, शारीरिक व्यायाम कम गर्ने, धेरै ब्रत बस्ने, चिया बढी पिउने, माछामासु तथा सुख्खा चीज जस्तै चाउचाउ, बिस्कुट, चाउमिन बढी खाने, अनियमित खानपान, अनिद्रा, धेरै तनाव लिने, रक्सी, चुरोट, सूर्तिको अत्यधिक प्रयोग, कलेजोको खराबी, तथा भुटे-तारेका कुरा बढी खाने गर्नाले पायल्स तथा दिसाबाट रगत आउने, मासु पलाउनेजस्ता समस्या बढी हुन्छ।

दिसा कब्जियत, वा दिसा थोरै आउनु, गोटा पर्नु, नियमित दिसा नहुनु, दिसा तथा पाद रोक्नु, दिसा पिसाब लागेको बेलामा नगर्नु, अत्यधिक गर्मी वातावरणमा बस्नु, चिल्लो तथा तेलको प्रयोग बढी हुनु, पायल्स रोगको कारण हो। शरीरलाई आवश्यकभन्दा बढी खानु, तनाव लिनु तथा जीवनशैली एकनासको नभएका कारण पायल्स हुन्छ।

### पायल्सका लागि खानुपर्ने

पानी प्रशस्त पिउने, हरियो सागपात काँचै खाने, फलफुल खाने, चोकरसहितको गहुँको पिठो, रोटी, जौ, ब्राउन राइस, रहर तथा मुगको दाल खाने।

खानासँग मुला, काँक्रो, गाजर खाने, नरिवल, अनार, स्याउ, बेलजस्ता फलफुल, करेला, धनिया, लौका खानु राम्रो हुन्छ। कब्जियत हुन नदिने, हरेक दिन शारीरिक व्यायाम गर्ने, आफ्नो पिसाबले गुद्वार धुने, एक गिलास गाइको दूधमा आधा कागती निचोरेर तुरुन्त खाँदा कसैकसैलाई रगत तथा पीप आउने जस्ता समस्या ठीक भएका छन्। नरिवलको बाहिरको जटा डढाएर एक चिम्टी खरानी र दुबोको २ चम्चा रस घोलेर बिहान बेलुका एक गिलास मनतातो पानीसंग खाँदा सन्चो भएको पाइएको छ।

कसैलाई मुलाको बिउ कुटेर तोरीको तेलमा फिटेर दिसा गरिसकेपछि लगाउँदा निको हुन्छ। कसैलाई फिटकिरी एक टुक्रा राखेर दश लिटर जति पानीमा दिनको दश मिनेट बस्दा धेरै आराम मिल्छ। नियमित रूपमा योग गर्दा पनि सन्चो हुन्छ। यो समस्याको नआत्तिइकन उपचार गर्नुपर्छ। औषधि उपचारबाट निको हुन केही समय लाग्न सक्छ। शल्यक्रिया पनि अन्तिम उपचार भने होइन। कहिलकाँही शल्यक्रियापछि पनि समस्या बल्झिएको र निको नभएको पाइन्छ।

### पायल्सका बिरामीले के नगर्ने के नखाने ?

पिरो, चिल्लो तथा मसला बढी भएको, माछामासु, बासी खानेकुरा, कालो दाल, अदुवा, अमिलो, चना, भन्टा, आलु, बोतलबन्द कुराहरू, पुरानो अचार, रेडिमेड खानेकुरा, चियाकफी, चुरोट रक्सी जस्ता चिज उपभोग नगर्ने, स्त्री सम्भोग कम गर्ने, खाली पेट नबस्ने, बिहान अबेरसम्म नसुत्नेलगायतका कुरामा ध्यान दिए पायल्स हुनबाट बचिन्छ। भइसकेपछि पनि छिटो निको हुन्छ।

### विशेष गर्नुपर्ने कुराहरू

पायल्सका बिरामीले हप्तामा एकपटक वा आवश्यकताअनुसार पेट सफा गराउने, पेट हल्का राखी उपचार गर्नु एकदम राम्रो विधि हो। एकदम कम र हल्का खाने, शरीरले पचाउन सक्ने गरी खानुपर्छ।

हप्तामा दुई तीनदिन शुरुमा रोग बढेको अवस्थामा एकदिन बिराएर फलफूलको रस वा पानीमात्र खाएर बस्नुपर्छ। डाक्टरको सल्लाहअनुसार केही राम्रो भएपछि बिस्तारै काँचै खानेकुरा खाएर बस्ने, पेटलाई हलुंगो बनाएर औषधि गर्दै जाने। यस्तै, पिपलको बोक्रा मसिनो बनाएर सुकाएर पिस्ने, शुद्ध तोरीको तेलमा मिसाएर नियमित बिहानबेलुकी मासु बढेको ठाउमा एकदेखि तीन महिनासम लगाएमा बिस्तारै सुक्दै जान्छ।

*(स्रोत : डा. विष्णु चापागाईंको 'भान्छाको डाक्टर' बाट)*

c1fgLxÊ /f]ub]v 8/fp5g\
dVx{Ê /f]unf0{a]f:tf u5g\
al4dfgxÊ /f]ub]v ;ts{/xG5g\
;kmf ug{afgL a;fnf}+
/f]ub]v 6f9f a;f}+.

**बसिबियाँलो (पृष्ठ ७१) को उत्तर**



# आ.व. २०७५/७६ फागुन महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ३३७ | ३०५ | ३७९ | ३५३ | ३८४ | ३०७ | ३३३ | ४०८ | ३८६ | ३९८ | ४८४ | ३६५ | ३६६ | ३६४ | ३६१ |
| सार्क तथा चिनियाँ | ६५१ | ३८५ | ४१४ | ४०६ | ३२३ | ३५२ | ३९६ | ३७३ | २५४ | २४४ | ४१० | २५५ | १६३ | ३५४ | २८४ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ४०० | ३६० | ४९२ | ३०८ | ६४० | ३०३ | ४९८ | ३५१ | ४४८ | ४९९ | ४२३ | ३३२ | ५६० | ४१५ | ३६२ |
| सार्क तथा चिनियाँ | २८८ | १८३ | ३४८ | २७१ | ४२४ | २५३ | १९४ | २४३ | २९३ | ४६८ | २८२ | ३५३ | ३१३ | ३२६ | ३५६ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ फागुन | ११,९२१ | ९,८५९ | २१,७८० |
| २०७४ फागुन | ११,५५७ | १०,६०८ | २२,१६५ |
| प्रगति | ३६४ (३.१५%) | - ७४९ (- ७.०६%) | - ३८५ (- १.७४%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# भाजु पुखुको इतिहास सच्चिंदै

भक्तपुरको भाजु पुखु अर्थात भाजु पोखरीबारे नयाँ तथ्य फेला परेको छ। चौरमा परिणत भएको, फोहोर फाल्ने थलो बनेको, अतिक्रमणको चपेटामा परेको भाजु पोखरीबारे विभिन्न 'कथा' हरू पढ्न पाइन्छ। मल्ल शासनकालका भारदार अर्थात भारो अर्थात भाजु या प्रधानमन्त्री भागीराम कायस्थ (कस) ले बनाउन लगाएको भनिएको उक्त पोखरी सँगैको सिद्ध पोखरी अर्थात तःपुखुको पानी सुकाउन एक रातमा बनाइएको भन्ने 'कथा' छ। अर्को कथा काठमाडौंको रानी पोखरीको नक्कल गरिएको भन्ने पनि छ। तर हालैको अध्ययनले नयाँ कुरा प्रकाशमा आएको छ।

भक्तपुर नपाले सम्पदाहरू संरक्षण गर्ने क्रममा जनसहयोगमा थुप्रै कार्य गर्दै आएको छ। यसै क्रममा भाजु पुखुको संरक्षण गर्न सफाइ गर्नुका साथै पानी भर्ने कार्य थालनी गऱ्यो। त्यसो त २०५९ सालमा पनि त्यसको संरक्षण कार्य थालिएको थियो। त्यस कार्यबाट पोखरीको बीचको थुम्कोमा मन्दिर जस्तो केही रहेको फेला पऱ्यो र थप उत्खनन पनि गरियो। तर राजनीतिक परिवर्तनले अर्थात 'प्रतिगमनको बीजारोपण' गर्न तत्कालीन सरकारले चुनाव नगराउँदा र जननिर्वाचित प्रतिनिधिहरूको पदावधि पनि नथपिन्दा भाजु पुखु पुनः बेवारिसे हुनपुग्यो।

स्थानीय तहको निर्वाचनपछि भक्तपुर नपाले भाजु पुखुको संरक्षण कार्यलाई निरन्तरता दियो, अध्ययननुसन्धानको लागि कार्यदल गठन गऱ्यो। उक्त कार्यदलले दिएको प्रारम्भिक प्रतिवेदअनुसार उक्त पोखरी इस्वीको बाह्रौं शताब्दीमा निर्माण भएको देखिएको छ। यसबारे अन्तिम प्रतिवेदनमा थप तथ्य-प्रमाण खोज्ने भएको छ।

हालै गरिएको उत्खननमा थुम्को मन्दिरको भग्नावशेषमा फेला परेका सामग्रीहरूमा बाह्रौं शताब्दी र सत्रौं-अठारौं शताब्दीका भेटिएका छन्। पाँच-छ शताब्दीको फरक सामग्री भेटिनुमा मन्दिरको पछिल्लो पटक पुनःनिर्माण वा जीर्णोद्धार गर्दा कहिं कतैको बाह्रौं शताब्दीका इँटालगायतका सामान त प्रयोग गरिएन ? यसतर्फ कार्यदलको गम्भीर ध्यानाकर्षण गर्नु अन्यथा नहोला।

इतिहास सच्याउने काम निश्चय पनि सरल हुने छैन र असम्भव पनि नहोला। यसको निम्ति कार्यदलको थप समय र श्रम आवश्यक त छ नै साथै कार्यदल कै आकार पनि बढाउनु पर्ने हो कि ? त्यसबाट अन्तिम प्रतिवेदन छिट्टै आउने, बलियो तथ्य-प्रमाणले प्रतिवेदन विवादरहित बन्ने आशा सबलीकरण हुने देखिन्छ।

आशा छ, अन्तिम प्रतवेदनले भाजु पुखुबारे नयाँ इतिहास रच्नेछ।



भक्तपुर नगरपालिकाबाट योसिख्योको बाटोमा ढुङ्गा बिछ्याईदै



भक्तपुर नगरपालिकाद्वारा कमल विनायक बसपार्कमा ढलान गरिदै ।



भक्तपुर नगरपालिकाबाट तौमढीको प्रसिद्ध भैरवनाथ मन्दिरको जीर्णोद्धार कार्य जारी ।